मङ्सिर - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क १६ | २०८१ मङ्सिर १६-३० | पूर्णाङ्क ७७८



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्पु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ६ | १२ |
| संयुक्त इजलास | ४ | इजलास नं. ९ | १५ |
| इजलास नं. १ | ७ | इजलास नं. ११ | ४ |
| इजलास नं. ४ | १३ | इजलास नं. २१ | २ |
| इजलास नं. ५ | ४ | इजलास नं. | |
| **जम्मा** | **२८** | **जम्मा** | |

**कूल जम्मा २८ + ३३ = ६१**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ। यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८...,  ... .... – १ वा २, पृष्ठ ....**

**(साल)  (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, मङ्सिर – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

## सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ३** |
| १. | बन्दी प्रत्यक्षीकरण | विनोदराम वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | नारायण लिम्बू वि. उच्च अदालत विराटनगर, इलाम इजलाससमेत | १ |
| ३. | पर्खाल टहरा भत्काई जग्गा खिचोला मेटाई चलनसमेत चलाइपाऊँ | गणेशदास श्रेष्ठ वि. दुर्गादेवी पाण्डे, दुर्गादेवी पाण्डे वि. गणेशदास श्रेष्ठ | २ |
| ४. | अंशदर्ता | रामवतीदेवी साहसमेत वि. विश्वनाथ साह गुप्ता | २ |
| **इजलास नं. १** | | | **३ - ८** |
| ५. | जबरजस्ती करणी तथा हाडनाता करणी | परिवर्तित नाम बाह्रबिसे 'घ'-१ वि. परिवर्तित नाम बाह्रबिसे 'ङ' को जाहेरीले नेपाल सरकार | ३ |
| ६. | जबरजस्ती करणी | तिलक दर्जी वि. नेपाल सरकार | ४ |
| ७. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. राजु तामाङसमेत | ५ |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अर्सुल मिया धोवी | ५ |
| ९. | कर्तव्य ज्यान | चिरञ्जिवी अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि. चन्द्रबहादुर अधिकारीसमेत | ६ |
| १०. | टिप्पणी आदेश बदर दर्ता बदर दर्ता कायम | मुस्तुफा मियाँसमेत वि. नेपाल सरकारको सचिव मन्त्रिपरिषद् सचिवालय सिंहदरबार काठमाडौंसमेत | ६ |
| ११. | जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ | आरती सोनार वि. पवित्रादेवी मिश्राइनी | ७ |
| **इजलास नं. ४** | | | **८ – २०** |
| १२. | उत्प्रेषण | प्रबन्धक सन्तोष दाहाल वि. काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० थापागाउँ नयाँ बानेश्वरस्थित विद्युत् महसुल निर्धारण आयोगसमेत | ८ |
| १३. | उत्प्रेषण | दुर्गादेवी शिवाकोटी वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगर, काठमाडौंसमेत | ९ |
| १४. | परमादेश | सन्तोष दास वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी | १० |

| | | | |
|---|---|---|---|
| १५. | उत्प्रेषण, परमादेशसमेत | राहुल शाह वि. डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत | ११ |
| १६. | उत्प्रेषण | मिरा महर्जन वि. श्रम तथा रोजगार मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | ११ |
| १७. | उत्प्रेषण, परमादेश | हरिबहादुर थापासमेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग ललितपुर, चाकुपाटसमेत | १२ |
| १८. | उत्प्रेषण | रामविनोद यादव वि. शिक्षक सेवा आयोग, क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल, हेटौंडासमेत | १३ |
| १९. | बन्दी प्रत्यक्षीकरण | कपिल श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत | १४ |
| २०. | बन्दी प्रत्यक्षीकरण | सुनिताकुमारी राउत वि. उच्च अदालत विराटनगरसमेत | १५ |
| २१. | बन्दी प्रत्यक्षीकरण | सुरेश नाथ वि. उच्च अदालत पाटनसमेत | १६ |
| २२. | उत्प्रेषण | दिपक पोखरेल वि. उच्च अदालत, विराटनगरसमेत | १७ |
| २३. | जबरजस्ती करणी / हाडनाता | परिवर्तित उपनाम ध-२ को पुरूष वि. ध उपनाम गरेकी विवाहित महिलाको जाहेरीले नेपाल सरकार | १८ |
| २४. | परमादेश / निषेधाज्ञा | प्रा. भुषण श्रेष्ठ वि. डा. गोविन्द सिंह विष्ट, प्रा.डा. द्धिराज भट्ट वि. डा. गोविन्द सिंह विष्ट | १९ |
| **इजलास नं. ५** | | | २० – २३ |
| २५. | जबरजस्ती करणी | नेपाल सरकार वि. ठगीराम डाँगी, ओपेन्द्र भण्डारीसमेत वि. नेपाल सरकार | २० |
| २६. | उत्प्रेषण / परमादेश | विक्रम श्रेष्ठ (जुवा) वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | २२ |
| २७. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. विशाल पण्डित | २२ |
| २८. | कर्तव्य ज्यान | नन्दराम ओली वि. नेपाल सरकार | २३ |
| **इजलास नं. ६** | | | २४ – ३२ |
| २९. | सूचनाको हकसम्बन्धी | रामपुकार रौनियार वि. पिताम्बर अधिकारीसमेत | २४ |

| | | | |
|---|---|---|---|
| ३०. | बन्दी प्रत्यक्षीकरण | ब्रजेश उपाध्याय वि. उच्च अदालत पाटनसमेत | २५ |
| ३१. | जग्गा खिचोला चलन, घर उठाइपाऊँ | भवानीप्रसाद भण्डारी वि. मायादेवी सुवेदीसमेत | २५ |
| ३२. | नामसारी दाखिल खारेज दर्ता बदर दर्ता | कृष्णबहादुर श्रेष्ठ वि. नविनबहादुर श्रेष्ठसमेत | २६ |
| ३३. | लिखत दर्ता बदर दर्ता | कृष्णबहादुर श्रेष्ठ वि. नविनबहादुर श्रेष्ठसमेत | २७ |
| ३४. | लागुऔषध (ब्राउन सुगर) | नेपाल सरकार वि. मुन्नालाल नाउसमेत, मोहम्मद उमर राई वि. नेपाल सरकार | २७ |
| ३५. | उत्प्रेषण | उग्रह चौधरी वि. कपिलवस्तु जिल्ला अदालत, तौलिहवासमेत | २८ |
| ३६. | अपुताली नामसारी दा.खा. निर्णय बदर अपुताली नामसारी दर्ता हक कायम चलन | मेहरवती राजवंशी वि. हरिलाल राजवंशीसमेत | २९ |
| ३७. | दोहोरो दर्ता | रन्जन शर्मा वि. पशुपति अमालकोट कचहरीको कार्यालय, देवपत्तन, काठमाडौंसमेत | २९ |
| ३८. | उत्प्रेषणसमेत | मिनबहादुर मल्ल वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | ३० |
| ३९. | बहुविवाह | दिपककुमार भण्डारी वि. नेपाल सरकार | ३१ |
| ४०. | बन्दी प्रत्यक्षीकरण | सिन्की लामा वि. मानव बेचबिखन अनुसन्धान ब्युरो, बबरमहल, काठमाडौंसमेत | ३१ |
| **इजलास नं. ९** | | | ३२ – ५२ |
| ४१. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. सागर कोइरालासमेत | ३२ |
| ४२. | कर्तव्य ज्यान | मिलन तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. अशोक तामाङसमेत, अशोक तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. अमर तामाङ | ३३ |
| ४३. | उत्प्रेषणसमेत | मधुसुदन शारदासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत | ३५ |
| ४४. | डाक लिलाम बदरसमेत | महेन्द्रप्रसाद यादव वि. ककुलतीदेवी मोरवैतासमेत | ३६ |

| | | | |
|---|---|---|---|
| ४५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बलिरामदास थारूसमेत | ३८ |
| ४६. | निर्णय दर्ता बदर | सुर्यबहादुर श्रेष्ठसमेत वि. केशवलाल श्रेष्ठ | ३९ |
| ४७. | कर्तव्य ज्यान | कमल लामिछाने वि. नेपाल सरकार | ४० |
| ४८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रविन्द्रकुमार दर्लामी मगरसमेत | ४१ |
| ४९. | ज्यान मार्ने उद्योग | मिङमार शेर्पा वि. नेपाल सरकार | ४२ |
| ५०. | उत्प्रेषणयुक्त परमादेशसमेत | विश्वम्वरलाल प्रधान वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४४ |
| ५१. | उत्प्रेषण / परमादेशसमेत | रेवती पोखरेल वि. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कोशी प्रदेश, विराटनगरसमेत | ४६ |
| ५२. | रहजनी चोरी | ग्याल्बु घले वि. नेपाल सरकार | ४७ |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लिलावती कुँवरसमेत, लिलावती कुँवरसमेत वि. नेपाल सरकार | ४९ |

| | | | |
|---|---|---|---|
| ५४. | बिनाइजाजत काठ ओसारपसार | गोपी खड्का वि. नेपाल सरकार | ५० |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवेन्द्र खरेलसमेत | ५१ |
| **इजलास नं. ११** | | | ५२ – ५७ |
| ५६. | बन्दी प्रत्यक्षीकरण | गणेश श्रेष्ठ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत | ५२ |
| ५७. | छुट जग्गा दर्ता | मालपोत कार्यालय उदयपुर, गाइघाट वि. देविलाल चौधरी | ५३ |
| ५८. | जबरजस्ती करणी | हेमराज विश्वकर्मा वि. नेपाल सरकार | ५५ |
| ५९. | भन्सार शुल्क लिने गरेको आदेश (निर्णय) बदर (आ.व.२०७१ /०७२) | दिव्यराज पोखरेल वि. प्रदिपकुमार रुङ्गटा | ५६ |
| **इजलास नं. २१** | | | ५७ – ६० |
| ६०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गुप्तबहादुर लामा | ५७ |
| ६१. | कर्तव्य ज्यान र चोरी | नेपाल सरकार वि. राजु बस्नेतसमेत, नेपाल सरकार वि. राजु बस्नेतसमेत | ५८ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१७१, बन्दीप्रत्यक्षीकरण, विनोदराम वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

निवेदकले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर २४ वर्षको भनेको र अदालतमा बयान गर्दा २५ वर्षको भनी लेखाएकोले सो बयानलाई अन्यथा प्रमाणित नगरेसम्म उक्त बयानलाई अदालतले शंका गर्नुपर्ने अवस्था रहेन । प्रमाण ऐन, २०३१ को दफा ३४(१) मा "कुनै व्यक्तिले लेखेर वचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिका बिचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो थिएन वा होइन भनी निजले खण्डन गर्न पाउने छैन" । निवेदकले बोलेर (वचनले) अदालतमा आफ्नो उमेर २५ वर्ष भनी लेखाएकोले निज निवेदकलाई उक्त बयानमा उल्लिखित उमेर होइन भन्न नपाउने गरी निज निवेदक विबन्धित भइसकेको भनी माथि उल्लिखित ऐनले स्पष्ट गरेकोले निवेदन जिकिरलाई आधार मानी निजको उमेर १७ वर्षको भनी मान्न मिल्ने देखिएन । एक पटक साधिकार निकायमा आफूखुसी गरेको बयानमा प्रकट गरेको कुरा पछि होइन छैन भन्न नपाउने विबन्धनको सिद्धान्तसमेतका आधारमा यी निवेदकले मौकामा र अदालतमा समेत गरेको बयानमा निजको उमेर नाबालक भएको नदेखिँदा प्रस्तुत निवेदन जिकिरका सम्बन्धमा थप व्याख्या र विश्लेषण गरिरहनुपर्ने देखिन आएन । अर्कोतर्फ निवेदक साच्चिकै नाबालक भएको भए समयमै नाबालकको सुविधा माग गरी निवेदन दिनुपर्नेमा आफूलाई ठेकिएको कैदमा बसी फैसलाले ठहर गरेको कैदमध्ये करिब भुक्तानी हुने अवस्थामा निवेदन दिएको देखिँदा विलम्बको निजको निवेदन जिकिर विश्वास गर्नलायक देखिन आएन ।

निवेदक विनोदराम नाबालक नदेखिएकोले म नाबालक भएकोले कानूनबमोजिम कैद तथा जरिवानामा छुट पाई थुना मुक्त गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख ३ गते रोज १ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१९६, बन्दीप्रत्यक्षीकरण, नारायण लिम्बू वि. उच्च अदालत विराटनगर, इलाम इजलाससमेत*

प्रस्तुत निवेदन मिति २०८०।०१।०३ गते पेसी चढेको जानकारी यस अदालतको च.नं.३९४२९ मिति २०७९।१२।२९ को पत्रबाट निवेदकलाई निज थुनामा रहेको कारागार कार्यालय पाँचथरमा लेखी पठाएकोमा "भरपाई दादै यस कारागारमा अपहरण तथा शरीर बन्धक मुद्दामा कैदमा रहेका प्रतिवादी सञ्जय भन्ने नारायण लिम्बू सम्मानित श्री पाँचथर जिल्ला अदालतको च.नं. १५४४ मिति २०७९।१०।१२ को संशोधित कैदीपुर्जी अनुसार पक्राउ मिति २०७१।१२।२८ देखि मिति २०७९।१२।२७ सम्म ८ वर्ष कैदमा बसी प्रस्तुत मुद्दामा कैद भुक्तान गरी मिति २०७९।१२।२८ मा छुटी गएको" भनी कारागार कार्यालय पाँचथरबाट लेखिआएको देखिन्छ । कारागार कार्यालयबाट लेखिआएको उक्त पत्रबाट हाल निज थुनामुक्त भइसकेको देखिँदा बन्दीप्रत्यक्षीकरणको

आदेशले थुनामुक्त गरिपाउँ भन्ने निवेदनको औचित्य समाप्त भएको देखियो।

थुनामुक्त गरिपाउँ भन्ने निवेदकको मागबमोजिम निज हाल थुनाबाट छुटिसकेको देखिँदा औचित्य समाप्त भएको निवेदनउपर प्रवेश गरी निवेदन मागका सम्बन्धमा व्याख्या र विश्लेषण गरिरहनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : चिन्तामणि शर्मा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख ३ गते रोज १ शुभम्।

## ३

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०६८-CI-१२८९, ०६८-CI-१३२४ , पर्खाल टहरा भत्काई जग्गा खिचोला मेटाई चलनसमेत चलाइपाऊँ, गणेशदास श्रेष्ठ वि. दुर्गादेवी पाण्डे, दुर्गादेवी पाण्डे वि. गणेशदास श्रेष्ठ

पुनरावेदक वादीको नाउँको जग्गाधनी प्रमाण पुर्जामा कायम रहेको क्षेत्रफल ०–९–३–० जग्गाभन्दा अदालतबाट भइआएको नक्सा मुचुल्काबमोजिम कम देखिएको र पुनरावेदक प्रतिवादीको नाउँमा जग्गाधनी प्रमाण पुर्जामा कायम रहेको क्षेत्रफल ०–१०–३–० भन्दा अदालतबाट भइआएको नक्सा मुचुल्काबमोजिम बढी हुन आएको देखिन्छ। यसरी नक्सा मुचुल्कामा उल्लिखित विवाद जनिएको न.नं. ६ र न.नं. ७ को जग्गामध्ये क्षेत्रफल ०–२–०–० जग्गासम्म वादीको दर्ता स्रेस्ताअन्तर्गत पर्न जाने देखिन आएकोले पुनरावेदक प्रतिवादी गणेशदास श्रेष्ठले न.नं. ६ र ७ को जग्गामध्ये क्षेत्रफल ०–२–०–० मा वादीको दाबीबमोजिम खिचोला गरी पर्खाल टहरा निर्माण गरेको हुँदा सो न.नं. ६ र ७ को जग्गामध्ये क्षेत्रफल ०–२–०–० जग्गामा रहेको टहरा पर्खाल भत्काई खिचोला मेटाई चलन चलाइपाउने भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा मान्न सकिएन। वादी प्रतिवादीहरूको पुनरावेदन जिकिरका साथै निजहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग समेत सहमत हुन सकिएन।

काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।०९।०२ मा भएको नक्सा मुचुल्का अनुसारको न.नं. ७ र ८ को टहरा पर्खाल भत्काई चलन चलाइदिने र न.नं. ५ र ६ को हकमा वादी दाबी पुग्न नसक्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।११।१० मा गरेको फैसला केही उल्टी गरी तत्कालीन पुनरावेदन अदालत पाटनको आदेशबमोजिम मिति २०६५।१।३१ को नक्सा मुचुल्कामा विवाद देखाएको न.नं. ६ र न.नं. ७ को जग्गामध्ये क्षेत्रफल ०–२–०–० जग्गासम्म वादीको दर्ता स्रेस्ताअन्तर्गत पर्न जाने देखिन आएकोले प्रतिवादी गणेशदास श्रेष्ठले न.नं. ६ र ७ को जग्गामध्ये क्षेत्रफल ०–२–०–० मा दाबीबमोजिम खिचोला गरी पर्खाल टहरा निर्माण गरेको हुँदा सो न.नं. ६ र ७ को जग्गामध्ये क्षेत्रफल ०–२–०–० जग्गामा रहेको टहरा पर्खाल भत्काई खिचोला मेटाई चलन चलाइपाउने भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६७।१२।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- नबिन आचार्य

इति संवत् २०७९ साल साउन २३ गते रोज २ शुभम्।

## ४

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०६९-CI-०३१९, अंशदर्ता, रामवतीदेवी साहसमेत वि. विश्वनाथ साह गुप्ता*

मानो छुट्टिएको मिति सम्बन्धमा वादी प्रतिवादीबिच मुख मिल्न नसकी विवाद सिर्जना भएको अवस्थामा फिराद परेको अघिल्लो दिनलाई मानो

छुट्टिएको मिति कायम गरिसकेकोले फिराद पर्नुभन्दा अगाडिका मितिसम्मको वादी प्रतिवादीहरूबाट पेस हुन आएका तायदातीमा उल्लिखित चल अचल श्री सम्पत्तिमध्ये निजी ठहर भएका बाहेकका जग्गालाई सगोलको सम्पत्ति कायम गरी सो सम्पत्तिलाई यी अंशियारहरूबिच भागबन्डा लगाइदिनुपर्ने देखिन आयो । यस अवस्थामा तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट विमलादेवी साह नाउँ दर्ताको कि.नं. ३१९, राजकुमारी भगत नाउँ दर्ताको कि.नं. ९८१ र २४९ का जग्गाहरूबाहेक तायदातीमा उल्लिखित सम्पूर्ण सम्पत्तिबाट ५ भागको १ भाग वादीलाई दिलाइदिने गरी भएको फैसला अन्यथा मान्न सकिएन । उक्त फैसला उल्टी गरिपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरका साथै निजहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर र यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश हुँदा लिइएका आधार कारणहरूसमेतसँग सहमत हुन सकिएन।

वादी प्रतिवादीबाट विभिन्न मितिमा पेस भएका तायदातीमा उल्लिखित कि.नं. ३१९ को जग्गा विमलादेवी साहले र.नं. ३४२२ मिति २०३४।१०।२२ मा र कि.नं. ९८१ को जग्गा र.नं. १६७५ मिति २०५२।०५।२७ का साथै कि.नं. २४९ को जग्गा र.नं. ११८१ मिति २०५३।०२।२४ मा राजकुमारी भगतले आ-आफ्नो दाइजो पेवाबाट खरिद गरेको भन्ने मिसिल संलग्न राजीनामा लिखतहरूको प्रतिलिपिबाट देखिँदा त्यति हदसम्मको सम्पत्ति मात्र निजी आर्जन मानी वादी प्रतिवादीबाट पेस भएका तायदातीमा उल्लिखित अन्य श्रीसम्पत्तिबाट ५ भागको १ भाग वादीले अंश पाउने ठहऱ्याई ऋणको हकमा साहुका उजुरी परेका बखत ठहरेबमोजिम हुने भनी निर्णय गर्नुपर्नेमा वादी प्रतिवादीका बाबु आमाको मात्र श्रीसम्पत्तिबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहऱ्याई अरू उल्लिखित श्री सम्पत्तिलाई आ-आफ्नो निजी आर्जन ठहर गरी सुरू सिराहा जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म उल्टी भई उक्त तीन कित्ता जग्गाहरूबाहेक वादी प्रतिवादीहरूबाट पेस भएका सम्पूर्ण सम्पत्तिबाट ५ भागको १ भाग अंश वादीले पाउने ठहर गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।०९।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत – नबिन आचार्य

इति संवत् २०७९ साल साउन २३ गते रोज २ शुभम्।

## इजलास नं.१

### ५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७६-CR-०२३२, जबरजस्ती करणी तथा हाडनाता करणी, परिवर्तित नाम बाह्रबिसे 'घ'-१ वि. परिवर्तित नाम बाह्रबिसे 'ङ' को जाहेरीले नेपाल सरकार*

DNA परीक्षणबाट प्राप्त प्रतिवेदन, पीडित जाहेरवालाले मौकामा दिएको जाहेरी बेहोरालाई समर्थन गरी अदालतसमक्ष गरेको बकपत्र, मौकामा कागज गर्ने धर्मेन्द्र तामाङ, बुद्धिबहादुर तामाङ, रत्नकुमारी तामाङ, भिमबहादुर तामाङसमेतका व्यक्तिहरूले प्रतिवादीले पीडित आफ्नै छोरीलाई जबरजस्ती करणी गरी गर्भवतीसमेत गराएको तथ्य स्थापित हुने गरी गरेको बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादीले आफ्नी नाबालिका छोरीलाई जबरजस्ती करणी गरी गर्भवती तुल्याएको कुरा पुष्टि भइरहेको स्थितिमा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय हुने गरी भएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको

फैसला मनासिब नै देखिन आयो । कसुरमा इन्कार रहेको भनी लिएको आधारमा मात्र अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा प्रत्यर्थी झिकाइ इन्साफ गरिपाउँ भन्ने निज प्रतिवादीका कानून व्यवसायीको बहससँगसमेत सहमत हुन सकिएन ।

प्रतिवादीले संरक्षण र हेरविचारमा रहेकी आफूले जन्माएकी छोरीलाई जबरजस्ती करणी गरी गर्भवतीसमेत बनाएको भन्ने प्रमाणित भएकोले यी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(३) नं. बमोजिम ८ (आठ) वर्ष कैद सजाय गर्नु मनासिब देखिएको र सोही महलको ३क. नं. अनुसार थप ५ (पाँच) वर्ष र हाडनाता करणीको १ नं. बमोजिम थप १० (दश) वर्षसमेत कैद सजाय भई जबरजस्ती करणी महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितले रु.७०,०००।- (सत्तरी हजार) क्षतिपूर्ति भराइलिन पाउने भनी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६।२।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार २५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७६-CR-०७७०, जबरजस्ती करणी, तिलक दर्जी वि. नेपाल सरकार*

प्रतिवादीले पुनरावेदनपत्रमा अनुसन्धानमा भएको साबिती बयान स्वेच्छाको नभई प्रहरीको करकापमा आफूलाई नसुनाई सहीछाप गर्न लगाएको हो भनी लिएको जिकिरलाई प्रमाणित हुने गरी विश्वसनीय एवम् तथ्यसङ्गत प्रमाण पेस गरी आफ्नो जिकिरलाई पुष्टि गर्न सकेको पाइँदैन । जाहेरवालाको किटानी जाहेरी दरखास्त तथा बकपत्र, पीडितकै किटानी कागज एवं बकपत्र र घटनास्थलमा तत्काल नै पुगी पीडितलाई नाङ्गै अवस्थामा फेला पार्ने मिना संग्रौला, भिमा खनाल, पद्मा दाहाल खरेल, गीता खरेलले समेत घटनाको बारे किटानी बकपत्र गरिदिएबाट प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान खण्डित भइरहेको छ । मानसिक अपाङ्ग रहेकी पीडितले आफू विरुद्ध हुने यौनजन्य हिंसा वा कार्यको प्रतिकार गर्ने क्षमताको अभाव रहने हुँदा यस्तो अवस्थाकी महिलालाई प्रतिवादीले सजिलै काबुमा पारी यौन चाहना मेट्न सफल हुने अवस्थाको परिणाम स्वरुप पीडितलाई निजको इच्छाविपरीत जबरजस्ती करणी गरेको प्रमाणबाट पुष्टि भइरहेको छ । यस्तो अवस्थालाई केवल जबरजस्ती करणीको उद्योग मात्र मान्न नमिल्ने हुँदा प्रतिवादीलाई कसुरदार कायम गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालतको फैसलालाई अन्यथा मान्न सकिएन । आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

बहुअपाङ्गको अवस्थामा रहेकी पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको पुष्टि भएकोले प्रतिवादी रुन्चे भन्ने तिलक दर्जीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ को देहाय ५ नं.बमोजिम ५ (पाँच) वर्ष कैद हुने र पीडित महिला बहुअपाङ्ग भएको देखिँदा सोही महलको ३ क. नं. बमोजिम प्रतिवादीलाई थप ५(पाँच) वर्ष कैद गरी जम्मा १० (दश) वर्ष कैद हुने साथै मुलुकी ऐन, जबरजस्ती करणी महलको १० र १० ग.नं. बमोजिम प्रतिवादीबाट पीडितले रु.५०,०००।- (पचास हजार रूपियाँ) क्षतिपूर्ति भराइलिन पाउने भनी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी

उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७५।११।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर - रमला पराजुली

इति संवत् २०७७ साल असार २५ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०४७७, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. राजु तामाङसमेत*

प्रतिवादीहरू आयुष भन्ने राजु तामाङ र मिलन भन्ने सोनाम तामाङले शोषण गर्ने उद्देश्यले जाहेरवाला पीडितहरू परिवर्तित नाम ०४-२-व र ०४-२-श लाई नेपालको एक ठाउँदेखि अर्को ठाउँसम्म लगेको पुष्टि भएको हुँदा सुरू फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४ (२)(ख) बमोजिमको कसुरमा सोही ऐनको दफा १५(१)(च) बमोजिम २ वर्ष कैद सजाय र सोही ऐनको दफा १७ बमोजिम प्रतिवादीहरूबाट पीडितहरूले जनही रु. ५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइपाउने ठहर गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७६।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७६-CR-०४७९, कर्तव्य ज्यान, नेपाल सरकार वि. अर्सुल मिया धोवी*

प्रतिवादीमा मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन । मार्ने मनसाय राखी सोहीबमोजिम कसुर गरेको भन्ने पुष्टि हुन सकेको छैन। प्रतिवादीको स्वीकारोक्ति बयान र साक्षीहरूको गढाउ बकपत्रसमेतले मार्नेसम्मको मनसाय राखेर ज्यान मारेको भन्ने पुष्टि भएको देखिँदैन। त्यसै गरी मृतकलाई लुकी चोरीकन हानेको भन्ने पनि देखिँदैन। प्रतिवादीले धारिलो वा घातक हतियार वा वस्तुले प्रहार गरेको भन्ने देखिँदैन । कुनै योजना बनाएर मृतकको ज्यान मारेको पनि देखिँदैन। आफ्नै भाइलाई मार्नैपर्ने कारण मिसिल संलग्न कागज प्रमाणबाट खुलेको छैन । सो हुँदा प्रतिवादिमा ज्यान मार्ने मनसाय तत्त्व विकास भएको र सोहीबमोजिम मृतकलाई मारेको भन्ने नदेखिई तत्कालको आवेशमा भएको आवेशप्रेरित हत्याको सम्बन्धमा रहेको कानूनी व्यवस्था मुताबिकको कसुर भएको भन्ने देखिन आएको छ। दाजुभाइका बिचको अंशको विषयलाई लिएर भएको विवादमा प्रतिवादीले आफ्नै भाइ मृतक मकबुल मिया धोबीलाई तत्कालको रिसको अवस्थामा सोही स्थानमा रहेको इँट्टाले प्रहार गरेको र सोही चोट पीडाको कारण घाइते भएका मृतकको उपचारको क्रममा मृत्यु हुन गएको तथ्य पुष्टि हुन आएको छ । पुनरावेदक वादी नेपाल सरकारले जिकिर लिएजस्तो प्रतिवादीमा मृतकलाई मार्ने मनसाय रहेको र सोही अनुसार निज प्रतिवादीले ज्यान मारेको भन्ने पुष्टि भएको देखिएन। यस्तो अवस्थामा प्रतिवादीलाई आवेशप्रेरित हत्यामा कसुर कायम गरी मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला मिलेकै देखिन्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन।

प्रतिवादी अर्सुल मिया धोवीले आफ्नै

भाइ मकबुल मिया धोबीलाई झगडा वादविवाद हुँदा तत्कालको आवेशमा इँट्टा प्रयोग गरी कुटपिट गर्दा सोही चोटबाट निजको उपचारको क्रममा मृत्यु हुन गएकोमा प्रतिवादी अर्सुल मिया धोवीले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको पुष्टि हुनआएको हुँदा निज प्रतिवादीलाई सोही १४ नं.बमोजिम १० वर्ष कैद सजाय हुने गरी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।३।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार १ गते रोज २ शुभम्।

**९**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-२३४८, ०७५-CR-२५५०, कर्तव्य ज्यान, चिरञ्जिवी अधिकारी वि. नेपाल सरकार, नेपाल सरकार वि. चन्द्रबहादुर अधिकारीसमेत*

प्रतिवादी चन्द्रबहादुर अधिकारीलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरलाई हेर्दा यी प्रतिवादी अनुसन्धानको क्रममा र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेका छन् । प्रतिवादी चिरञ्जिवी अधिकारीले बन्दुक पड्काएको आवाज आएपछि गएर हेर्दा मृतकलाई लागेको रहेछ भनी सहप्रतिवादी चिरञ्जिवी अधिकारीकै मिलानमा बयान बेहोरा लेखाएका छन्। सहप्रतिवादी चिरञ्जिवी अधिकारीको बयानबाट समेत यी प्रतिवादीलाई पोल गरेको देखिँदैन। जाहेरवालाको बकपत्र तथा मौकामा कागज गरी अदालतमा बकपत्र गर्ने साक्षीहरूले समेत यी प्रतिवादीलाई कसुरमा किटान गरी लेखाउन सकेको देखिँदैन । यी प्रतिवादीउपर मुलुकी ऐन ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसुरमा सोही १६ नं. बमोजिम सजाय गरिपाउन अभियोग दाबी रहेको देखिन्छ। ज्यान मार्ने कार्यमा मुख्य भई षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई उक्त १६ नं. आकर्षित हुने देखिन्छ। मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट प्रतिवादी चन्द्रबहादुर अधिकारीले मृतकलाई मार्ने कार्यमा मुख्य भई षड्यन्त्र गरेको वा मार्न लगाएको भन्ने पुष्टि हुन नसकेको हुँदा यी प्रतिवादीलाई आरोपित कसुरमा कसुरदार कायम गर्न मिल्ने देखिएन। निज प्रतिवादीलाई आरोपित कसुरमा सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला सो हदसम्म मिलेकै देखिने।

प्रतिवादी चन्द्रबहादुर अधिकारीको हकमा निज प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने र प्रतिवादी चिरञ्जिवी अधिकारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुरमा सोही १३(१) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको सुरू फैसला सदर गरी प्रतिवादी चिरञ्जिवी अधिकारीको हकमा मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीलाई ५ वर्ष कैद सजाय हुने रायसहित भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७५।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल असार १८ गते रोज ५ शुभम्।

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-CI-१६२५, टिप्पणी आदेश बदर दर्ता बदर दर्ता कायम, मुस्तुफा मियाँसमेत वि.*

*नेपाल सरकारको सचिव मन्त्रिपरिषद् सचिवालय सिंहदरबार काठमाडौंसमेत*

प्रमाण ऐन, २०३१ को दफा ९(१) मा “मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ” भन्ने र सोही ऐनको दफा १३ (१) मा “राष्ट्रसेवकले आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा र कुनै व्यक्तिले कानूनद्वारा तोकिएको आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै सार्वजनिक लिखतमा उल्लेख गरेका कुराहरू प्रमाणमा लिन हुन्छ” भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा स्वयं यी पुनरावेदकले २०२८ सालमा नापी भएको कुरा स्वीकार गरेको र सो समयमा भएको सर्वे नापीमा सो जग्गाहरूमा कसैको पनि दाबी नभई उक्त नापीमा उल्लिखित जग्गाहरू नेपाल सरकारको नाममा जनिएको देखिन्छ। यसरी पक्षले आफैँ २०२८ सालमा नापी भएको भन्ने स्वीकारोक्ति र सर्वे नापीमा स्रेस्तामा नेपाल सरकार जनिएको कुरा उल्लिखित कानूनी व्यवस्था अनुसार यी पुनरावेदकको विरुद्धमा प्रमाण ग्रहण गर्न मिल्ने देखिन्छ। यस अवस्थामा पुनरावेदन अदालत विराटनगरले उल्लिखित जग्गाहरू नाप जाँच भएको ४२ वर्षपछि यी पुनरावेदकहरूले नागरिक अधिकार ऐन, २०१२ को दफा ९ को दाबी लिई गरेको फिरादलाई खारेज हुने गरी गरेको फैसलालाई अन्यथा भन्न सकिने नदेखिँदा सुरू पुनरावेदन अदालतले फिराद दाबी खारेज गर्ने गरी गरेको फैसला उल्टी गरी फिराद दाबी अनुसार गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन तथा निजका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन सकिएन।

मिति २०७१।१०।१३ मा सुरू पुनरावेदन अदालत विराटनगरबाट फिराद दाबी खारेज गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नवराज जोशी

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल फागुन १८ गते रोज १ शुभम्।

## ११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-१२५९, जग्गा खिचोला मेटाई चलन चलाइपाऊँ, आरती सोनार वि. पवित्रादेवी मिश्राइनी*

प्रस्तुत मुद्दाको विवादित जग्गा ''सडक सो दक्षिण, गडहा सो उत्तर मन्नु चमार सो पश्चिम, प्रभाकरको धुर सो दक्षिण, यति चार किल्लाभित्रको पूर्व पश्चिम १९-‘०-” उत्तर दक्षिण १९- ‘६” समेतको गाउँ ब्लक मिन्हीडिह जग्गामा बनेको फुसको घर तौलिहवा नगरपालिका वडा नं. ३ बस्ने राजकुमार चौहानको हक भोग भएको '' भनी तौलिहवा नगरपालिका कार्यालय कपिलवस्तुले मिति २०४८।३।२६ च.नं.१४४३ को पत्रबाट सिफारिस दिएको देखिन्छ। सोही सिफारिसका आधारमा दिने राजकुमार चौहान लिने पवित्रादेवी मिश्राइनी भई मिति २०४८।६।१५ र.नं.११७८ को राजीनामाको लिखत मालपोत कार्यालय, कपिलवस्तुबाट पारित भएको पाइन्छ । राज्यको साधिकार निकायबाट भइआएको लिखतलाई अन्यथा भनी विश्वास गर्न सकिएन। मिति २०४८।३।२६ को तौलिहवा नगरपालिकाको सिफारिसपत्रलाई अन्यथा हो भनी पुनरावेदक वादीले जिकिर लिन नसकेको वा उक्त जग्गा मिन्हीडिह गाउँब्लकको भएको हुँदा वादीले उक्त जग्गामा आफ्नो भोग रहेको भनी सम्बन्धित स्थानीय निकायबाट भोगको प्रमाण लिएको देखिँदैन।

वादीले प्रमाणस्वरूप पेस गरेको मिति २०३३।३।३० को घरसारको हदमुनिको राजीनामा

लिखतको आधिकारिकतालाई पुष्टि गर्नका लागि उक्त लिखतमा भएका साक्षी तथा अन्य साक्षीसमेत अदालतमा उपस्थित गराई आफ्नो जिकिरलाई प्रमाणित गर्न सकेको देखिँदैन । विश्वसनीय तथा शंकारहित प्रमाणको अभावमा दाबी जिकिर लिएको आधारमा मात्र कसैको साम्पत्तिक वा बसोबासको हकलाई असर पार्ने गरी जग्गा खिचोला ठहर गर्न सक्ने अवस्था हुँदैन। यस अवस्थामा वादी दाबी पुग्न नसक्ने भनी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा मान्न सकिएन। वादीको पुनरावेदन तथा निजतर्फका कानून व्यवसायीको बहस जिकिर एवम् यस अदालतबाट मुद्दा दोहोऱ्याइपाउने निस्सा प्रदान गर्दा लिइएका आधार र कारणसँगसमेत सहमत हुन सकिएन।

२०३३ सालभन्दा अगाडिको घरसारको अचल सम्पत्ति हस्तान्तरणको लिखत भए पनि उक्त लिखत पारित गराउन यी वादीले नालेस गरेको भन्ने पनि नदेखिएको, वादी दाबीको घरसारको राजीनामाको लिखतमा उल्लिखित ४ किल्ला पनि विवादित जग्गाको ४ किल्लासँग मिल्न भिड्न नआएको, नाप नक्सा मुचुल्कामा भएको सर्जमिनका अधिकांश व्यक्तिहरूले विवादित जग्गा र टहरा प्रतिवादी पवित्रा मिश्रको भोगचलनमा रहेको भनी सर्जमिन गरिदिएको, वादीले साक्षीको बकपत्रसमेत गराउन नसकेको, विवादित जग्गा मिन्हीडिह गाउँब्लकअन्तर्गतको रहेको देखिएकोमा उक्त जग्गामा वादीको भोग रहेको भनी स्थानीय नगरपालिकाबाट भोगको प्रमाण लिन सकेको अवस्था पनि नरहेकोले वादीले कानूनी मान्यता नै प्राप्त गर्न नसक्ने ४ किल्लासमेत नभिड्ने मिति २०३३।३।३० को घरसारको राजीनामाको आधारमा जग्गाको कब्जा खिचोला मेटाई चलन चलाइपाउँ भनी दायर गरेको प्रस्तुत वादी दाबी पुग्न नसक्ने भनी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।२।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल फागुन १५ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०७२-CI-१२५८, राजीनामा दर्ता बदर, आरती सोनार वि. पवित्रादेवी मिश्राइनीसमेत।
- ०७२-CR-१२६६, लुटपिट, आरती सोनार वि. पवित्रादेवी मिश्राइनी।
- *०७२-CR-१२६७, जालसाजी, आरती सोनार वि. पवित्रादेवी मिश्राइनीसमेत*

## इजलास नं. ४

### १२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७२-WO-०८५२, उत्प्रेषणसमेत, प्रबन्धक सन्तोष दाहाल वि. काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० थापागाउँ नयाँ बानेश्वरस्थित विद्युत् महसुल निर्धारण आयोगसमेत*

निवेदकले उच्च अदालत जनकपुरमा विद्युत् प्राधिकरण सञ्चालक समितिले मिति २०७२।३।१२ मा गरेको सिफारिसका आधारमा विद्युत् महसुल आयोगबाट मिति २०७२।१०।१० मा गरेको निर्णयका सम्बन्धमा ०७५-WO-०५६५ को उत्प्रेषणको निवेदन दायर गरेकोमा उक्त निवेदनमा उक्त अदालतबाट मिति २०७६।५।२४ मा खारेज हुने भनी आदेश भएको देखिन्छ। यसरी प्रस्तुत निवेदनमा विवाद उठाइएको विद्युत् महसुल वृद्धि गर्ने गरी विद्युत् प्राधिकरण

सञ्चालक समितिबाट मिति २०७२।३।१२ मा भएको सिफारिस र सो सिफारिसबमोजिम लागु हुने भनी विद्युत् महसुल आयोगबाट मिति २०७३।१०।१० मा भएको निर्णयकै विषयका सम्बन्धमा यी निवेदकले उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५ को निवेदन दर्ता गरेको र सो निवेदनमा उक्त मिति २०७२।३।१२ मा विद्युत् महसुलमा वृद्धि गर्ने गरी भएको सिफारिसलाई मान्यता दिने गरी निवेदन दाबी खारेज हुने ठहर गरी मिति २०६५।५।२४ मा फैसला भएको देखिने।

निवेदकले उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५ को निवेदन माग दाबी र प्रस्तुत निवेदन माग दाबी मिति २०७२।३।१२ मा विद्युत् महसुलमा वृद्धि गर्ने गरी भएको सिफारिस र विद्युत् महसुल आयोगबाट मिति २०७३।१०।१० मा भएको निर्णयसमेतमा प्रश्न उठाई दर्ता भएको छ । उक्त उच्च अदालत जनकपुरमा दायर गरेको ०७५-WO-०५६५ को निवेदन फैसला अन्तिम भइसकेको कुरामा पुनः एउटै निर्णय र सिफारिसका विषयउपर दायर भएको प्रस्तुत निवेदनमा थप विचार गरी विवेचना गर्नु औचित्ययुक्त र सान्दर्भिक देखिएन। साथै निवेदकले निवेदनमा उठान गरेको विषयमा उपचार पाउने अन्य वैकल्पिक उपचारको व्यवस्थासमेत रहे भएको अवस्थामा नेपाल विद्युत् प्राधिकरण, सञ्चालक समितिको मिति २०७३।०३।१२ मा भएको सिफारिस र सोका आधारमा विद्युत् महसुल आयोगबाट मिति २०७३।१०।१० मा भएको निर्णय उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने देखिन आएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत - डोलनाथ न्यौपाने
कम्प्युटर - विकेश गुरागाई
इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम्।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०८१५, उत्प्रेषण, दुर्गादेवी शिवाकोटी वि. ऋण* असुली पुनरावेदन न्यायाधिकरण, अनामनगर, काठमाडौंसमेत

धितोमा राखिएको सम्पत्ति लिलाम गरी असुलउपर गर्ने अधिकार बैंकलाई नभएको भन्ने देखिँदैन । निवेदकले ऋण लिँदा धितोमा राखेको बा.१२ च.४९६०, ना.५ख ४०५९, ना.५ ख.४०६० नं. का सवारी साधन मिति २०७४।०३।२१ बाट विपक्षी बैंकको कब्जामा रहेको भन्ने बैंकको लिखित जवाफबाट स्पष्ट खुलेको छ । उक्त सवारी साधन निवेदकले ऋण लिँदाका बखत बैंकमा धितोमा राखेको भन्ने देखिन्छ। अन्य धितोमा रहेको सम्पत्तिभन्दा पहिले आफ्नो लगानी समयमा असुल नभएको आधारमा नै उक्त सवारी साधन लिलाम गर्न खोजेको भन्ने देखिन्छ। बैंकको तर्फबाट उक्त सवारी साधन लिलाम गर्न अनुमति पाउँ भनी ऋण असुली न्यायाधिकरणमा निवेदन परी सो निवेदनमा उक्त न्यायाधिकरणबाट मिति २०७६।०४।२८ मा लिलाम गर्न अनुमति दिने भनी आदेश भएको र उक्त आदेशउपर यी निवेदकले ऋण असुली पुनरावेदन न्यायाधिकरणमा निवेदन गर्दासमेत लिलाम गर्न अनुमति दिने गरी भएको आदेश सदर भएको देखिन्छ। यसरी यान्त्रिक सामान धितोमा रहेको र उक्त सवारी साधनहरू समयमा लिलाम बिक्री नगरेमा आफ्नो लगानी असुल हुन नसक्ने अवस्थालाई विचार गरी असल मनसाय राखी लिलामीको कार्य अघि बढाएको भन्ने देखिने।

ऋण लिँदा जमानतबापत दिएको यान्त्रिक सवारी साधनहरूलाई लामो समयसम्म नचलाई थन्क्याई राख्दा पाटपुर्जा बिग्रिन सक्ने भन्ने प्रश्न उठाउनु सामान्य समझको दृष्टिकोणबाट हेर्दासमेत

अन्यथा हो भन्ने देखिँदैन । यान्त्रिक साधनमा रहेको मौद्रिक मूल्यमा क्रमशः ह्रास हुने कुरालाई दृष्टिगत गरी असल नियतबाट बैंकको तर्फबाट काम कारबाहीहरू भएको भन्ने देखिन्छ । ऋण लिँदा उल्लेख भएको धितोको सम्पत्ति नै लिलाम गर्ने कार्यलाई रोक्नु भनेको बैंक तथा वित्तीय कानूनमा भएका कानूनी व्यवस्थाको विधायिकी मनसायविपरीत हुने देखिन्छ । यस अवस्थामा धितोमा रहेका यान्त्रिक साधनहरू लिलाम गर्न अनुमति दिने भनी ऋण असुली न्यायाधिकरण र ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट भएको आदेश कानूनको अधीनमा रही भए गरेको देखिँदा निवेदन माग अनुसार उक्त आदेशहरू उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने नदेखिने ।

बैंकले ऋण लगानी गर्दा धितोमा रहेको बसहरू यथास्थितिमा थन्क्याइराख्दा पनि थप क्षति हुने र परिणामस्वरूप यी निवेदकलाई समेत थप हानि नोक्सानी हुने दृष्टिकोणलाई केन्द्रमा राखी विपक्षी ऋण असुली न्यायाधिकरणबाट मिति २०७६।४।२८ मा भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी विपक्षी ऋण असुली पुनरावेदन न्यायाधिकरणबाट मिति २०७७।११।६ मा भएको आदेश कानूनविपरीतको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - डोलनाथ न्यौपाने

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल माघ २६ गते रोज ५ शुभम् ।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी**, *०७८-WO-१२५१, परमादेश, सन्तोष दास वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी*

नेपालको नागरिकता प्राप्ति, समाप्ति तथा तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्नका लागि नेपाल नागरिकता ऐन, २०६३ मिति २०८०/०२/१७ मा संशोधन भएकोमा उक्त ऐनको दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक भएमा त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने भन्ने व्यवस्था गर्दै ऐ. ऐनको उपदफा (५) मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ भन्ने बेहोरा संशोधनद्वारा थप गरिएको पाइन्छ । यसरी बाबुको पहिचान हुन नसकेको व्यक्तिले आमाको नामबाट नागरिकता प्राप्त गर्ने सम्बन्धमा रहेको द्विविधाको अन्त्य गर्दै मिति २०८०/०२/१७ मा भएको नेपाल नागरिकता ऐन, २०६३ को संशोधनले बाबुको पहिचान नभए तापनि नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने भनी स्पष्ट, बोधगम्य र द्विविधारहित व्यवस्था गरेको देखिन्छ । नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) अनुसार वंशजको नाताले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले पूरा गर्नुपर्ने सर्तहरू उल्लेख गर्दै उक्त नियमावलीको अनुसूची १ मा नेपालको नागरिक हुन योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न तोकिएको अधिकारीसमक्ष निवेदन पेस गर्नुपर्ने गरी निवेदनको ढाँचासमेत तोकेको पाइने ।

निवेदक मिति २०५४/०९/०५ मा सप्तरी जिल्ला सुरूङ्गा न.पा. वडा नं. ३ मा जन्म भएको बेहोरा प्रमाणित गरिदिएको भन्ने उक्त वडा कार्यालयको प.सं. ०७८/७९ च.नं. ५०७ मिति २०७८/०६/०५ को सिफारिस पत्रबाट देखिँदा निज निवेदक नेपाली

नागरिकता प्राप्त गर्न १६ वर्ष उमेर पूरा गरिसकेको भन्ने देखिएको, यी निवेदकको आमाले वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट मिति २०६३/१०/२३ मा नागरिकता प्रमाणपत्र नं. १६३०९१/५९१ को नागरिकता प्राप्त गरेको भन्ने निवेदनसाथ पेस गरेको नागरिकताको प्रतिलिपिबाट देखिएको पाइन्छ । यी निवेदकले उच्च अदालत, जनकपुर राजविराज इजलासमा परमादेशको निवेदन दायर गरेकोमा त्यस अदालतबाट निवेदकलाई नागरिकता प्रमाणपत्र दिन मिल्ने नमिल्ने सम्बन्धमा कारबाही गरी जो जे निर्णय गर्नुपर्ने हो गर्नु भनी मिति २०७८।९।२५ मा आदेश भएको पनि देखिने।

रिट निवेदकको आमाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने तथ्य प्रमाण पेस भएको र निवेदकको बाबुको पहिचान नभएको भन्ने हुँदा यस स्थितिमा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ को कानूनी व्यवस्था अनुसार कानूनले तोकेको कार्यविधि वा प्रक्रिया पूरा गरी निवेदकलाई कानूनबमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत - सबिनकुमार थिङ तामाङ

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल असार २१ गते रोज ५ शुभम्।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०८४८, उत्प्रेषण, परमादेशसमेत, राहुल शाह वि. डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक, ललितपुरसमेत*

निवेदक पवन शाहले वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय, झापाबाट मिति २०८०/०३/१० मा नागरिकता प्रमाणपत्र नं. ०४-०६-८०-००५४२ को नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने मिसिल संलग्न निवेदकले पेस गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । यसरी निवेदकले नेपालको नागरिकता प्रमाणपत्र प्राप्त गरिसकेको भन्ने देखिएको अवस्थामा निजलाई त्रिभुवन विश्वविद्यालयमा इन्जिनियरिङ अध्ययनको लागि भर्ना हुन पाउन कुनै अवरोध रहे भएको अवस्था पनि देखिएन । यसरी हेर्दा निवेदकले माग गरेको उपचार प्राप्त गरिसकेको भन्ने देखिएकोले प्रस्तुत निवेदन दायर हुँदाको अवस्थामा सारभूत परिवर्तन भइसकेको भन्ने तथ्य निर्विवाद रूपमा स्थापित हुन आएको देखियो । त्यसैले अहिलेको सन्दर्भमा प्रस्तुत रिट निवेदनको सान्दर्भिकता र औचित्य नदेखिई निवेदन नै प्रयोजनहीन भइसकेको अवस्था देखिन आएकोले निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - सबिनकुमार थिङ तामाङ

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल असार २१ गते रोज ५ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७३-WO-१३७९, उत्प्रेषण, मिरा महर्जन वि. श्रम तथा रोजगार मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

काउन्सेलर (श्रम) तथा सहचारी नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७३ ले श्रम सहचारी नियुक्तिसम्बन्धी मापदण्ड, २०६८ लाई खारेज गरेको र नेपाल सरकारको मिति

२०७४।०२।०४ र २०७४।०३।०८ को श्रम सहचारी नियुक्तिसम्बन्धी सूचना महिलाको हकमा विभेदजन्य रहेको भन्ने नै निवेदकको मूल जिकिर रहेको पाइयो। सो सन्दर्भमा प्रचलित कानूनी व्यवस्था हेर्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६८(१) मा "नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। यसका साथै वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४३ मा पनि "ऐनको दफा ६८ को उपदफा (१) बमोजिम श्रम सहचारी नियुक्ति गर्दा एक हजार वा सोभन्दा बढी महिला कामदार पठाइएका मुलुकमा योग्यता पुगेका महिला अधिकृतहरूमध्येबाट श्रम सहचारी नियुक्ति गर्न सकिने छ" भन्ने व्यवस्था रहेको पाइयो। उक्त नियमावलीको नियम ५२क मा प्रस्तुत ऐन नियमप्रतिकूल नहुने गरी नेपाल सरकारले आवश्यक निर्देशिका तथा कार्यविधि जारी गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। सोही कानूनी व्यवस्थाअनुरूप नेपाल सरकारले श्रम सहचारी नियुक्तिसम्बन्धी मापदण्ड, २०६८ एवं काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७३ पनि जारी भएको देखिन्छ। श्रम तथा रोजगार मन्त्रालयको लिखित जवाफ बेहोरा हेर्दा पनि काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७३ ले वैदेशिक रोजगार ऐन, २०६४ तथा सोको नियमावली, २०६४ बमोजिम महिला कर्मचारी नियुक्तिको प्रावधान निष्प्रभावी बनाएको भन्ने देखिँदैन। साथै उक्त लिखित जवाफ बेहोराबाट उल्लिखित ऐन, नियम एवं कार्यविधिकै व्यवस्थानुसार सूचना प्रकाशन गरिएको र उक्त सूचनाबमोजिम योग्यता पुगेका महिला अधिकृतबाट श्रम सहचारी नियुक्त गरिने र महिलालाई विभेद नगरिएको भन्ने बेहोरा उल्लेख छ।

नेपाल सरकारको मिति २०७४।०२।०४ तथा २०७४।०३।०८ को काउन्सेलर (श्रम) तथा श्रम सहचारी पदको आवेदन दिने सम्बन्धमा जारी भएको सूचनाको म्याद पनि २०७४।०३।१५ गतेदेखि ३५ दिनभित्रमा आवेदन दिन पाउने गरी तोकिएको र सो म्याद समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेको देखिने।

काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यविधि तथा मापदण्ड, २०७३ ले महिला कर्मचारीमध्येबाट श्रम सहचारी पदमा नियुक्त हुन सक्ने कानूनी व्यवस्थालाई निष्प्रभावी नबनाएको भन्ने बेहोराको विपक्षी श्रम तथा रोजगार मन्त्रालयको तर्फबाट पेस हुन आएको लिखित जवाफ बेहोरा रहेको देखिनु साथै नेपाल सरकारको मिति २०७४।०२।०४ र मिति २०७४।०३।०८ को सूचनाबमोजिम तोकिएको म्याद समाप्त भइसकेको कारण उक्त सूचनाको औचित्यसमेत समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने

इजलास अधिकृत - इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ ४ गते रोज ५ शुभम्।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-WO-१२८५, उत्प्रेषण, परमादेश, हरिबहादुर थापासमेत वि. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग ललितपुर, चाकुपाटसमेत*

आफ्नो दर्ता स्रेस्ता र हक स्वामित्वमा रहेको घर जग्गालाई गैरकानूनी क्षति पुर्‍याउने गरी बाटो विस्तार भइरहेको भन्ने रिट निवेदकहरूको जिकिरतर्फ

हेर्दा पनि विपक्षी विराटनगर महानगरपालिकाले उक्त महानगरपालिकाअन्तर्गत मझौला सहरको एकीकृत सहरी वातावरण सुधार परियोजना (STIUEIP, PIU) अन्तर्गत सडक, ढल इत्यादिको स्तरोन्नति र व्यवस्थित तवरले विकास विस्तार गर्ने परियोजनाअन्तर्गत जामुनेश्वर मार्ग गणेशथानदेखि पश्चिम खोलासम्म सडक तथा नाला विस्तार गर्न लागिएको भए पनि सो स्थानमा सर्भे नक्सा भई सार्वजनिक सडकको हिस्सा २५ मिटर रहेकाले कुनै पनि व्यक्तिको निजी घरजग्गामा क्षति तथा नोक्सानी नहुने गरी सडक नाला विस्तार भइरहेको भन्ने बेहोरा लिखित जवाफमा उल्लेख गरेको पाइन्छ। उक्त बेहोरा हेर्दा सो स्थानमा सर्भे नक्सा भई २५ मिटरभन्दा बढी चौडाइ भएको सडक सर्भे नापीकै बखतदेखि नै रहेको देखिन्छ। सो स्थानमा साबिकदेखि नै सडक रहेको र सो सडक २५ मिटरभन्दा बढी चौडाइ रहेकोले थप विस्तार गर्नुपर्ने आवश्यकता नरहेको र कहीँकतै नपुग भएमा कानूनबमोजिम मुआब्जा दिई बाटो विस्तार गरिने भन्ने लिखित जवाफ बेहोराबाटै स्पष्ट भइरहेको छ।

मिसिल संलग्न नापी शाखा मोरङको मिति २०६२।०८।०९ च.नं. ५५५ को पत्र हेर्दा निवेदकहरूका विभिन्न कित्ता नम्बरका जग्गाहरू सही स्थानमा रहेको र सो कित्ताहरूदेखि उत्तर मार्जिनमा रहेको सडक नक्सामा इरर नकटाई १२२.१२ फिट रहेको र फिल्डमा ५४ फिट रही सडकको दक्षिण लाइन ठिक स्थानमा रहेको र नक्साभन्दा नपुग सडक सोदेखि उत्तर रहेको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ। यस अदालतमा अन्तरिम आदेशको छलफलको क्रममा नापी शाखा मोरङको मिति २०६२।०८।०९ को सो पत्रलाई मध्यनजर गरी निर्माणसम्बन्धी कार्य गर्न महानगरपालिका सहमत नै रहेको भन्ने आधारमा अन्तरिम आदेश जारी गर्न उचित र आवश्यक देखिएन भनी यस अदालतबाट मिति २०७४।०३।०४ मा आदेशसमेत भएको पाइन्छ। यसरी एकातिर सो स्थानमा सर्भे नक्सामै सडक बाटो रहेको, सोको चौडाइ २५ मिटरभन्दा बढी रहेको देखिएको र नापी शाखाको मोरङको मिति २०६२।०८।०९ को पत्रलाई मध्यनजर गरी निर्माण कार्य गर्न महानगरपालिका सहमत नै रहेको अवस्थामा निवेदकको भनाइ र आशंकाबमोजिम निर्माण कार्य भई निजहरूलाई क्षति पुग्न जाने अवस्थाको विद्यमानता रहेको नदेखिने।

अतः माथि विभिन्न प्रकरणमा विवेचना गरिएअनुरूप यिनै रिट निवेदकहरूले यसै विषयमा उच्च अदालत विराटनगरमा दायर गरेको ०७४-WO-०१३७ नं. को उत्प्रेषणयुक्त प्रतिषेध परमादेशको रिट निवेदन खारेज हुने ठहरी मिति २०७७।०६।१९ मा फैसला भएको एवं यस अदालतसमक्ष विपक्षी विराटनगर महानगरपालिकाले प्रस्तुत गरेको लिखित जवाफ बेहोरामा र अन्तरिम आदेशको छलफलका क्रममा पनि रिट निवेदकको घर जग्गामा क्षति पुऱ्याउने गरी सडक निर्माण कार्य नगरिने बेहोरा उल्लेख गरेकोसमेतका आधार कारणबाट रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - इन्द्रबहादुर कठायत

कम्प्युर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ ४ गते रोज ५ शुभम्।

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-WO-११४३, उत्प्रेषण, रामविनोद यादव वि. शिक्षक सेवा आयोग, क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चल, हेटौंडासमेत*

आफूले बढुवाउपर मिति २०७३।०७।०५

मा शिक्षक सेवा आयोगसमक्ष उजुर दिएकोमा हालसम्म निर्णय नभएकाले वैकल्पिक उपचारको मार्ग अपनाई यस अदालतमा प्रस्तुत रिट निवेदन दायर गरेको भन्ने जिकिर पनि लिएको पाइयो। कानूनतः बढुवा समितिको निर्णयउपर एक तहमाथि उजुर गर्न सकिने अधिकार आवेदकहरूलाई हुने नै हुन्छ । यसै सन्दर्भमा शिक्षक सेवा आयोगको बढुवाउपर उजुरी गर्नेसम्बन्धी कानूनी प्रावधान हेर्दा तत्काल प्रचलित शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३४(१) मा "बढुवा नामावलीको सूचीमा नाम समावेश नहुने शिक्षकले सो बढुवा निर्णयउपर उजुरी दिन चाहेमा बढुवा नामावली प्रकाशन भएको मितिले ३५ दिनभित्र आयोगसमक्ष उजुरी दिन सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सोबमोजिम यी निवेदकले उजुरी दिएको कुरा स्वीकारै गरेको र शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरबाट मिति २०७३।१२।११ मा निजको उजुरी र पुनरावलोकन सम्बन्धमा छानबिन गर्दा बढुवा समितिको निर्णय र नतिजा यथावत् कायम रहने गरी निर्णय पनि भइसकेको देखिन्छ । यसरी निवेदकले पेस गरेको बढुवा समितिको निर्णयउपरको उजुरीका सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक कागज प्रमाण हेरी निर्णय निरूपण भइसकेको अवस्थामा रिट जारी हुनसक्ने अवस्थाको विद्यमान रहेको नपाइने।

अतः रिट निवेदकले यस अदालतमा दायर गरेको प्रस्तुत रिट निवेदनको विषयवस्तुका सम्बन्धमा आवश्यक कागज प्रमाण हेरी निजको बढुवा उजुरीउपर अधिकार प्राप्त निकायबाट निर्णय भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकोले प्रस्तुत रिट निवेदन खारेज हुने

इजलास अधिकृत - इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ ४ गते रोज ५ शुभम्।

१९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७९-WH-०२४३, बन्दीप्रत्यक्षीकरण, कपिल श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

चन्द्रागिरी नगरपालिका वडा नं. ११ को वेभसाइट साथै निवेदकले पेस गरेको चन्द्रागिरी नगरपालिका वडा नं. ११ को पत्रसमेतबाट यी निवेदक कपिल श्रेष्ठको वास्तविक वतन साबिक सतुङ्गल गा.वि.स. वडा नं. ९ को हाल परिवर्तित चन्द्रागिरी नगरपालिका वडा नं. ११ रहेको भन्ने तथ्य पुष्टि हुन आएको देखियो । यस स्थितिमा निवेदक कपिल श्रेष्ठउपर चलेको ०७८-CB-२४१९ को बैंकिङ कसुर मुद्दामा जारी भएको म्याद निज बसोबास नै नगरेको वतन चन्द्रागिरी नगरपालिका वडा नं. १० उल्लेख गरी बेपत्ते तामेल भई सोही वतन उल्लेख गरी पत्रिकामा समेत सूचना प्रकाशित गरेको औपचारिक कार्यले कानूनद्वारा निर्दिष्ट विधि र प्रक्रिया पूरा गरी निवेदकलाई रीतपूर्वक सूचना दिइएको वा समाह्वान म्याद रीतपूर्वक तामेल भएको भनी मान्न नमिल्ने।

प्रत्यर्थी उच्च अदालत पाटनबाट निवेदकको नाउँमा जारी गरिएको समाह्वान म्याद निजको वास्तविक वतन उल्लेख नगरी जारी गरेको र सोही वतन उल्लेख गरी पत्रिकामा समेत सूचना प्रकाशित गरेको भन्ने देखिएको परिप्रेक्ष्यमा उक्त म्याद रीतपूर्वक तामेल भएको भन्ने नदेखिएकोले उक्त बैंकिङ कसुर मुद्दामा निवेदक स्वच्छ सुनुवाइको हक/अवसरबाट वञ्चित भएको भन्ने नै देखिन आयो । निवेदक विरुद्ध दायर भएको उक्त बैंकिङ कसुर मुद्दाको सम्बन्धमा आफूउपर लागेको आरोपको जानकारी, त्यसको उचित प्रतिरक्षा गर्ने अवसरबाट वञ्चित हुने गरी निवेदक कपिल श्रेष्ठलाई उक्त बैंकिङ कसुर मुद्दामा कसुरदार कायम गरी बिगो रु.९,००,०००/- जाहेरवालालाई

भराइ, बिगोबमोजिम जरिवाना र ३(तीन) दिन कैद हुने साथै जरिवानाको ४% ले हुने रकम निजले क्षतिपूर्ति शुल्कबापत भराइदिने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७९/०९/२९ मा भएको फैसला कानूनसङ्गत नहुँदा उक्त फैसला उत्प्रेषणको आदेशले बदर हुने नै देखिने।

जहाँसम्म बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने निवेदकको रिट निवेदन माग दाबी छ सो सम्बन्धमा विचार गर्दा रिट निवेदक बैंकिङ कसुर मुद्दाको रोहमा न्यायिक थुनामा रहेका र सोही मुद्दाको रोहमा अदालतमा उपस्थित गराउने एवम् उक्त बैंकिङ कसुर मुद्दामा नै पुनः कारबाही चलाइ ठहरेबमोजिम हुने नै हुँदा हाल निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

निवेदकको वास्तविक वतन उल्लेख नगरी निजको नाउँमा जारी गरिएको म्याद रीतपूर्वक तामेल भएको नदेखिएकोले उक्त समाह्वान म्याद र सोका आधारमा स्वच्छ सुनुवाइबिना प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई कैद र जरिवाना हुने गरी भएको उच्च अदालत पाटनबाट मिति २०७९/०९/२९ मा भएको फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । उक्त फैसला बदर भएकोले उच्च अदालत, पाटनबाट निवेदकका नाउँमा जारी भएको च.नं. २११५, मिति २०७९/१२/१३ को कैदी पुर्जीसमेत निस्क्रिय गरिदिएको छ। अब निवेदक कपिल श्रेष्ठलाई कारागार कार्यालय डिल्लीबजारबाट झिकाई उक्त बैंकिङ कसुर मुद्दामा बयान गराउनेलगायतका कानूनी कारबाही अगाडि बढाई, जो जे बुझ्नुपर्ने हो बुझी, पुनः इन्साफ गर्नु भनी उच्च अदालत पाटनका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। सम्बन्धित बैंकिङ कसुर मुद्दाको मिसिल उच्च अदालत पाटनमा तुरुन्त पठाइदिनू। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने हदसम्मको रिट निवेदन दाबी पुग्न नसक्ने हुँदा खारेज हुने।

इजलास अधिकृत - सबिनकुमार थिङ तामाङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल असार १८ गते रोज २ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७८-WH-०१७४, बन्दीप्रत्यक्षीकरणसमेत, सुनिताकुमारी राउत वि. उच्च अदालत विराटनगरसमेत*

तामेलीप्रतिमा जिल्ला मोरङ, विराटनगर ५ बस्ने गणेश भट्टराई र ऐ. बस्ने सुधिर उप्रेती साक्षी बसेका र विराटनगर उपमहानगरपालिकाका खरिदार रघुवीर लिम्बुले समेत सहीछाप गरिदिएको देखिन्छ । लक्ष्मण घिमिरेसमेतले दिएको जाहेरी दरखास्तमा प्रतिवादी सुनितादेवी राउत अर्का प्रतिवादी अशोक पालकी पत्नी रहेकी र मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ५, मनकामना टोल (पिपल चोक) बस्ने उल्लेख छ। अशोक पालले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा, निजले स्थायी वतन सुनसरी जिल्ला, हरिनगरा गा.वि.स. वडा नं. ४ हो, हाल मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ५, पिपलचौक, मनकामना टोलमा घर बनाइ बस्छु भनी उल्लेख गरेको देखिन्छ। उल्लिखित तथ्यबाट समेत यी निवेदिकाको बसोबास मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ५, पिपलचौक रहेको देखिन आयो । निवेदिकाले उल्लिखित ठेगानामा निजको घर नभएको वा अन्यत्र बस्ने गरेको तथा निजका पति अशोक पालले खुलाएको

वतनको सम्बन्धमा अन्यथा प्रमाणित गर्न सकेको पनि नदेखिने।

ठगी मुद्दाको अभियोगपत्रमा प्रतिवादी सुनितादेवी राउत अर्का प्रतिवादी अशोक पालकी श्रीमती रहेकी र निजको वतन सुनसरी जिल्ला, हरिनगरा गा.वि.स. वडा नं. ४ हो, हाल मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. ५, पिपलचौक भन्ने उल्लेख छ। प्रतिवादी अशोक पालले मोरङ जिल्ला अदालतसमक्ष गरेको बयानमा, निजको घर मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ५ मा पर्छ भनी उल्लेख गरेको देखिन्छ। यसरी एउटै मुद्दाका प्रतिवादीहरूमध्ये निवेदिका सुनितादेवी राउतको पति अशोक पाल मौकामा पक्राउ परी अभियोगसाथ अदालतमा पेस भएको देखिन्छ भने निजकी पत्नी यिनै निवेदिका फरार रहेकी भन्ने छ। यी निवेदिकाको पतिको मौकाको बयानमा, म नभएको अवस्थामा श्रीमती सुनिताकुमारी राउतले रकम बुझेर मलाई बुझाउँथिन् भनी उल्लेख गरिदिएको देखिएसमेतबाट यी रिट निवेदिकालाई उक्त ठगी मुद्दाको सम्बन्धमा कुनै जानकारी नै थिएन भनी मान्न तर्कसङ्गत देखिँदैन। यसरी मिसिलसंलग्न रहेका प्रत्यक्ष र परिस्थितजन्य प्रमाणहरूबाट निज निवेदिकाको घर ठेगाना मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ५, पिपलचौक भन्ने नै पुष्टि भई सोही वतनमा टाँस भएको म्यादलाई बेरितको मान्न नमिल्ने।

निवेदिका सुनिताकुमारी राउतलाई गैरकानूनी थुनामा राखेको नभई निजउपर चलेको ठगी मुद्दाको रोहमा सुनुवाइको मौका प्रदान गरी तहतह हुँदै सर्वोच्च अदालतबाट भएको फैसलाबमोजिम फैसला कार्यान्वयनको सिलसिलामा थुनामा राखेको देखिँदा निवेदिकाको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : हेमा पाण्डे

कम्प्युटर : देबिमाया खतिवडा (देबिना) र राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ १७ गते रोज ३ शुभम्।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७९-WH-०२६४, बन्दीप्रत्यक्षीकरण, सुरेश नाथ वि. उच्च अदालत पाटनसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने निवेदकको रिट निवेदन मागदाबी छ सो सम्बन्धमा विचार गर्दा रिट निवेदक बैंकिङ कसुर मुद्दाको रोहमा न्यायिक थुनामा रहेका र सोही मुद्दाको रोहमा अदालतमा उपस्थित गराउने एवम् उक्त बैंकिङ कसुर मुद्दामा नै पुनः कारबाही चलाई ठहरेबमोजिम हुने नै हुँदा हाल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने नदेखिने।

निवेदक सुरेश नाथ बसोबास गरिआएको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १६ स्थित दिनेश श्रेष्ठको घरमा रीतपूर्वक समाह्वान म्याद तामेल गरेको देखिएन। निवेदक अन्यत्र बसोबास रहेको भन्ने अभियोगपत्रमा नै उल्लेख भएकोमा बसोबास नभएको दार्चुला जिल्ला, साबिक रिठाचौपाता-७ हाल परिवर्तित लेकम गाउँपालिका-६ मा रहेको घरको ढोकामा मिति २०७९।०९।२० मा समाह्वान टाँस तामेल गरेको देखियो। बेरीतपूर्वक तामेल भएको उक्त समाह्वान म्याद र सोका आधारमा स्वच्छ सुनुवाइबिना प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई कैद र जरिवाना हुने गरी भएको उच्च अदालत पाटनबाट मिति २०७९।११।२३ मा भएको

त्रुटिपूर्ण फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब निवेदक सुरेशनाथलाई उक्त बैंकिङ कसुर मुद्दामा थुनछेक प्रयोजनको लागि कारागार कार्यालय डिल्लीबजारबाट उपस्थित गराई, बयान गराउनेलगायतका कानूनी कारबाही अगाडि बढाई, जो जे बुझ्नुपर्ने हो बुझी, पुनः इन्साफ गर्नु भनी उच्च अदालत पाटनका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । सम्बन्धित बैंकिङ कसुर मुद्दाको मिसिल उच्च अदालत पाटनमा तुरुन्त पठाइदिनु । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी कैद मुक्त हुन पाउँ भन्ने हदसम्मको रिट निवेदन दाबी पुग्न नसक्ने हुँदा खारेज हुने।

इजलास अधिकृत - कृतिबहादुर बस्नेत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल आषाढ २४ गते रोज १ शुभम्।

## २२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-WO-०६१२, उत्प्रेषण, दिपक पोखरेल वि. उच्च अदालत, विराटनगरसमेत*

मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा, निवेदन दाबीका दमक वडा नं.४ कि.नं. २३४२ र २२२३ जग्गा २०६८ सालमा नै दाता गजेन्द्र मादेनले ॐ डिष्टिलरीलाई बिक्री गरी हस्तान्तरण गरेको र उक्त डिष्टिलरीले निवेदक सेयर मार्केटका नाममा ऋणबापत थप धितो राखी २०६८।०४।२५ मा नै रोक्का रहेको जग्गामा दाताका दाजुभाइहरूले अंशियारका नाताले लामो समयपछि २०७१ सालमा जालसाज, लिखत बदर मुद्दा दायर गरेको देखियो। सो जालसाज मुद्दामा उच्च अदालत विराटनगरले ५ भागको ३ भाग जग्गा बदर हुने ठहर गरेको अवस्था छ । सो फैसला कार्यान्वयनको क्रममा जालसाज मुद्दाका वादीहरूको सेयर मार्केटका नाउँमा रोक्का रहेको जग्गा फुकुवाको लागि निवेदन परेकोमा रोक्का जग्गा फुकुवा नहुने भनी जिल्ला अदालत सुनसरीबाट आदेश भएपश्चात् उच्च अदालत विराटनगरबाट सो आदेश नमिलेको भनी फुकुवा हुने गरी आदेश भएको पाइन्छ। उच्च अदालत विराटनगरबाट फुकुवा आदेश भएपछि जालसाज मुद्दाका वादी इन्द्रबहादुर मादेनसमेतले उल्लिखित जग्गा आफ्नो नाउँमा कित्ताकाट गरी दर्ता गरेको देखियो। सो दर्ता बदरसमेतको दाबी लिई निवेदकले सुनसरी जिल्ला अदालतमा फैसला बदर र दा.खा. दर्ता बदर मुद्दा दर्ता गरेको तथ्य खुल्न आएको देखिन्छ। ती मुद्दाहरूमा प्रत्यर्थी इन्द्रबहादुर मादेनसमेतले कित्ताकाट गरी दर्ता गरेको जग्गाहरू रोक्का रहेको छ भनी दुवै पक्षका कानून व्यवसायीहरूले स्वीकार गर्नुभएको छ।

मूलतः बैंकले धितो राखी कर्जा प्रवाह गरेको सो धितोलाई अंशमा असर पर्ने अवस्था सिर्जना गर्ने नियतबाट भएको भनी मुद्दा परेको छैन। अंशियारको बिचमा निवेदकका ऋणीले जग्गा खरिद गरेको विषयमा जग्गा दाताहरूको बिचमा लिखत बदर र जालसाजी मुद्दा परेको छ । सो मुद्दामा बैंकलाई प्रतिवादी बनाई जानकारी दिएको छैन । यस अवस्थामा बैंकले कर्जा प्रवाह गरी रोक्का राखेको जग्गा अन्यथा हुने गरी रोक्का फुकुवा गर्न उक्त बैंक तथा वित्तीय संस्था ऐन २०७३ को दफा ५७ को विपरीत हुन्छ। विशेष ऐनले सिर्जना गरेको हक दायित्व अन्यथा प्रमाणित नभएसम्म प्राथमिकता दिनुपर्ने हुन्छ। यस स्थितिमा उच्च अदालत विराटनगरबाट २०६८ सालमा निवेदक वित्तीय संस्थाबाट रोक्का राखेको जग्गा फुकुवा गर्ने गरी मिति २०७६।०७।०७ मा गरेको आदेश कानूनसङ्गत नभए पनि सुनसरी जिल्ला अदालतमा विचाराधीन मुद्दाबाट विवादित जग्गाहरू रोक्का रहिसकेको भन्ने निवेदकका कानून व्यवसायीले स्वीकार गरिसकेको हुँदा अब प्रस्तुत निवेदनबाट पुनः विवादित जग्गाहरू

रोक्का राख्ने आदेश गर्नुपर्ने औचित्य नदेखिने ।

सुनसरी जिल्ला अदालतमा निवेदकले फैसला बदर दा.खा. दर्ता बदर मुद्दा दर्ता गरी विचाराधीन रहेको भन्ने देखिन्छ । सो विचाराधीन मुद्दाबाट निवेदकले कानूनी उपचार प्राप्त गर्ने अवस्था रहेकै छ । मातहत अदालतमा विचाराधीन रहेको विषयमा असर पर्ने गरी रिट क्षेत्राधिकारबाट हस्तक्षेप गरिनु मनासिब हुँदैन । यस अदालतबाट रिट निवेदन जारी गरिरहन नपरी खारेज हुने ।

इजलास अधिकृत : सीताराम खड्का

कम्प्युटर - देबिमाया खतिवडा (देबिना)

इति संवत्२०७९ साल असार १७ गते रोज ६ शुभम् ।

## २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी**, *०७६-CR-१४६९, जबरजस्ती करणी / हाडनाता, परिवर्तित उपनाम ध-२ को पुरूष वि. ध उपनाम गरेकी विवाहित महिलाको जाहेरीले नेपाल सरकार*

प्रतिवादी तत्काल पक्राउ नपरी फरार रहेको अवस्थामा मिति २०७४।०८।१६ मा मात्र पक्राउ परी अदालतमा उपस्थित गराउँदा "मैले नाबालक पीडित छोरीलाई जबरजस्ती करणी गरेको छैन । पैसाको विषयमा भएको घर झगडाको रिसइवीले यस्तो जाहेरी दिएकी हुन् । विगत केही वर्षअघिदेखि त्यस्तो कार्य गरेको भन्ने उल्लेख भएको कुरा सत्य होइन । निज पीडितसँग सुतेको हो, ४/५ महिनाजति भएको थियो । मउपर लागेको अभियोग झुठा हो" भनी इन्कारी बयान गरेको देखिने ।

पीडितको आफ्नी आमा परलोक भइसकेकोले प्रतिवादी पिताले कान्छी श्रीमती विवाह गरेकोमा निज कान्छी श्रीमती पनि वैदेशिक रोजगारको लागि विदेश गएको भन्ने तथ्य रहेको पाइन्छ । यी पीडित प्रतिवादीको मृत जेठी श्रीमतीबाट जन्मिएकी वर्ष १२ की नाबालिका भएको खुल्न आई शारीरिक परीक्षणबाट निजको कन्यजाली (Hymen) च्यातिएको भन्ने देखिन्छ । यसरी यी पीडित प्रतिवादी पिताको संरक्षण लालन पालनमा रही कान्छी सौतेनी आमा विदेशमा भएको बेलामा प्रतिवादी पिताले सँगै सुतेको अवस्थामा निजको स्तन चलाउने, यौनाङ्गमा हातले चलाउने र अलि ठुली भएपछि करणीसमेत गर्न थालेको भनी पीडितले आफूउपर प्रतिवादीले गरेको अपराधको तथ्य उजागर गरेकी छन् । कान्छी आमा विदेशबाट घरमा आइसकेपछि पनि मिति २०७२।०२।१६ मा जाहेरवाली कान्छी आमा घरबाट बाहिर गएको मौकामा यी प्रतिवादीले करणी गरेको भन्नेसमेत निज पीडितले उल्लेख गरेकी छिन् । उक्त परिवेश र परिस्थितिमा गुज्रेकी पीडितले आफ्नै संरक्षक पिताउपर यस प्रकारको गम्भीर आरोप लगाउनुपर्ने अन्य कुनै कारण नदेखिने ।

प्रतिवादी परिवर्तित उपनाम ध-२ ले पीडित परिवर्तित नाम ध-१ लाई जबरजस्ती करणी गरेकोले निज प्रतिवादीलाई साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम आठ वर्ष र हाडनाता करणीसमेत गरेकाले हाडनातामा करणीको महलको १ नं. बमोजिम थप १० वर्ष गरी जम्मा १८ वर्ष कैद सजाय तथा जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितले क्षतिपूर्तिबापत रु.२५,०००।– पाउने ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०४।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मनिता गुरुङ

कम्प्युटर : देबीमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र २२ गते रोज ३ शुभम् ।

## २४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CI-०६६३, ०७५-CI-०६६४,* परमादेश / निषेधाज्ञा, *प्रा. भुषण श्रेष्ठ वि. डा. गोविन्द सिंह विष्ट, प्रा.डा. द्विराज भट्ट वि. डा. गोविन्द सिंह विष्ट*

विश्वविद्यालय कार्यकारी परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने र सो कुराको सूचना सदस्य सचिवले एक दिनअगावै दिनुपर्ने भन्ने देखिन आउँछ। तथापि उक्त नियम सुदुर पश्चिमाञ्चल विश्वविद्यालयको प्रधान कार्यालय रहेको स्थान कन्चनपुर जिल्लाको भिमदत्त नगरपालिका (महेन्द्रनगर) मा बैठक बसेको अवस्थामा सम्म लागु हुने प्रकृतिको देखियो। रिट निवेदन तथा लिखित जवाफ बेहोराबाटै परिषद्को बैठक काठमाडौंमा रहेको विश्वविद्यालयको सम्पर्क कार्यालयमा बस्ने गरेको भन्ने देखिएको अवस्थामा कार्यस्थलभन्दा टाढा सम्पर्क कार्यालयमा राखिएको बैठकमा कार्यस्थलमा काम गरिरहेको व्यक्तिलाई २४ घण्टापहिले दिएको सूचनाका आधारमा भौगोलिक दुरी तथा यातायात साधनको उपलब्धताको सुनिश्चितताको अभावमा सहज ढंगले पुग्न सक्ने अवस्था हुँदैन। सोही बैठक कार्यस्थल महेन्द्रनगरमा नै बसेको भए सो सूचनाका आधारमा पनि बैठकमा सहभागी हुन सक्ने अवस्था रहने हुन्छ तर भौगोलिक दुरीका आधारमा महेन्द्रनगरबाट काठमाडौं पुग्न कम्तीमा दुई दिन लाग्न सक्ने नै देखिन्छ। नियमावलीमा बैठक बस्ने विषयको पूर्वसूचना दिने व्यवस्था गर्नुको तात्पर्य सबै सदस्यहरू उक्त बैठकमा सहभागी हुन सकुन् भन्ने नै हो। नियमावलीमा बैठकको सूचना एक दिनअगाडि दिए हुने भनी गरेको व्यवस्थालाई महेन्द्रनगरमा रहेका सदस्यलाई काठमाडौंमा हुने बैठकको सूचनासमेत एक दिनअघि दिए पुग्ने भनी यान्त्रिक व्याख्या गर्दा नियमावलीमा उक्त व्यवस्था राख्नुको उद्देश्यअनुरूप हुन सक्दैन। बैठकसम्बन्धी सूचना दिँदा विश्वविद्यालयको कार्यालय महेन्द्रनगरमा भएका परिषद् सदस्यसमेत परिषद् बैठक काठमाडौंमा सञ्चालन भएमा समेत सहभागी हुन सक्ने गरी पर्याप्त र मनासिब समयको सूचना दिई बैठक बस्ने गरी व्यवस्थापन गर्ने विषयलाई अन्यथा भन्न नमिल्ने।

निवेदक लगातार तीन पटकभन्दा बढी कार्यकारी परिषद्को बैठकमा अनुपस्थित रहेकाले निज उक्त पदबाट स्वतः हटेको हुँदा निजलाई बैठकको सूचना दिइरहन नपर्ने भन्ने लिखित जवाफ सम्बन्धमा हेर्दा पूर्वोक्त नियमावलीको नियम ७२(घ) मा "मनासिब माफिकको कारणबिना लगातार तीन पटकभन्दा बढी कार्यकारी परिषद्को बैठकमा अनुपस्थित भएमा" कार्यकारी परिषद्को सदस्यको पद रिक्त हुने देखिए तापनि यी निवेदक अनुपस्थित रहेको भनेको विभिन्न मितिका कार्यकारी परिषद्को बैठकको सूचना प्राप्त गर्दाका बखत यी निवेदक विश्वविद्यालयको मुख्य कार्यालय महेन्द्रनगरमा रहेको देखिएका र निवेदकलाई कार्यकारी परिषद्को सदस्यको रूपमा बैठकमा उपस्थित हुन भनी बैठक बस्ने अघिल्लो दिनमा मात्र सूचना दिएको देखिँदा २४ घण्टाको अवधिभित्र महेन्द्रनगरबाट बैठक बस्ने स्थान सम्पर्क कार्यालय काठमाडौंमा पुग्न व्यावहारिक रूपमा कठिन देखिएकाले सोही आधारमा ३ पटकभन्दा बढी पटक बैठकमा अनुपस्थित रहेको भनी कार्यकारी परिषद्को सदस्यबाट स्वतः हटेको मानी अन्य बैठकका लागि आमन्त्रण गर्नु नपर्ने भन्ने पुनरावेदकहरूको जिकिरलाई न्यायोचित र कानूनसम्मत मान्न सकिएन। नियमावलीको व्यवस्थाबमोजिम नै बैठकमा उपस्थित हुन नसकेको मनासिब माफिकको कारण भएमा लगातार तीन पटकभन्दा बढी बैठकमा अनुपस्थित

भएकै कारण कार्यकारी परिषद्को सदस्यको पद रिक्त हुने अवस्था देखिँदैन । रिट निवेदन तथा लिखित जवाफ जिकिरबाट एक दिनको छोटो सूचनाबाट महेन्द्रनगरबाट काठमाडौं गई बैठकमा सहभागी हुन नसकिएको अवस्था देखिएकाले सुदुरपश्चिमाञ्चल विश्वविद्यालय सङ्गठन र शैक्षिक प्रशासन नियमावली, २०६९ को नियम ७२(घ) बमोजिम निवेदकको पद रिक्त हुने अवस्था नदेखिने ।

यसबाहेक, पूर्वोक्त नियमावलीको नियम ६७(७) मा अध्यक्षले तोकेको स्थानमा परिषद्को बैठक बस्ने व्यवस्था भएकोमा सुदुरपश्चिमाञ्चल विश्वविद्यालयको कार्यालय भएकै स्थान कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा बैठक सञ्चालन गर्न भनी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासले गरेको आदेश नियमावलीको उल्लिखित कानूनी व्यवस्थाविपरीत रहेको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा विशेष परिस्थिति परी अन्यत्र बैठक गर्नुपर्ने अवस्थाबाहेक नियमित बैठक विश्वविद्यालय रहेकै स्थानमा गर्नु स्वाभाविक देखिन आउँछ । अध्यक्षले तोकेको स्थानमा बैठक सञ्चालन हुने भन्नुको स्वाभाविक अर्थ विश्वविद्यालय रहेकै स्थानमा बैठक सञ्चालन गर्ने भन्ने नै हो । विशेष परिस्थिति परी काठमाडौं सम्पर्क कार्यालय वा अन्य कुनै स्थानमा बैठक सञ्चालन गर्नुपरेमा परिषद्को बैठकले सर्वसम्मत निर्णय गरी त्यस्तो बैठक गर्न सकिने अवस्था रहेकै देखिन आएकाले अब उप्रान्त बैठक बस्ने मिति र समय तथा छलफलका विषयसमेत उल्लेख गरी बाटाको म्याद २ दिनबाहेक २४ घण्टाअगाडि सूचना दिई विशेष अवस्थामा बाहेक विश्वविद्यालयको कार्यालय रहेको स्थान कञ्चनपुरको महेन्द्रनगरमै बैठक सञ्चालन गर्ने व्यवस्था गर्नु भनी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासबाट जारी भएको आदेश मनासिब देखिँदा अन्यथा गर्नुपर्ने देखिएन । उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको आदेशले बैठक सञ्चालनसम्बन्धी अध्यक्षको अधिकार कटौती गरेको नभई परिषद्को बैठकलाई प्रभावकारी र व्यवस्थित गर्ने कार्यसम्म गरेको मान्नुपर्ने देखिन आएकाले सो आदेशबाट पुनरावेदकहरूलाई अन्यथा असर परेको भन्ने नदेखिने ।

उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।३।३१ मा जारी भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल फागुन १० गते रोज ४ शुभम् ।

## इजलास नं. ५

### २५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७५-CR-०७५९, ०७५-CR-१०६१, जबरजस्ती करणी, नेपाल सरकार वि. ठगीराम डाँगी, ओपेन्द्र भण्डारीसमेत वि. नेपाल सरकार*

पीडितलाई जबरजस्ती रुकुम सल्ले ल्याएको भए वा जबरजस्ती करणी गरेको भए सक्षम महिलाले रुकुम सल्ले जिल्ला प्रहरी कार्यालय रुकुममा जाहेरी दिन सक्थिन्, रुकुम ५४ङ लाई निजको दिदीले आफूहरूलाई दुःख दिन जबरजस्ती जाहेरी दिन लगाएको भन्ने पुनरावेदन जिकिरका सन्दर्भमा हेर्दा, पीडितले कुनै खास स्थानको प्रहरी कार्यालयमा जाहेरी दिएको वा नदिएको भन्ने आधारमा मात्र निजको उक्त वारदातमा सहमति थियो भनी व्याख्या गर्न मिल्ने

हुँदैन। पीडितले आफू सुरक्षित भएको महसुस गरेपछि प्रतिवादीउपर जाहेरी दिने र सो कार्यमा आफ्नो अभिभावक वा विश्वासिलो व्यक्तिको सहयोग लिने कार्यलाई स्वाभाविक रूपमा बुझ्न सकिन्छ। सोही क्रममा पीडितको दिदी नाताकी व्यक्तिले जाहेरी दिने कार्यमा सहयोग गर्नुलाई अन्यथा भन्न सकिँदैन। प्रतिवादीहरूले आफ्नो निर्दोषिता पुष्टि गर्न जिकिर लिएको (इन्द्रप्रसाद आचार्य विरुद्ध श्री ५ को सरकार भएको जबरजस्ती करणी मुद्दा ने.का.प. २०३७ नि.नं. १३६७) नजिर सिद्धान्त फरक तथ्य र सन्दर्भमा प्रतिपादन भएको देखिँदा प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिन आएन। पीडितलाई सार्वजनिक यातायातमा चढेको अवस्थामा उत्रिने ठाउँमा नउतारी अर्कै ठाउँमा लगी एक विशिष्ट अवस्थाको सिर्जना गरी निजको अप्ठेरो अवस्थाको फाइदा उठाई दुई जना व्यक्ति संलग्न भई गरेको जबरजस्ती करणीको वारदात सामूहिक रूपमा नै भएको देखिन्छ। यसरी, प्रस्तुत वारदातको प्रकृतिबाट १८ वर्षको परिपक्व भई नसकेकी पीडितलाई ललाइफकाइ सार्वजनिक सेवा प्रदान गर्ने जिम्मेवारी र कर्तव्य भएका यी प्रतिवादीहरूले सल्यानको मुलपानी झार्नुपर्नेमा पीडित व्यक्तिलाई सो स्थानमा नझारी रुकुम सल्ले होटेलमा लगि पालैपालो करणी गरेको घटनाको प्रकृतिबाट देखिइरहेको र सो तथ्य पीडितको बकपत्रबाट पनि पुष्टि भएको देखिँदा उच्च अदालत तुलसीपुरबाट यी पुनरावेदक प्रतिवादीहरूको हकमा भएको फैसलालाई अन्यथा भन्न मिलेन।

वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सन्दर्भमा विचार गर्दा, जाहेरी दरखास्तसमेतका समग्र वारदातको प्रकृति र घटनाक्रमबाट प्रतिवादी ठगिराम डाँगीको समेत वारदातमा संलग्नता भएको पुष्टि हुँदाहुँदै निजलाई सफाइ दिने गरी भएको उच्च अदालतको फैसला न्यायोचित नभएकोले निजको हकमा उक्त फैसला बदर गरी अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर लिएको देखियो। यी ठगीराम डाँगीले ओपेन्द्र भण्डारी र कमलराज खत्री पछि करणी गर्न खोजेको भनी पीडितले जाहेरी र बकपत्रमा उल्लेख गरेको भए पनि जबरजस्ती करणी गर्नका लागि आफूलाई निजले समाएको वा छोएको भनी उल्लेख गर्न सकेको पाइँदैन। जबरजस्ती करणी उद्योगको कसुर ठहर हुनका लागि जबरजस्ती करणीको आसय मात्र भएर पुग्दैन सो आसय पूरा गर्ने अभिप्रायले पीडितलाई छोएको, पल्टाएको वा कपडा खोलेको तर बिचमा कुनै अवरोध आई लिङ्ग योनिमा छुवाउने वा पसाउने कार्यसम्म हुन नसकेको भन्ने तथ्य ठोस प्रमाणबाट पनि पुष्टि हुनुपर्दछ। प्रतिवादीले अदालतसमक्ष बयान गर्दा पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको होइन, जाहेरी बेहोरा झुठा हो भनी कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ। यसरी पीडितको बकपत्रलगायत कुनै पनि प्रमाणबाट प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन नआएको र प्रतिवादी ठगीराम डाँगीले कसुरमा इन्कारी रही बयान गरेकोसमेत देखिँदा निजको हकमा उच्च अदालत तुलसीपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन।

प्रतिवादीहरू ओपेन्द्र भण्डारी र कमलराज खत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(४) नं. बमोजिम जनही कैद वर्ष ५(पाँच) र ऐ. ३क नं. बमोजिम सामूहिक रूपमा जबरजस्ती करणी गरेकोमा जनही थप ५(पाँच) वर्ष गरी जनही १०(दश) वर्षको दरले कैद सजाय गरी निजहरूबाट पीडितले रु. १,५०,०००।- क्षतिपूर्ति पाउने ठहर गरी प्रतिवादी ठगीराम डाँगीलाई सफाइ दिने ठहऱ्याएको सुरू जिल्ला

अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत तुलसीपुरको मिति २०७५।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- भेषराज कोइराला

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल असार २५ गते रोज २ शुभम् ।

**२६**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WO-०४८३, उत्प्रेषण/ परमादेश, विक्रम श्रेष्ठ (जुवा) वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

प्रत्यर्थी जल तथा मौसम विज्ञान विभागको प.सं. २०७९/८० च.नं. ३३२ मिति २०७९/५/१० को पत्रसाथ भरी पठाइएको माग आकृति विवरणमा उल्लेख भएबमोजिम उक्त विभागमा रिक्त रहेको नेपाल इञ्जिनियरिङ सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूहअन्तर्गतको राजपत्राङ्कित प्रथम श्रेणीको उपमहानिर्देशक पद-१ पूर्तिका लागि प्रत्यर्थी लोक सेवा आयोगद्वारा मिति २०७९/६/२६ मा प्रकाशित सूचनामा समावेश गरिएको नदेखिँदा उक्त विभागको माग आकृति विवरणबमोजिमको उल्लिखित रिक्त पद समावेश नगरिएको हदसम्म प्रत्यर्थीहरूबाट भए गरिएका काम कारबाही, निर्णय, पत्राचार, विज्ञापन, सूचना त्रुटिपूर्ण देखिँदा सो पद समावेश नगर्ने गरी भएका हदसम्मका प्रत्यर्थीहरूका काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरिएको छ । अब, प्रत्यर्थी लोक सेवा आयोगद्वारा मिति २०७९/६/२६ मा प्रकाशित सूचनामा नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, हाइड्रोलोजी उप-समूहको रिक्त पद संख्या १ (एक) समेत समावेश गरी कानूननबमोजिम पदपूर्ति गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम प्रत्यर्थीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत :- प्रदीपकुमार उपाध्याय

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०७९ साल फागुन १५ गते रोज २ शुभम् ।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-०३७३, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. विशाल पण्डित*

प्रतिवादीमध्येका विशाल पण्डितका साथबाट १९ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको कुरा बरामदी मुचुल्का तथा प्रतिवेदकहरूको भनाइसमेतबाट देखियो । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोराबाट पनि निज बिशाल पण्डितको साथबाट केवल १९ ग्राम लागु औषध बरामद भएको, निजले सोही परिमाणको मात्र मूल्य भुक्तान गरी खरिद गरेको भन्ने देखिन्छ । निजलाई लागु औषध बिक्री गर्ने सहअभियुक्तसँग कति परिमाणको लागु औषध थियो भन्ने कुरासँग निज बिशाल पण्डितको कुनै सरोकार रहेको पनि देखिँदैन । यस अवस्थामा निजलाई १९ ग्रामभन्दा बढी परिमाणको लागु औषध कारोबार गरेको भनी फौजदारी दायित्व वहन गराउनु मनासिब हुँदैन । प्रतिवादी बिशाल पण्डितले उच्च अदालतको फैसलाउपर मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी निवेदन दिएकोमा यस अदालतबाट अनुमति नहुने आदेश भएकोसमेत पाइयो । तसर्थ, कसुर ठहर गरिएतर्फ अब थप विवेचना गरिरहनुसमेत परेन । यस अवस्थामा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको कसुर प्रतिवादी विशाल पण्डितले गरेको भनी उच्च अदालतले ठहर गरेकोलाई बेमुनासिब मान्न मिलेन ।

प्रतिवादी विशाल पण्डितलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ६ (छ) वर्ष कैद र रु.१०,०००/- (दश हजार) जरिवाना हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३/२/२० मा भएको सुरू फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७४/७/७ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत :- हरिप्रसाद आचार्य

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७९ साल मंसिर ६ गते रोज ३ शुभम्।

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-०६५६, कर्तव्य ज्यान, नन्दराम ओली वि. नेपाल सरकार*

प्रतिवादी नन्दराम ओलीले आवेगमा आई आफूबाट ज्यान मार्ने कार्य भएको भनी जिकिर लिएको सन्दर्भमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा ज्यान मार्नाको मनसाय पनि रहेनेछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनेछ, लुकीचोरीकन हानेको पनि रहेनेछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएको माबाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा जाहेरवालाका सन्तान नभएको कारणबाट निजको सम्पत्ति खाने लालसामा रहेका प्रतिवादी नन्दरामले जाहेरवालाले छोरासहित श्रीमती विवाह गरेपछि रिसइवी राखी ज्यान लिने मनसायका साथ जोखिमी हतियार बन्चरो प्रहार गरेको हुँदा यसलाई आवेशप्रेरित हत्या मान्न मिलेन । ज्यान मार्ने र सम्पत्ति खाने मनसाय राखेर जोखिमी हतियार बन्चरो प्रहार गरी मारेको, पटकपटक गिता ओलीलाई प्रहार गरेको, अबोध नाबालक अमर ओलीसमेत लाई मारेको, रातको ९/१० बजेको समयमा मृतकको घरमा गई हत्या गरेको, हत्यापश्चात् पीडितको घरको बाहिरबाट ढोका लगाई चाबीसमेत झुण्ड्याई नजिकैको धारामा गई रगत लागेको कपडा तथा हात धोई आफ्नो घरमा सुत्न गएको तथ्य शंकारहित तवरबाट स्थापित भएको हुँदा उल्लिखित वारदातलाई मनसायप्रेरित हत्या नै मान्नुपर्ने देखियो । तसर्थ, प्रतिवादी नन्दराम ओलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय हुने ठहर गरेको फैसला मनासिब नै देखिन्छ । वारदातको रूप, प्रकृति, घटनाक्रमसमेतका समग्र पक्षमा विचार गर्दा यस प्रकारको निर्मम, पाश्विक र अमानवीय कार्य भएको कुरामा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम घटी सजाय गर्नु सर्वथा अनुचित हुन जाने अवस्था देखियो।

प्रतिवादी नन्दराम ओलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर गरेको ठहऱ्याई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी सुरू रुकुम जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत, तुलसीपुरको मिति २०७५/१/४ को फैसला मनासिब देखिएकाले सदर हुने ठहर्छ । प्रतिवादी नन्दराम ओलीको पुनरावेदन जिकिर पुग्न सक्दैन । हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ मा सर्वश्व हुने प्रावधान नरहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) बमोजिम परिवर्तित कानूनले प्रदान गरेको सुविधासम्म प्रतिवादीले पाउने भएकाले निज प्रतिवादीको सर्वश्व भने गरिरहन परेन । जन्मकैदको सजाय मात्र हुने।

इजलास अधिकृत :- हरिप्रसाद आचार्य

इति संवत् २०७९ साल मंसिर ६ गते रोज ३ शुभम्।

## इजलास नं. ६

### २९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी**, *०७६-CI-०६३२, सूचनाको हकसम्बन्धी, रामपुकार रौनियार वि. पिताम्बर अधिकारीसमेत*

सर्वप्रथम मिति २०७१।०५।०५ मा आयोगसमक्ष सूचना पाइनँ भनी वीरगन्ज उपमहानगरपालिका विरुद्ध उजुरी दिएका यी पुनरावेदकले मागबमोजिमको सूचना नदिएकोले दण्ड जरिवानासहित कारबाही गरिपाउँ भन्दै एकैपटक मिति २०७३।०७।२४ मा उजुरी दिएको देखिन्छ। आयोगको मिति २०७३।०९।०७ को आदेशबमोजिम सूचना उपलब्ध गराउनको लागि पुनरावेदक कार्यालयमा निवेदकको भौतिक उपस्थिति नभएको र फोन सम्पर्कसमेत नभएको अवस्थालाई मध्यनजर राख्दै माग भएका सम्पूर्ण कागजातहरू संलग्न राखी आफैँ उपस्थित भई बुझिदिनुहोला भन्दै शीघ्रताको लागि मिति २०७३।०९।१९ मा कुरियर गरेकोमा पुनरावेदकले सो बुझ्न नमानी उपमहानगरपालिकाको कार्यालयमै फिर्ता भएको देखिएबाट वीरगन्ज उपमहानगरपालिकाको कार्यालयबाट सूचना नदिइएको वा थप सूचना दिन तत्परता नराखेको भन्न मिल्ने देखिएन।

सूचना दिने कारबाही चलिरहेकै अवस्थामा यी पुनरावेदकले मिति २०७३।०८।२६ र मिति २०७३।०९।२१ मा आयोगसमक्ष उजुरी गरेको देखिएबाट सूचनाको माग बारम्बार गर्ने तर सूचना प्राप्त गर्ने सम्बन्धमा सो प्रदान गर्ने कार्यालयमा उपस्थियत नहुने, लेखिएको पत्र नबुझ्ने गरेबाट यथार्थमा सूचना प्राप्तिको लागि यी पुनरावेदकले उदासीनता देखाएको पाइयो। एकातर्फ विपक्षी कार्यालयमा पूर्वआदेशहरूउपर कारबाही भएन भनी र अर्कोतर्फ सूचना उपलब्ध गराउन चलाइएको काम कारबाहीलाई राम्रोसँग नहेरी यी पुनरावेदकको मिति २०७३।०९।२१ को निवेदन मागबमोजिम उजुरी परेको भोलिपल्टै अर्थात् मिति २०७३।०९।२२ मा विपक्षीहरूलाई जरिवाना र विभागीय कारबाही गर्ने निर्णय गरेको देखिँदा राष्ट्रिय सूचना आयोगले यी विपक्षीहरूलाई सुनुवाइको पर्याप्त अवसर दियो भन्न सकिने अवस्था देखिएन।

तसर्थ, प्रस्तुत मुद्दामा निवेदकले आफूले चाहेको सूचना केसम्बन्धी हो भनी स्पष्ट गर्न नसकेको अवस्थामा पनि विपक्षीहरूले आयोगबाट आदेश भएबमोजिम के कुन कागजातहरूको सूचना उपलब्ध गराइदिने भनी स्पष्ट हुने कोसिस गर्दै पुनरावेदक र आयोगलाई पत्राचार गरेको देखिएको एवम् आयोगबाट सूचनाको फेहरिस्त प्राप्त भएपछि पुनरावेदक रामपुकारलाई मागबमोजिम सूचना उपलब्ध गराउन पत्राचारसमेत गरेको मिसिल संलग्न कागजातहरूबाट देखिएको छ । साथै, सूचना माग्ने र पाउने हकको उपयोग एकपटक गरिसकेपछि पुनः उपयोग गर्न नपाइँने गरी निषेध गरिएको नहुँदा सार्वजनिक निकायले ऐनद्वारा सूचना एवम् विवरण सार्वजनिक गर्न निषेध गरिएका विषयहरूबाहेकका अन्य कुराहरूका सम्बन्धमा नेपाली नागरिकले जहिलेसुकै पनि र निरन्तर रूपमा सूचना माग्न सक्ने र पाउन सक्ने नै हुन्छ । यो प्रक्रियालाई कसैले रोक्न मिल्ने देखिँदैन । निवेदकको यो हक अकुण्ठित रहेकोसमेत परिप्रेक्ष्यमा विपक्षीहरूले पुनरावेदकलाई मागबमोजिमको सूचना दिन इन्कार गरेको अवस्था नदेखिएको भन्दै उच्च अदालत, पाटनले मिति २०७५।०८।०२ मा राष्ट्रिय

सूचना आयोगको मिति २०७३।०९।२२ को निर्णय बदर गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकमी

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल असोज ३० गते रोज १ शुभम्।

## ३०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH- ००८४, बन्दीप्रत्यक्षीकरण, ब्रजेश उपाध्याय वि. उच्च अदालत पाटनसमेत*

म्याद रीतपूर्वक तामेल भएको छ वा छैन भनी हेर्दा, निवेदकका नामको म्याद सूर्यविनायक नगरपालिका भक्तपुर वडा नं. ३ मा जारी भई मिति २०७८।८।२८ मा तामेल हुँदा घरद्वार पत्ता नलागेको भन्ने जनाइएको "वडा अध्यक्ष भेट नभएकोले" भन्ने उल्लेख भई सूचना पार्टीमा टाँस भएको जनाइएको पाइयो भने अर्को वतन खोजिएको वा जाहेरवालाले उल्लेख गरेको हालको वतनमा जारी भई तामेल भएको पाइएन न त वादी पक्षसँग अर्को वतन छ भनी सोधखोज गरेको नै देखियो । झिकाइआएको सुरू मिसिल हेर्दा, NIC ASIA बैङ्कले भराएको खातावालाको बसोबास भएको ठेगानाको मार्ग चित्रमा काठमाडौं महानगरपालिका बालुवाटार जनाई घर र बाटोको स्केचसमेत दिइएको पाइयो। यस स्थितिमा निवेदकको स्थायी वतन वा हाल बसोबासको वतन स्पष्ट खुलाई म्याद रीतपूर्वक तामेल भएको पाइएन भने पत्रिकामा सूचना प्रकाशित हुँदा पनि गलत वतन नै उल्लेख भई प्रकाशित भएकोबाट निवेदकले सुनुवाइको अवसर पाएको देखिएन।

यस स्थितिमा मिति २०७८।८।२८ को तामेली र मिति २०७८।११।९ र मिति २०७८।१।५ मा गोरखापत्रको प्रकाशित सूचना र सुनुवाइको मौका प्रदान नगरी उच्च अदालत, पाटनबाट मिति २०७९।४।२३ मा भएको फैसला सुनुवाइको अवसर नदिई स्वच्छ न्यायको हक विरुद्ध देखिई कायम रहन सक्ने नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक हाल कारागारमा रहेको हुँदा कारागारबाट झिकाइ अड्डाको रोहबरमा बुझाई बयान गराई कानूनबमोजिम जोजे गर्नुपर्ने हो गर्नु भनी उच्च अदालत, पाटनको नाममा परमादेशको आदेश जारी गरिएको छ।

इजलास अधिकृत :- दीपशिखा मुनाकमी

कम्प्युटर अपरेटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल पुस ८ गते रोज ६ शुभम्।

## ३१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CI-०४८३, जग्गा खिचोला चलन, घर उठाइपाऊँ,* भवानीप्रसाद भण्डारी वि. मायादेवी सुवेदीसमेत

पुनरावेदक वादीले आफ्नो जग्गा खिचोला गरी प्रतिवादीले घर टहरा बनाएकोले सो संरचनाहरूसमेत हटाइपाउँ भनी जिकिर लिएको अवस्था छ । अदालतबाट भइआएको नापनक्सा मुचुल्का हेर्दा न.नं ८ मा प्रतिवादीको पक्की घर न.नं ९ र न.नं १० मा कच्ची घर रहेको भन्ने देखिन्छ । ती घरहरू पिता पुर्खाकै पालामा २०२७ सालमा नक्सा पास गरी बनाई बसोबास गरिआएको हो, पछि निर्माण भएको घर होइन भनी प्रतिवादीको जिकिर रहेको देखिन्छ। वादीले त्यस कुरालाई अन्यथा प्रमाणित गराउन सकेको देखिँदैन । आफूउपर कमलबहादुर श्रेष्ठले दिएको खिचोला मुद्दामा स्थलगत नापनक्सा हुँदा आफ्नो जग्गा यी प्रतिवादी मायादेवीले खिचोला गरेको भन्ने थाहा पाएको भनी प्रस्तुत मुद्दाको फिराद दिएको अवस्था छ । प्रमाणमा आएको उक्त खिचोला मुद्दाको मिसिल हेर्दा उक्त मुद्दामा मिति २०५२।०९।१६ मा नापनक्सा भएको देखिएको छ । वादीको जग्गामा प्रतिवादीले घर बनाएको मिति

२०५२।०९।१६ लाई नै स्वीकार गर्ने हो भने पनि सो मितिलाई आधार मानी म्यादभित्र फिराद परेको भन्ने देखिँदैन । मिति २०५४।०९।२० मा प्रस्तुत मुद्दाको फिराद दायर भएको देखिन्छ। साबिक मुलुकी ऐन, घर बनाउने महलको ११ नं. मा "जग्गा मिची घर बनाएकोमा घर तैयार भएको मितिले एक वर्षभित्र नालिस नदिए नालिस लाग्न सक्दैन" भनी उल्लेख भएको देखिएबाट उक्त हदम्यादसम्बन्धी कानूनी व्यवस्थाले समेत वादीलाई सहयोग गरेको देखिएन । अर्कातर्फ घर टहरा जनिएका न.नं ८, ९, १० का जग्गाबाहेक न.नं ७ को विवादित जग्गा खिचोला ठहर भइसकेको र वादीले हाल भोग गरिरहेको जग्गाको क्षेत्रफल र खिचोला ठहर भएको जग्गाको क्षेत्रफल जोड्दा वादीको ट्रायल चेकबमोजिमको जग्गा लगभग पुगेको देखिँदा घर हटाइपाउँ भन्नेतर्फको दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न मिलेन।

घर हटाइपाउँ भन्नेतर्फको वादी दाबी नपुग्ने र जग्गातर्फ न.नं. ७ को क्षेत्रफल ०-०-१८-२ को जग्गासम्म खिचोला ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०६८।०९।०५ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०६९।०९।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : पुष्कल राज प्रसाई/लाल बहादुर कार्की

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल भदौ २८ गते रोज ३ शुभम्।

## ३२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-०७५५, नामसारी दाखिल खारेज दर्ता बदर दर्ता, कृष्णबहादुर श्रेष्ठ वि. नविनबहादुर श्रेष्ठसमेत*

सुर्यमाया श्रेष्ठले शेषपछिको बकसपत्र गरिदिएउपर यिनै पुनरावेदकसमेतले यिनै प्रत्यर्थी/प्रतिवादीउपर दायर गरेको बकसपत्र बदरको मुद्दामा वादी दाबी पुग्न नसक्ने भनी सुरू पर्सा जिल्ला अदालतले गरेको फैसलालाई पुनरावेदन अदालत हेटौंडाले समेत सदर हुने ठहऱ्याएको फैसला अन्तिम भई बसेको देखिन्छ भने मिति २०४८।८।२३ मा भएको मिलापत्रको सर्तविपरीत आमा सुर्यमाया श्रेष्ठले दुई जना छोराहरूलाई मात्र शेषपछिको बकसपत्रको लिखत गरिदिएको भन्दै यिनै पुनरावेदकले यिनै प्रत्यर्थी/प्रतिवादीउपर मिलापत्रबमोजिम गरिपाउँ भनी दायर गरेको २०६६ सालको सा.दे.नं. ८१३ को मुद्दामा वादी दाबी नपुग्ने गरी भएको सुरूको फैसला तहतह हुँदै यस अदालतबाट समेत मिति २०७१/८/१२ मा दोहोऱ्याई हेर्ने अनुमति प्रदान नभई (यस अदालतको ०६८-RI-१२२५ मा) अन्तिम भई बसेको अवस्था छ । यस स्थितिमा प्रत्यर्थी/प्रतिवादी नविनबहादुर श्रेष्ठ र विजयबहादुर श्रेष्ठले शेषपछिको बकसपत्रको लिखतबमोजिम आमा सूर्यमाया श्रेष्ठको नामबाट उक्त कि.नं. ८१ को जग्गालाई साधिकार निकायबाट दाखिल खारेज गरी आफ्ना नाममा नामसारी दर्ता गरेको कार्य कानूनसम्मत नै देखियो । यस स्थितिमा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पर्सा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालत हटौंडाको फैसलालाई अन्यथा भन्न मिलेन।

पुनरावेदन अदालत हटौंडाबाट मिति २०७१।०३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर - रेखा भट्टराई

इति संवत् २०७९ साल पौष १९ गते रोज ३ शुभम्।

३३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७२-CI-०७५४, लिखत दर्ता बदर दर्ता, कृष्णबहादुर श्रेष्ठ वि. नविनबहादुर श्रेष्ठसमेत*

आमा सुर्यमाया श्रेष्ठले दुई छोराहरू नविनबहादुर श्रेष्ठ र विजयबहादुर श्रेष्ठलाई शेषपछिको बकसपत्र गरिदिएउपर यिनै पुनरावेदक कृष्णबहादुर श्रेष्ठ, निजकी पत्नी शारदा श्रेष्ठ, अर्का भाइ रविन्द्ररबहादुर श्रेष्ठ तथा निजकी पत्नी उषा श्रेष्ठले यी प्रत्यर्थी/प्रतिवादी नविनबहादुर श्रेष्ठ र विजयबहादुर श्रेष्ठलाई विपक्षी बनाई छुट्टाछुट्टै रूपमा दायर गरेको २०६६ सालको सा.दे.नं. ८४७, सा दे.नं. ८४८, दे.नं. ७८१/८४६ र सा. दे.नं. ७८४/८४९ का मुद्दामा सुरू पर्सा जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने भनी मिति २०६७/३/२० मा गरेको फैसलालाई पुनरावेदन अदालत हेटौंडाले समेत मिति २०६८/५/३० मा सदर हुने ठहऱ्याएको फैसला अन्तिम भई बसेको देखिन्छ । त्यसै गरी मिति २०४८।८।२३ मा मिलापत्रको सर्तविपरीत आमा सूर्यमाया श्रेष्ठले दुई जना छोराहरूलाई मात्र शेषपछिको बकसपत्र लिखत गरिदिएको भन्दै यिनै पुनरावेदक कृष्णबहादुर श्रेष्ठले यिनै प्रत्यर्थी/प्रतिवादीउपर मिलापत्रबमोजिम गरिपाउँ भनी दायर गरेको २०६६ सालको सा.दे.नं. ८१३ को मुद्दामा वादी दाबी नपुग्ने गरी भएको सुरूको फैसला तहतह हुँदै यस अदालतबाट समेत मिति २०७१/८/१२ मा दोहोऱ्याई हेर्ने अनुमति प्रदान नभई (यस अदालतको ०६८-RI-१२२५मा) अन्तिम भई बसेको अवस्था छ । यस स्थितिमा आमा सुर्यमाया श्रेष्ठबाट शेषपछिको बकसपत्रको लिखतबाट नविनबहादुर श्रेष्ठ र विजयबहादुर श्रेष्ठले प्राप्त गरेको सम्पत्तिमा पुनरावेदक/वादी कृष्णबहादुर श्रेष्ठको हक लाग्ने अवस्था देखिएन ।

विवादित जग्गा प्रत्यर्थी/प्रतिवादी नविनबहादुर श्रेष्ठ र विजयबहादुर श्रेष्ठले मिति २०६७।११।१० मा दाखिल खारेज नामसारी गरी आफ्नो नाममा दर्ता गराएउपर यी पुनरावेदक/वादीले दायर गरेको नामसारी दाखिल खारेज दर्ता बदर दर्ता मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहर गरेको पर्सा जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत हेटौंडाले सदर गरेपछि यस अदालतमा मुद्दा दोहोऱ्याइपाउँ भनी परेको निवेदनमा निस्सा प्रदान भई पुनरावेदनसरह दर्ता हुन आएको यसै लगाउको ०७२-CI-०७५५ को मुद्दा आज यसै इजलासबाट सुरू र पुनरावेदनको फैसला सदर कायम हुने ठहर भइसकेको अवस्था छ । यसरी मिति २०६७।११।१० मा भएको दाखिल खारेज नामसारी दर्ताले कानूनी मान्यता प्राप्त गरिसकेको अवस्थामा सो दाखिल खारेज नामसारी दर्ताबाट प्राप्त हुन आएको जग्गा नै नविनबहादुर श्रेष्ठ र विजयबहादुर श्रेष्ठले मिति २०६७।१२।३ मा रम्भादेवीलाई राजीनामा पारित गरिदिएको देखिएको स्थितिमा उक्त राजीनामा लिखत दूषित रहेकोले बदर हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

पुनरावेदन अदालत, हेटौंडाले मिति २०७१।०३।१५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर :- रेखा भट्टराई

इति संवत् २०७९ साल पौष १९ गते रोज ३ शुभम् ।

३४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७३-CR-०८८०, ०७३-CR-१२२४, लागुऔषध (ब्राउन सुगर), नेपाल सरकार वि. मुन्नालाल नाउसमेत, मोहम्मद उमर राई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी मोहम्मद उमर राईलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(२)(छ)(२) बमोजिम १० (दश वर्ष) कैद र रू.८०,०००/- (असी हजार) जरिवाना हुने, प्रत्यर्थी प्रतिवादी विरू शुक्लाको हकमा ऐ. ऐनको दफा १७ बमोजिम हुने सजायलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (२) बमोजिम १ (एक) महिना कैद गरी ऐ. दफा ५०(२) बमोजिम सजाय स्थगन र प्रत्यर्थी प्रतिवादीहरू मुन्नालाल नाउ र कृष्णबहादुर थापालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १(एक) वर्ष कैद हुने ठहर्‍याई सुरु बाँके जिल्ला अदालतबाट मिति २०७२/०६/१७ मा भएको फैसलालाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७३/०२/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- सदन अधिकारी

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०७९ साल कात्तिक १५ गते रोज ३ शुभम्।

**३५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७०-WO-०७९४, उत्प्रेषण, उग्रह चौधरी वि. कपिलवस्तु जिल्ला अदालत, तौलिहवासमेत*

रिट निवेदकले कपिलवस्तु जिल्ला अदालतमा बहाल भराई घर खाली गराइपाउँ भन्ने मुद्दा दिएकोमा प्रतिवादीका जिकिरसमेतबाट प्रस्तुत कि.नं. १२८७ र ८६६ मध्ये दाबीको घर कुन कित्तामा छ, पकडी पिपरा सडक कुन कित्ताबाट गएको छ भन्ने प्रश्न उठेको देखिन्छ। सडकमा परेको जग्गाको लगत कट्टा नगरी यकिन नाप नक्सा हुन सक्ने नदेखिई सो विवादित स्थानमा सडकमा परेको जग्गाको लगत कट्टा भएको बखत प्रस्तुत मुद्दा कारबाही गर्ने गरी मुल्तबीमा राखिदिने भन्ने सुरू अदालतबाट आदेश भएको र विवादित कि.नं. १२८७ र ८६६ को जग्गामध्ये पकडी पिपरा सडकमा परेको जग्गाको लगत कट्टा गरी नापी कार्यालय तथा जिल्ला प्राविधिक कार्यालयमा पठाइदिनु भनी कपिलवस्तु जिल्ला अदालतबाट आदेश भएको देखिन्छ। कपिलवस्तु जिल्ला अदालतबाट भएको उक्त आदेशलाई सम्बोधन गर्दै नापी कार्यालय, कपिलवस्तुले मिति २०७०।८।१८ मा लगत कट्टा गरेको भनी कपिलवस्तु जिल्ला अदालतलाई पत्राचार गरी सोको बोधार्थ मालपोत कार्यालयलाई समेत दिएको देखिन्छ। तत्पश्चात् जिल्ला अदालतमा परेको मुद्दा मुल्तबीबाट जागी कारबाही चली मिति २०७१।३।२६ मा फैसलासमेत भएको देखिन्छ। तत्कालीन न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) मा "पुनरावेदन अदालतलाई जिल्ला अदालत र प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको सुरू फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने र कानूनबमोजिम साधक जाँच्ने अधिकार हुने" भनी उल्लेख भएको देखिन्छ। हाल कपिलवस्तु जिल्ला अदालतबाट बहाल भराई र जालसाज मुद्दामा भएका फैसलाउपर पुनरावेदन परी विचाराधीन रहेको भन्ने पनि बहसको क्रममा खुल्न आएको छ। साधारण क्षेत्राधिकारअन्तर्गत सुरू जिल्ला अदालतमा चलेका मुद्दामा भएका अन्तरकालीन प्रकृतिका आदेशमा तत्कालमा अ.बं.१७ नं. अन्तर्गत उपचार प्राप्त गर्न सकिने हुन्छ। रिट क्षेत्रबाट यस्तो आदेशमा हस्तक्षेप गर्नु वाञ्छित देखिँदैन। हाल जिल्ला अदालतबाट बहाल भराई मुद्दाहरूमा फैसला भइसकेको भन्ने भएबाट समेत कुनै आदेश जारी गर्नुपर्ने देखिएन।

रिट निवेदकले साधारण क्षेत्राधिकारको

माध्यमबाट उपचार प्राप्त गर्न सक्ने देखिएको अवस्थामा रिट क्षेत्रबाट हस्तक्षेप गरी हाल यस विषयमा प्रवेश गरी निर्णय गर्नु उचित हुने देखिँदैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : पुष्कल राज प्रसाई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र २७ गते रोज २ शुभम्।

**३६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७३-CI-०८७५, अपुताली नामसारी दा.खा. निर्णय बदर अपुताली नामसारी दर्ता हक कायम चलन, मेहरवती राजवंशी वि. हरिलाल राजवंशीसमेत*

पुनरावेदिका महेरवतीले मिति २०५७।२।२३ मा नै मृतक पावनी राजवंशी तथा यी प्रत्यर्थी/प्रतिवादी पानवती राजवंशीसमेतसँग आफ्नो अंश लिई छुट्टै बसेको देखिन्छ। अंश चलन मुद्दामा पावनीले आफ्नो प्रतिउत्तर पेस गर्दा यी पुनरावेदिकालाई आफ्नी बुहारी नाता रहेको कुरामा अस्वीकार गरेको देखिएबाट सासू बुहारीको सम्बन्धमा तिक्तता रहेको पाइन्छ। अर्कोतर्फ यी प्रतिवादीहरू मृतक पावनीसँग अंश लिई अलग भई बसेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन। यी पुनरावेदिकाले कानूनबमोजिम आफ्नो अंश लिई अलग भइसकेको अवस्थामा पुनः पावनी राजवंशीसँग बसेको वा निजले मृतक पावनी राजवंशीलाई पालनपोषण, स्याहार सम्भार तथा मृत्युपछि काजकिरिया गरेको भन्ने देखिने कुनै कागजात मिसिल सामेल पेस दाखिल हुन नसकेको अवस्थामा मृतकको अपुताली हक प्राप्त गर्न सक्ने स्थिति देखिएन। यसरी मृतक पावनी राजवंशीलाई यी पुनरावेदिका मेहरवती राजवंशीले पालनपोषण, स्वास्थ्य उपचार एवम् काजकिरिया गरेको कुरा नै स्थापित हुन नसकेको बरू आफ्नो अंश भाग लिई अलग भई बसेको देखिइरहेको अवस्थामा मृतक पावनी राजवंशीको नाम दर्ताको जग्गा निज पुनरावेदिका मेहरवतीसमेतले पाउने गरी भएको झापा जिल्ला अदालतको फ़ैसला सो हदसम्म उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत इलामको फैसलालाई अन्यथा भन्न मिलेन।

तत्कालीन पुनरावेदन अदालत इलामबाट मिति २०७२/०९/१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- कर्णबहादुर राई

कम्प्युटर - रेखा भट्टराई

इति संवत् २०७९ साल कार्तिक २५ गते रोज ६ शुभम्।

**३७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल,** *०६७-CI-१६८५, दोहोरो दर्ता, रन्जन शर्मा वि. पशुपति अमालकोट कचहरीको कार्यालय, देवपत्तन, काठमाडौंसमेत*

विपक्षी धावा लामा (निजकी श्रीमती कान्छी लामा र छोरा सम्पूर्णकुमार लामा) ले काठमाडौं जिल्ला अदालतमा जालसाजी, निर्णय बदरलगायतका मुद्दाहरू दायर गरेको भन्ने सन्दर्भ छ, उक्त मुद्दा सो अदालतबाट खारेज भई, पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी त्यहाँबाट काठमाडौं जिल्ला अदालतको फैसला सदर भई मुद्दा टुङ्गिएको अवस्था छ। उक्त मुद्दाहरूमा तारागाउँ विकास समितिलाई विपक्षी बनाइएको नदेखिएको र तारागाउँ विकास समितिको राजीनामा दर्ता पुर्जा बदर भएको अवस्था पनि नदेखिँदा तारागाउँ विकास समितिले धावा लामाबाट जग्गा खरिद गर्दा पारित गरेको मिति २०२८।४।२३ को राजीनामाको लिखत र जग्गा धनी प्रमाण पुर्जाको हक गयो भन्न मिलेन।

साबिक स्रोतमै तेरो मेरोको स्थिति सिर्जना भई

हक बेहकमा निर्क्यौल गर्नुपर्ने अवस्था स्पष्ट देखिँदा अदालतमा जानु भनी स्पष्ट सुनाउनुपर्नेमा सो नगरी एकतर्फी रूपमा पशुपति अमालकोट कचहरीअन्तर्गत गुठी कायम हुने गरी मालपोत कार्यालय, चावहिलले मिति २०५९।४।७ मा गरेको निर्णय र सो निर्णयलाई सदर गरेको पाटनको मिति २०६४।१२।११ को फैसला मिलेको नदेखिएकोले पाटनको फैसला उल्टी र मालपोत कार्यालयको मिति २०५९।४।७ को निर्णय बदर गरिदिएको छ।

इजलास अधिकृत :- दीपशिखा मुनाकमी

कम्प्युटर - पद्मा आचार्य

इति संवत् २०७९ साल साउन २२ गते रोज १ शुभम्।

**३८**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७१-WO-०३५०, उत्प्रेषणसमेत, मिनबहादुर मल्ल वि. प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत*

प्रहरी नियमावली, २०४९ बमोजिम सुरू कारबाहीको उठान भई सोही नियमावलीबमोजिम नै प्रहरी सेवाबाट हटाइएको र सो नियमावलीको नियम ९३ को उपनियम ४ को खण्ड (ग) अनुसार प्रहरी महानिरीक्षकसमक्ष पुनरावेदन गरेकोमा मिति २०७१।१।८ मा मात्र लागु भएको प्रहरी नियमावली, २०७१ बमोजिम प्रहरी अतिरिक्त महानिरीक्षकबाट भएको निर्णय क्षेत्राधिकारविहीन छ भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा, यी निवेदकलाई कारबाही गर्दा प्रहरी नियमावली, २०४९ कार्यान्वयनमा रहेको र निजको कारबाही चल्दै गर्दा उक्त प्रहरी नियमावली, २०४९ लाई विस्थापन गरी प्रहरी नियमावली, २०७१ मिति २०७१।१।८ बाट लागु भएको देखिन्छ। प्रहरी नियमावलीमा भएको कारबाहीको प्रक्रिया सारवान् कानून नभई कार्यविधि कानून रहेको र सजायसम्बन्धी कारबाहीको किनारा नलाग्दै उक्त कार्यविधि प्रचलनमा आएको अवस्थामा सो कार्यविधि अवलम्बन गर्न नमिल्ने भनी अर्थ गर्न मिल्दैन। प्रहरी नियमावली, २०४९ नियम ९४ को उपनियम ४ को खण्ड (ग) मा भएको प्रावधान अनुसार प्रहरी सहायक निरीक्षकलाई सेवाबाट हटाउने गरी भएको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार प्रहरी महानिरीक्षकलाई तोकिएकोमा सो कार्यविधिसम्बन्धी व्यवस्था प्रहरी नियमावली, २०७१ को नियम ११९ को उपनियम ४ को खण्ड (ग) मा प्रहरी सहायक निरीक्षकलाई सेवाबाट हटाउने गरी भएको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार प्रहरी अतिरिक्त महानिरीक्षकलाई रहने व्यवस्था गरेको र सोही व्यवस्थाअनुरूप प्रहरी अतिरिक्त महानिरीक्षकबाट मिति २०७१।६।१० मा निर्णय भएको देखिएबाट कानूनबमोजिम अधिकार प्राप्त अधिकारीबाट भएको निर्णयलाई क्षेत्राधिकार नाघी निर्णय भएको भनी मान्न मिल्ने देखिँदैन।

निवेदक मिनबहादुर मल्ल नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पदमा कार्यरत रहँदाका अवस्थामा आफू र आफ्नो माताहतका प्रहरी कर्मचारीमार्फत घोडा तथा चौरीबाट अवैध रूपमा रकम उठाउन आदेश दिएको, धो तराप युवा क्लबबाट रासनस्वरूप सहयोग नगद लिएको, तिब्बतीयन व्यापारीहरूबाट रकम लिएको, मुद्दा मिलाएबापत रकम लिई पीडितलाई नदिई अवैध रकम सङ्कलन गरी प्रहरी नियमावली, २०४९ को नियम ६८ र नियम ६९ मा भएको व्यवस्थाविपरीत कार्य गरेको भनी प्रहरी नायब महानिरीक्षकबाट मिति २०७०।६।२० मा निजलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय भएको र सो निर्णय सदर गर्ने गरी प्रहरी अतिरिक्त महानिरीक्षकबाट मिति २०७१।६।१० मा भएको निर्णयसमेत अधिकार

प्राप्त अधिकारीबाट कानूनको अख्तियारी प्रयोग गरी छानबिनसमेत गराई तथ्यमा आधारित भई निर्णय गरेको देखिँदा उत्प्रेषणको आदेशबाट बदर हुने अवस्थाको विद्यमानता नरहेकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - निर्मलाकुमारी खड्का

कम्प्युटर - पध्मा आचार्य

इति संवत् २०७९ साल भदौ १४ गते रोज ४ शुभम्।

**३९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री नहकुल सुवेदी**, *०७३-CR-०६३४, बहुविवाह, दिपककुमार भण्डारी वि. नेपाल सरकार*

बहसको क्रममा पुनरावेदन अदालत तुलसीपुर, दाङमा प्रमाणको रूपमा पेस भएको त्रिसिद्धेश्वरी मन्दिरको रसिद नं. ७३७ को प्रतिलिपि हेर्दा सो रसिद यिनै पुनरावेदक दिपककुमार भण्डारीको ठेगानासहित उल्लेख गरी पाँच सय रूपियाँको रसिद काटिएको र सो रसिदको शिरमा "शुभ विवाह" भन्ने उल्लेख भएको देखिन्छ । उक्त रसिदलाई यी पुनरावेदकले केरमेटसम्म भएको भनी जिकिर लिए पनि अन्यथा भन्न सकेको पाइँदैन । यसरी जाहेरीमा उल्लिखित मितिमै यी पुनरावेदक/प्रतिवादीले प्रसन्ता (प्रसान्ता) वलीसँगै सल्यान जिल्लाको कालाखेत भन्ने स्थानमा भेट गरी दाङ जिल्लाको तुलसीपुरसम्म जानुका साथै सँगै फर्किएको र निज प्रसन्ता (प्रसान्ता) वलीसँग प्रेम सम्बन्ध रहेको कुरामा साबिती रही बयान गरेको पाइन्छ । निजले दाङमा रहेको भनिएकै मितिमा त्रिसिद्धेश्वरी मन्दिरमा "शुभ विवाह" को लागि रु. पाँच सयको रसिद काटिएको देखिएकोमा सो रसिद आफूले नकाटेको वा अन्य प्रयोजनको लागि काटिएको हो भनी जिकिर लिन पनि सकेको अवस्था पाइँदैन । त्यसै गरी आफूले साथीभाइ तथा गाउँलेलाई फोनमा "विवाह गरे हुँला" भनी जवाफ दिएपछि गाउँघर तथा जेठी श्रीमतीसमेतलाई थाहा जानकारी भएको हो भनी मौकामा गरेको बयानसमेतबाट यी पुनरावेदकले घरमा जेठी श्रीमती हुँदाहुँदै प्रसन्ता (प्रसान्ता) वलीलाई विवाह गरेको भन्ने कुरालाई थप पुष्टि गरेको अवस्था छ । यस स्थितिमा सुरू रोल्पा जिल्ला अदालतले प्रतिवादी प्रसन्ता (प्रसान्ता) वलीलाई सफाइ दिएको हदसम्म सदर गरी यी पुनरावेदक/ प्रतिवादी दिपककुमार भण्डारीको हकमा उल्टी गरी निजलाई आरोपित कसुर अपराधमा एक वर्ष कैद र दश हजार रूपियाँ जरिवाना हुने ठहर गरेको फैसला मिलेकै देखिन आयो ।

तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७३/०२/३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टाराई

इति संवत् २०७९ साल पुस १७ गते रोज १ शुभम्।

४०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री नहकुल सुवेदी**, *०७८-WH-०२७७, बन्दीप्रत्यक्षीकरण, सिन्की लामा वि. मानव बेचबिखन अनुसन्धान ब्युरो, बबरमहल, काठमाडौंसमेत*

निवेदक विरुद्ध मानव बेचबिखन तथा ओसारपारको कसुरमा जाहेरी दर्खास्त परी अधिकारप्राप्त अधिकारीले मुद्दा हेर्ने अधिकारीबाट अनुमति लिई अनुसन्धान प्रयोजनका लागि रीतपूर्वक पक्राउ गरी म्याद थपसमेत गरी थुनामा राखेको देखिँदा त्यस्तो थुनालाई गैरकानूनी थुना भनी मान्न नमिल्ने हुँदा निवेदन मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । तथापि, इजलाससमक्ष प्राप्त अनुसन्धानसम्बन्धी सक्कल मिसिलबाट निवेदकको बयानसमेतका कार्य सम्पन्न भइसकेको

देखिएको र निजको साथमा एक वर्षको नाबालक छोरासमेत आश्रित रहेको अवस्था हुँदा यो आदेश प्राप्त भएका मितिले पाँच दिनभित्र अनुसन्धानको बाँकी कार्य सम्पन्न गरी अभियोजन गर्ने नगर्ने सम्बन्धमा कानूनबमोजिम आवश्यक निर्णय गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत :- निर्मलाकुमारी खड्का

कम्प्युटर - पध्मा आचार्य

इति संवत् २०७८ साल श्रावण ६ गते रोज ६ शुभम्।

## इजलास नं.९

### ४१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७५-CR-०९१६, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. सागर कोइरालासमेत*

प्रतिवादीहरू सुनिल वि.क., प्रतिवादी सागर कोइराला र प्रतिवादी महेन्द्र पुनले अदालतसमक्षको बयानमा बरामदित लागु औषध तीनै जनाले पैसा उठाई सेवनको लागि खरिद गरिल्याएको हो । हामीहरूले कसैलाइ बिक्री गर्ने उद्देश्यले खरिद गरी ल्याएको नहुँदा अभियोग दाबीबमोजिम कसुरमा सजाय हुनुपर्ने होइन भनी सेवन गरेकोमा स्वीकार गरी बयान गरेको देखिन्छ। प्रतिवादीहरूसँग बरामद भएको लागु औषधको परिमाण २ ग्राम ५३० मिलिग्राम भन्ने तथ्यमा विवाद नरहेको र उक्त लागु औषध हिरोइन यिनै प्रतिवादीहरूले सेवन गर्ने प्रयोजनका लागि खरिद गरी ल्याएको भन्नेमा प्रतिवादीहरूले अदालतमा समेत स्वीकार गरी बयान गरेको देखिन्छ । वादी पक्षले यी प्रतिवादीहरूउपर लागु औषधको कारोबारको दाबी लिएकोमा कुन प्रतिवादीले को कसलाइ के कति परिमाणको लागु औषध बेचबिखन गरेका हुन् भनी पुष्टि गर्न नसकेको तथा यी प्रतिवादीहरू लागु औषधको कारोबारी भएको भए निज प्रतिवादीहरूबाट लागु औषधको तौल गर्ने उपकरणहरूसमेत निजहरूबाट बरामद भएको हुनुपर्नेमा तौल गर्ने उपकरणहरू बरामद भएको देखिँदैन । लागु औषधको कारोबारी परिमाण धेरै भए तापनि लागु औषधको बारोबारी हुन् भनी वस्तुनिष्ट प्रमाणबाट प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीहरूले लागु औषध खरिद गरी ल्याएको अवस्था मात्रका कारणले लागु औषधको ओसारपसारको कसुर घटित भएको भनी मान्न नमिल्ने।

प्रतिवादी सुनिल वि.क को साथबाट बरामद भएको २ ग्राम ५३० मि.ग्राम ब्राउन सुगर लागु औषध अभियोग दाबीबमोजिम कारोबारसमेत गरेको भन्ने मिसिल प्रमाणबाट पुष्टि हुन नसकी सेवनसम्म गरेको भन्ने देखिँदा प्रतिवादीहरू सुनिल वि.क ,सागर कोइराला तथा महेन्द्र पुनसमेतलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को सेवनको कसुर पुष्टि भएको देखिँदा निज प्रतिवादीहरूलाई ऐ. दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय हुने ठहर गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसलालाइ अन्यथा भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादीहरू सुनिल वि.क,सागर कोइराला तथा महेन्द्र पुन मगरसमेतलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) को सेवनको कसुरमा निज प्रतिवादीहरूलाई ऐ. दफा १४(१)(ङ) बमोजिम १ वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७५।३।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०८० साल पौष २६ गते रोज ५ शुभम्।

**४२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री नहकुल सुवेदी,** ०७५-CR-०२५६, ०७५-CR-०४१८, ०७४-CR-१५९७, ०७५-RC-०१४४, कर्तव्य ज्यान, मिलन तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. अशोक तामाङसमेत, अशोक तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. अमर तामाङ

मिसिल संलग्न लास जाँच मुचुल्का हेर्दा मृतक विजय गुरुङको शरीर तथा निजले लगाएको पाइन्ट, ज्याकेट, भेष्ट, सर्ट कपडामा रगतजस्तो पदार्थ लतपतिएको, ज्याकेट काटिएको, मृतक विजय गुरूङको बायाँ कुममा ५ इन्च गहिराइ, ५ इन्च लम्बाइ, ५ इन्च चौडाइ रहेको काटिएको घाउको गहिराइ कोखासम्म पुगेको भन्नेसमेत बेहोराको लास जाँच प्रकृति मुचुल्का तथा धादिङ जिल्ला सत्यदेवी गा.वि.स. वडा नं. ९ स्थित मानसिंह तामाङको आवादी खेतको ४ किल्लाभित्र रहेको गोरेटो बाटोको छेउमा रहेको कटुसको झ्याङको फेदमा नम्बर ७१५७ ९mm नाइन राउन्ड made in USA लेखिएको अटो पेस्तोल-१, पेस्तोलमा फिट हुने गोली थान-१, पेस्तोलको च्याम्बरमा लोड भएको गोली थान २ लुकाइराखेको अवस्थामा र सोदेखि ८ मिटर उत्तर पश्चिममा सिल्भरको बिँड भएको फलामको खुकुरी थान १ तथा काठको बिँड भएको खुँडा थान १ बरामद भई बरामद खुँडाको टुप्पादेखि ७-८ इन्ची तलसम्म रगतजस्तो पदार्थ सुकेको अवस्थामा रहेको भन्नेसमेत बेहोराको बरामदी मुचुल्का रहेको देखिन्छ। मृतक विजय गुरुङको मृत्युको कारणमा “Severe Hemorage With Hypovolemic And Neurogenic Shock” भन्ने मिसिल संलग्न मिति २०६९/८/२२ को शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएको तथ्य स्थापित हुने।

प्रतिवादी अमर तामाङउपर जाहेरवाली सविता गुरुङको किटानी जाहेरी परेको देखिन्छ । निजले मृतकसँगको आफ्नो पुरानो रिसइवी रहेको र आफूले नै मृतक विजय गुरुङलाई खुँडाले बायाँ कुममा प्रहार गरी घाइते बनाएको भनी वारदातको सिलसिलामा विवरणसमेत खुलाई मौकामा एवम् सुरू अदालतमा आरोपित कसुरमा साबिती रही बयान गरेको पाइन्छ । सहप्रतिवादीहरू अशोक तामाङ र मिलन तामाङले मौकामा र सुरू अदालतमा गरेको बयान एवम् जाहेरवालालगायतले सुरू अदालतमा गरेको बकपत्रबाट पनि उक्त तथ्य समर्थित भएको अवस्था छ। मिसिल संलग्न लास जाँच मुचुल्कामा मृतक विजय गुरुङको बायाँ कुममा ५’ X ५’ X ५’ को काटेको घाउ देखिएको एवम् सोही चोटका कारण मृत्यु भएको भन्ने मृतकको शव परीक्षण प्रतिवेदन एवम् जिल्ला अस्पताल धादिङको पत्रबाट देखिन आउँछ । वारदातस्थल नजिकैबाट प्रतिवादी अमर तामाङले विजय गुरुङलाई प्रहार गरेको भनिएको खुकुरीसमेत बरामद भई सनाखत भएकोसमेत देखिएको हुँदा निज प्रतिवादी अमर तामाङले विजय गुरुङलाई खुँडाले बायाँ कुममा प्रहार गरी घाइते बनाएको र सोही चोटका कारण निज मृतक विजय गुरुङको मृत्यु भएको पुष्टि हुन आएकाले निज प्रतिवादी अमर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐ. महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेको भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय नहुने भएकाले जन्मकैदको सजाय हुने अवस्था देखिने।

यस्तै अर्को प्रतिवादी मिलन तामाङको हकमा विचार गर्दा, निज प्रतिवादीले विजय गुरुङलाई

सहप्रतिवादी अमर तामाङले कुममा खुँडा प्रहार गरेको र तत्पश्चात् मृतक भाग्न खोज्दा आफ्नो साथमा रहेको पेस्तोलबाट २ राउन्ड गोली फायर गरेको तर सो गोली मृतकलाई नलागेको भनी स्वीकार गरेको र सो बयानलाई अन्य सहप्रतिवादीहरूको बयानले समेत समर्थित गरेको देखिन्छ । यी प्रतिवादीले प्रहार गरेको गोली मृतकलाई लागेको नभए तापनि निज प्रतिवादीले मृतकको ज्यान मार्नलाई संयोग पार्ने गरी हतियार लिई वारदातस्थलमा उपस्थित भई सो स्थानमा अन्य कोही आउन नसकुन् भनी पेस्तोल फायर गरेको भन्ने देखिन्छ । निज प्रतिवादी मृतकको ज्यान मार्ने मतलबमा पसी वारदातस्थलमा उपस्थित भएको देखिए तापनि मृतकको जिउमा हात हालेको वा चोट प्रहार गरेको देखिँदैन । गोली प्रहारबाट मृतकको मृत्यु भएको अवस्था पनि देखिँदैन तथापि वारदातमा निजको संलग्नता सम्बन्धमा विचार गर्दा प्रतिवादी मिलन तामाङ मृतकको ज्यान मार्नका निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजुद रहेको निज प्रतिवादीको बयान, सहप्रतिवादीहरूको पोल, वारदातस्थल नजिकैबाट निज प्रतिवादीले विजय गुरुङलाई फायर गरेको भनिएको पेस्तोल खोका एवम् गोली बरामद भई सनाखत भएकोसमेतबाट पुष्टि हुन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. मा ज्यान मार्ने मतलबमा पसेको तर मुख्य भई वचन दिने वा हातहतियार छाड्ने वा जिउमा नछुने तर ज्यान मार्नलाई भनी हातहतियार गोली बारुद लिई वारदातस्थलमा उपस्थित हुनेलाई ऐ. देहाय (१) नं. बमोजिम दश वर्ष कैद गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिएको हुँदा निज प्रतिवादी मिलन तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐ. महलको १७(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने ।

यस्तै अर्का प्रतिवादी अशोक तामाङको हकमा हेर्दा, यी प्रतिवादी वारदातस्थलमा मौजुद रहेको तथ्यमा विवाद छैन । निजले वारदात मिति र समयमा मृतक विजय गुरुङलाई देखेपछि निजसँग हात मिलाएको एवम् मृतकलाई बाटोबाट स्कुलतर्फ आउन सङ्केत गरेको कुरा निजले बयान गर्ने क्रममा स्वीकार गरेको र सो तथ्यलाई सहप्रतिवादीहरूको बयानबाट समेत समर्थित भएको देखिन आउँछ । निज प्रतिवादी अशोक तामाङले अन्य प्रतिवादीहरूसँग सकेसम्म विजयलाई आज सिध्याउने नसके अपाङ्ग बनाउने भनी सल्लाह गरेबमोजिम निजलाई आक्रमण गर्न सहज पारिदिएको र सोही समयमा विजय गुरुङउपर खुकुरी प्रहार भई सोही चोट पीरले निजको मृत्यु भएको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. मा ज्यान मार्ने मतलबमा पसी मुख्य भई वचन नदिने, हातहतियार नछाड्ने, जिउमा नछुने तर घेरा दिने, बाटो गौँडा छेक्ने भाग्न उम्कन नदिनेलगायत कुनै किसिमले मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था देखिएको र यी प्रतिवादीले माथि लेखिएको बेहोरासँग मृतक विजय गुरुङलाई मार्न संयोग पारिदिएको पुष्टि भएकाले निज प्रतिवादी मिलन तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐ. महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने ।

यस्तै अर्का प्रतिवादी किरण सिम्खडाको हकमा हेर्दा, यी प्रतिवादीले फोन गरी बोलाएकाले आफ्ना पति विजय गुरुङ वारदातस्थलतर्फ गएका हुन् भनी जाहेरवालीले सुरू अदालतमा बकपत्र गरेको, यिनै प्रतिवादी किरण सिम्खडाले विजय गुरुङ सातदोबाटोतर्फ घुम्दै गरेको देखेको भनी फोनमा

भनेपछि हामी वारदातस्थलतर्फ गएका हौँ भनी प्रतिवादी अशोक तामाङले मौकामा बयान गरेको देखिन्छ। निज प्रतिवादीले सकेसम्म विजयलाई आज सिध्याउने नसके अपाङ्ग बनाउने भन्ने योजनामा रहेका अन्य प्रतिवादीहरूलाई मृतक विजय गुरुङ वारदातस्थलतर्फ जाँदै रहेको भन्ने जानकारी दिई विजय गुरुङलाई आक्रमण गर्न सहज पारिदिएको र सोही समयमा विजय गुरुङउपर खुकुरी प्रहार भई सोही चोट पीरले निजको मृत्यु भएको देखिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. मा अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखिबाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको र यी प्रतिवादीले मृतक विजय गुरुङलाई वारदातस्थलतर्फ फोनमार्फत बोलाइ सोको जानकारी प्रतिवादी अशोक तामाङसमेतलाई दिई ज्यान मार्ने मतलबमा पसेको पुष्टि भएकाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम वर्ष १ (एक) कैद गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला न्यायोचित नै देखिने।

प्रतिवादीहरू जङ्गबहादुर तामाङ, तेजबहादुर तामाङ, धर्मराज सिंखडा, मानबहादुर तामाङ, गंगाबहादुर थापा, रामचन्द्र श्रेष्ठका हकमा मिसिलबाट वारदातस्थलमा उपस्थित भएको वा निजहरू यो यसले यो यस्तो कार्य गरेको भनी मिसिलबाट खुल्न आएको देखिँदैन। यी प्रतिवादीहरू मौकामा तथा अदालतको बयानमासमेत आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। यी प्रतिवादीहरूको वारदातमा संलग्नता नै पुष्टि नभएको यस स्थितिमा केवल जाहेरीमा नाम उल्लेख भएकै आधारमा अभियोगपत्रमा किटानी र यकिन भूमिका उल्लेख नगरी गोश्वारा अभियोग लगाएको देखिएको र मौकामा घटना विवरण कागज गर्नेलगायतका स्वयम् वादी पक्षका साक्षीहरूको बकपत्रबाट समेत यी प्रतिवादीहरूउपर परेको अभियोग दाबी पुष्टि भएको देखिन नआएकाले निजहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहरेको सुरू फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मनासिब नै देखिने।

प्रतिवादी अमर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको उच्च अदालत पाटनको फैसला मिलेको भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम जन्मकैद हुने, प्रतिवादी मिलन तामाङलाई ऐ.महलको १७(१) नं. बमोजिम वर्ष १० (दश) कैद हुने, प्रतिवादी अशोक तामाङलाई ऐ. महलको १७(२) नं. बमोजिम वर्ष ५ (पाँच) कैद हुने र प्रतिवादी किरण सिम्खडालाई ऐ.१७(३) नं. बमोजिम वर्ष १(एक) कैद सजाय गर्ने एवम् प्रतिवादीहरू तेजबहादुर तामाङ, जंगबहादुर तामाङ, मानबहादुर तामाङ, धर्मराज सिम्खडा, गंगाबहादुर थापा र रामचन्द्र श्रेष्ठलाई आरोपित कसुरमा सफाइ दिने ठहरी उच्च अदालत पाटनबाट मिति २०७४।०६।३१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - शिव वाग्ले/हिरा माया अवाल
कम्प्युटर - सरस्वती दाहाल
इति संवत् २०७९ माघ २९ गते रोज १ शुभम्।

**४३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०६८-WO-०२९७, उत्प्रेषणसमेत, मधुसुदन शारदासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

नेपाल राजपत्र, खण्ड ५९, सङ्ख्या ३८,

मिति २०६।०९।२७ मा प्रकाशित आयोगको अधिकार प्रत्यायोजनसम्बन्धी सूचनाको बेहोरामा "यस आयोगको मिति २०६६।०९।२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान, २०६३ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको तथा सो कसुरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ" भन्ने उल्लेख भएको देखियो । प्रमाणमा रहेको ०६७-WO-००३५ को मुद्दामा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७५।०८।०५ मा भएको फैसलामा आयोगको मिति २०६६।०९।२० को उक्त निर्णयको सम्बन्धमा प्रत्यायोजित अधिकारअन्तर्गत धारा १२०(३) ले दिएको अधिकारको अभ्यास गर्ने अधिकारक्षेत्र आयोगको सचिवलाई भएको नदेखिएकोले प्रत्यायोजन गर्न नमिल्ने अधिकार प्रत्यायोजन भएकै कारणले सो अधिकारको प्रयोग गर्न मिल्ने देखिँदैन" भनी व्याख्या भएको देखिन्छ। संवैधानिक इजलासबाट भएको उक्त व्याख्या अनुसार आयोगको मिति २०६६।०९।२० को निर्णयानुसार प्रत्यायोजित अधिकार आयोगका सचिवले प्रयोग गर्न मिल्ने नदेखिँदा प्रस्तुत मुद्दामा सोही निर्णयानुसार आयोगका सचिवद्वारा भएको मिति २०६८।०३।३१ को निर्णय कानूनसम्मत देखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।०९।२० को निर्णयानुसार भनी आयोगका सचिवले सिराहा जिल्ला ठाडी विश्वासपट्टी गाउँ विकास समिति वडा नं. १ को साबिक कि.नं. १५१ को जग्गाका सम्बन्धमा मिति २०६८।०३।३१ मा गरेको निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि देखिएकाले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिवबाट मिति २०६८।०३।३१ मा भएको उक्त निर्णय दाबीको साबिक कि.नं. १५१ को हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । दाबीको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्नु भनी मालपोत कार्यालय सिराहासमेतलाई निर्देशन दिने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सचिवबाट भएको निर्णय क्षेत्राधिकारको त्रुटिका कारणबाट बदर भए तापनि मालपोत ऐन, २०३४ को दफा २४ को व्यवस्थालाई सङ्कुचन वा निस्तेज नगर्ने भएकाले अन्य कुनै कारणबाट रोक्का राख्नु नपर्ने भए अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिवबाट मिति २०६८।०३।३१ मा भएको निर्णयबमोजिम दाबीको साबिक कि.नं. १५१ को जग्गाको रोक्का फुकुवा गरिदिनु तथा जग्गाको स्थिति के कस्तो रहेको छ, मिसिल प्रमाण र आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी सुनुवाइको मौका दिई कानूनबमोजिम जो जे बुझ्नुपर्ने प्रत्यर्थी कार्यालयहरूबाट बुझी सार्वजनिक देखिएमा मालपोत ऐन, २०३४ बमोजिम आवश्यक निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी गरिदिएको छ।

इजलास अधिकृत - विकाशकुमार रजक

कम्प्युटर - चन्द्रावती तिमल्सेना

इति संवत् २०७९ माघ २० गते रोज ६ शुभम्।

४४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CI-१४६२, डाक लिलाम बदरसमेत, महेन्द्रप्रसाद यादव वि. ककुलतीदेवी*

*मोरवैतासमेत*

साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र पर्ने भनी दायर हुन आएको प्रस्तुत पुनरावेदनमा देहायको आधार, कारणका आधारमा तत्कालीन पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा परिवर्तन गर्नुपर्ने देखिएन।

वादीहरू २०५० सालमा प्रतिवादी काशिन्द्र मोरवैतासँग भिन्न भइसकेको र आफ्नो अंश भागमा रहेको अबन्डा जग्गा पाउन २०६६।१२।२३ मै मुद्दा दिई जग्गा रोक्का राख्ने आदेशसमेत भएको प्रमाण मिसिलबाट देखिएको।

प्रत्यर्थी वादीहरू मिति २०५०।५।९ को मिलापत्रबमोजिम अंश लिई छुट्टीभिन्न भई बसेको र सो मिलापत्रमा बन्डा हुन नसकी अबन्डा रहेको भनिएका सिराहा जिल्ला, सिराहा न.पा., वडा नं. १ अन्तर्गतको साबिक कि.नं. ३२२९ को ०-२-१६, साबिक कि.नं. ३२३० को ०-२-१८ र घरबास मिन्हा नं. ३३१ को ०-२-८१/२ जग्गासमेत बन्डा गरिपाउँ भनी सोही अंश मुद्दाका वादी विशेश्वर मोरवैताले पुनरावेदक वादीहरूका पति/पिता काशिन्द्र मोरवैतासमेतका उपर संवत् २०६६ सालको सा.दे.नं.१६९५ को अबन्डा जग्गा बन्डा मुद्दा दायर गरेकोमा सो मुद्दामा फैसलाबमोजिम सा.कि.नं. ३२२९ को ०-२-१६, सा.कि.नं. ३२३० को ०-२-१८ र घरबास मिन्हा नं. ३३१ को ०-२-८१/२ जग्गासमेत जम्मा ०-८-२१/२ मध्ये दक्षिणतर्फबाट आधा अर्थात् ०-४-११/४ जग्गामा स्व. सत्यनारायण मोरवैताको हक खाने छोरा विशेश्वर मोरवैताको अंश हक कायम हुने र बाँकी आधा अर्थात् ०-४-११/४ जग्गामा स्व.सूर्यनारायण मोरवैताको छोराहरू राजदेव मोरवैता र काशिन्द्र मोरवैताको हक कायम हुन गएको।

पुनरावेदक वादीहरू मिति २०५०।५।९ मा मिलापत्रबाट आफ्नो अंश लिई पति/पिता काशिन्द्र मोरवैताबाट छुट्टी भिन्न भएकोमा पछि चलेको उक्त अबन्डा जग्गा बन्डा मुद्दाबाट पति/पिता काशिन्द्र मोरवैताले प्राप्त गरेको जग्गा सम्पत्तिमा समेत यी पुनरावेदक वादीहरूसमेतको अंश हक निहित रहनेमा विवाद नहुने।

सो अबन्डा जग्गा बन्डा मुद्दाबाट बन्डा हुने ठहर भएका जग्गाहरू मालपोत कार्यालय, सिराहाको मि.नं.१३८८ बाट मिति २०५९।२।२३ मा भएको निर्णयले स्व.सूर्यनारायण मोरवैताको नाउँबाट राजदेव मोरवैता र काशिन्द्र मोरवैताको नाममा संयुक्त नामसारी दर्ता कायम भएको।

पुनरावेदक वादीहरूसमेतको अंश हक लाग्ने अबन्डा रहेका जग्गाहरू निजहरूका पति पिता काशिन्द्र मोरवैतासमेतले आफ्ना नाउँमा नामसारी गराई लिई आफूले खाएको ऋणबापत लिलाम गराएकोसमेत देखिँदा वादीहरूको हकसम्म उक्त लिलामीसमेतको कार्यले कानूनी मान्यता नपाउने।

पुनरावेदक वादीहरूसमेतको अंश हक लाग्ने अबन्डा रहेको जग्गा प्रत्यर्थी काशिन्द्र मोरवैतासमेतको नाउँमा मिति २०५९।२।२३ मा नामसारी गर्ने गरी भएको मालपोत कार्यालय, सिराहाको टिप्पणी आदेशसमेत बदर हुने ठहरी लगाउको DP-०२४८ को नामसारी निर्णय बदरसमेत मुद्दामा फैसला भएको मिसिल संलग्न कागजातबाट देखिँदा प्रस्तुत मुद्दामा दाबी गरिएको विवादित मिति २०६९।१।१४ को डाँक लिलामसमेतको काम कारबाहीसमेत कायम रहन नसक्ने हुँदा उक्त डाँक लिलामसमेतको काम कारबाही बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू अदालतको फैसलासँग सहमत हुन नसकिएको।

प्रतिवादी कासिन्द्र मौरवैताउपर तत्पश्चात्

परेकोलेनदेन मुद्दामा प्रतिवादी कासिन्द्र मोरवैताबाट भरिपाउने बिगोबापत यी वादीहरूको अंश हकको जग्गासमेत लिलाम हुने गरी भएको कार्यले कानूनन् मान्यता नपाउने।

सिराहा जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी कासिन्द्रउपर तत्पश्चात् परेकोलेनदेन मुद्दामा प्रतिवादी कासिन्द्रबाट भरिपाउने बिगोबापत यी वादीहरूको अंश हकको जग्गासमेत लिलाम हुने गरी भएको कार्यले कानूनी मान्यता नपाउनेमा पनि वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सिराहा जिल्ला अदालतको मिति २०७१।१।१४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७३।२।३२ मा भएको फैसला मिलेकै देखिँदा प्रत्यर्थी झिकाउने आदेश गर्नुपर्ने नदेखिई सदर हुने।

इजलास अधिकृत :- निराजन शर्मा

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम्।

## ४५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७७-RC-००७०, कर्तव्य ज्यान, नेपाल सरकार वि. बलिरामदास थारूसमेत*

करिब २०।२१ दिनअगाडिको रातको समयमा बुबा नभएको अवस्थामा बलीदाश थारू आई घरमा बसेका र सोही समयमा बुबा पनि घरमा आउनुभयो र बलिदाश थारू र आमासँग झै-झगडा गर्नुभयो। झै-झगडा गर्दैथिए। मलाई निन्द्रा लागेकोले म सुती भोलिपल्ट उठेपछि बुबालाई घरमा नदेख्दा आमालाई बुबा खोई भनी सोध्दा आमा केही बोल्नु भएन। आमा सधैँ जितपुरमा सुर्ती काट्ने काममा जाने गर्दथिन। मिति २०५३।२।२३ गते जिल्ला पर्सा बिरुवागुठी गा.वि.स. वडा नं.१ को जङ्गलमा पैनीको डिलमा बुबाको लास फेला परेको थाहा पाएँ। सोही दिनदेखि आमा पनि घरमा छैनन्। कहाँ जानुभयो मलाई थाहा छैन। निज बलीदाश थारूसमेतले मेरो बुबासँग झै-झगडा गरेको रातको भोलिपल्टदेखि नै बुबा घरमा नरहेकोले निज बलीराम दु थारूसमेतले मेरो बुबालाई कर्तव्य गरी मारी फालेको हुँदा कारबाही गरी सजाय हुनुपर्छ भन्ने बेहोराको मृतकका छोरा दिलिपकुमार राय थारूले कागज गरेको देखिन्छ। उल्लिखित कथन अनुसार आफ्नो लोग्नेको लास फेला परेपछि जातीय परम्परा अनुसार दाहसंस्कार तथा काजक्रियालगायतको काम कारबाही गर्नुपर्नेमा सो नगरी प्रतिवादी गान्धीदेवी थारू आफ्नो घरबाट भागी बलिरामदास थारूको घरमा गई बसेको अवस्था देखिएबाट निज प्रतिवादीहरू प्रेम सम्बन्धमा रहेको र आफ्नो प्रेममा अवरोधको रूपमा रहेको सतिलाल थारूलाई कर्तव्य गरी मारी जङ्गलमा लुकाएको भन्ने निज प्रतिवादीहरूको मौकाको बयानसमेतबाट पुष्टि भइरहेको देखिने।

मृतक सतिलाल थारू तथा प्रतिवादी गान्धीदेवी थारूको छोरा दिलिपकुमार राय थारूले घटना विवरण कागज गर्दा घटना घटेको दिन प्रतिवादीमध्येका बलिरामदाश थारू घरमा आएर आमा सँगसँगै बसेको अवस्थामा मृतक बुबा घरमा आएका र सोही समयमा प्रतिवादीहरू तथा बुबाको बिचमा झैझगडा भएको, रातको समय भएकोले आफू निदाएको र भोलिपल्ट बिहान आमालाई बुबाको बारेमा सोधपुछ गर्दा आमा नबोलेको र लास फेला परेको दिनबाट आमा पनि घरमा नभएको भनी कागज गरेको देखिन्छ। प्रतिवादीहरूलाई खोजतलास गर्दा निजहरू विवाह गरी जिल्ला पर्सा वीरगन्ज उपमहानगर पालिका वडा नं. २ मा घर बनाई बसेको अवस्थामा प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको र प्रतिवादीहरू

बलिरामदास थारू र गान्धीदेबी थारूले अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा साबित भई बयान गरेको अवस्था देखिने।

प्रतिवादीहरू बलिरामदास थारू तथा गान्धीदेबी थारूको कर्तव्यबाट सतिलाल थारूको मृत्यु भएको कुरा पुष्टि भएको हुँदा निज प्रतिवादी बलिरामदास थारूलाई ज्यानसम्बन्धी महलको १ र १३ (३) नं. को कसुरमा ऐ.१३ (३) नं. बमोजिम र प्रतिवादी गान्धीदेवी थारूको हकमा ऐ. को १ र १३ (४) नं. को कसुरमा ऐ.१३ (४) नं. अनुसार जनही जन्मकैदको सजाय हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला कानूनसङ्गत नै रहे भएको देखिने।

प्रतिवादी बलिरामदास थारूलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम तथा प्रतिवादी गान्धीदेवी थारूलाई ऐ.ऐनको दफा १३(४) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।१०।२९ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत - जनक सिंह बोहरा

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० साल माघ १५ गते रोज २ शुभम्।

**४६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०६८-CI-१२४९, निर्णय दर्ता बदर, सुर्यबहादुर श्रेष्ठसमेत वि. केशवलाल श्रेष्ठ*

तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०६८।०७।२८ को फैसला मिलेकै देखिँदा परिवर्तन गर्नुपर्ने देखिएन।

यस अदालतबाट मिति २०६६।१२।२३ मा पशुपतिनाथ अमालकोट कचहरीको निर्णयपत्रको आधारमा मालपोत कार्यालय डिल्लीबजारले मिति २०५६।०६।२५ मा उक्त कि.नं. ७२ मा ०-२-२ जग्गा कायम गरिदिने निर्णय गरेको हुँदा उक्त निर्णयको नक्कल सारी लिई अमालकोटको मिति २०५४।०८।१९, २०५६।०५।१४ र २०५६।०६।११ को निर्णयको आधारमा मालपोत कार्यालय डिल्लीबजारले गरेको मिति २०५६।०६।२५ को निर्णय तथा विपक्षी प्रतिवादीको नामको दर्ता बदर गरी आफ्ना नाममा दर्ता गराई माग्न वादीको सुरू अदालतमा मिति २०५६।११।०४ मा फिराद परेको हुँदा मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. अनुसार फिराद दाबी हदम्यादभित्रै परेको भनी उक्त विवाद निरूपण भइसकेको हुँदा पुनरावेदकको तर्फबाट २०४२ सालमा नापी सम्पन्न भएकै मितिबाट फिराद गर्नुपर्ने भन्ने जिकिरसँग सहमत हुन नसकिने।

विवादित कि.नं. १४२ को साँधमा सरकारी, सार्वजनिक, पर्ती जग्गा छैन । २०२२ सालको नापीमा उक्त कि.नं.७२ मा क्षेत्रफल ०-१-२ मात्र रहेकोमा २०४२ सालको नापीमा १ आना बढी हुन आएको तथ्यलाई प्रतिवादी मकरमान राजभण्डारीले मिति २०५४।०८।२३ मा गरेको कबुलियतनामामा स्वीकार गरेको साथै पशुपति अमालकोटसमेतले मिति २०५६।५।२९ को संवादपत्रमा कि.नं. ७३ हालको कि.नं. १४३ को जग्गा साबिक कि.नं. ७२ हालको कि.नं. १४२ मा घुसेको देखिन्छ भनी उल्लेख गरेको अवस्था हुँदाहुँदै वादीलाई बुझ्दै नबुझी प्रतिवादीको निवेदनको आधारमा प्रतिवादीको नाउँमा दर्ता कायम गरिदिने निर्णय गरी मालपोत कार्यालयलाई लेखी पठाए अनुसार मालपोत कार्यालय डिल्लीबजारले प्रतिवादीको साबिक कि.नं. ७२ मा ०-१-२ मात्र भएकोमा हाल कायम कि.नं. १४२ मा ०-२-२ कायम गरी १ आना जग्गा बढाई हालसाबिक अद्यावधिक

गरेको देखिन आएकोले पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

नापी कार्यालय, डिल्लीबजार काठमाडौंको मिति २०६८।७।१४ को पत्रबाट साबिक कि.नं. ७२ र ७३ हाल १४२ र १४३ कायम भई नाप नक्सा भएकोमा हाल कि.नं. १४३ साबिक कि.नं. ७३ सँग पूरै भिड्ने र हाल कि.नं. १४२ साबिक कि.नं. ७२ सँग आंशिक मात्र मिल्ने भनी उल्लेख भइआएको साथै प्राप्त नक्सासमेत हेर्दा २०४२ सालको नापीमा कि.नं. ७३ को जग्गाबाट १ आना जग्गा प्रतिवादीको कि.नं. ७१ मा घुसाएर नाप नक्सा भएको स्पष्ट हुने हुँदा अटुट रूपमा भोगचलन रहेको निरन्तर भोगाधिकारसम्बन्धी कानूनी सिद्धान्तको विपरीत भन्ने जिकिरसँग सहमत हुन नसकिने,

जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ६ को उपदफा (९) को कानूनी व्यवस्था अनुसार पहिले नाप नक्सा भई दर्ता स्रेस्ता तयार भएको जग्गामा पुनः नापजाँच गर्नुपर्दा मौजुदा दर्ता स्रेस्ताबमोजिम भिडाई दर्ता गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ। नापीले उक्त कानूनी प्रावधानको उल्लङ्घन गरी साबिक दर्ता स्रेस्ता नभिडाई नापनक्सा गरेउपर वादीको उजुरी परेकोमा त्यसउपर कुनै कारबाही नगरेको र प्रतिवादीको निवेदनको आधारमा एकतर्फी रूपमा अमालकोटले वादीलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत वादीको जम्मा घटी र प्रतिवादीको बढी कायम हुने गरी नियमविपरीत सिफारिस गरी सोही आधारमा मालपोत कार्यालयले गरेको हालसाबिक निर्णयलाई त्रुटिपूर्ण रहेकोले कि.नं.१४२ को पूर्वतर्फको जग्गा वादीको नाममा दर्ता हुने ठहरेको उच्च अदालतको फैसला मिलेको नै देखिने।

ने.का.प. २०४९, नि.नं. ४६६६ र ने.का.प. २०६१, नि.नं. ७३१३ मा "पहिले नै नाप जाँच भइसकेको जग्गा नाप जाँच गर्दा साबिक स्रेस्ताबमोजिम नाप जाँच गर्नुपर्ने" भनी प्रतिपादित भएको सिद्धान्त अनुसार मालपोत कार्यालय डिल्लीबजारको हालसाबिक अद्यावधिक गर्ने निर्णय बदर हुने प्रकृतिको भई बदर भई प्रत्यर्थी वादीको नाममा कि.नं.१४२ को पूर्वतर्फको ०-१-०-० जग्गा दर्ता हुने देखिएकोले उच्च अदालत पाटनको फैसला मिलेको देखिन्छ।

सुरू काठमाडौं जिल्ला अदालतले पशुपति अमालकोटको प्रतिवादीको नाउँमा पुर्जा कायम गरिदिने निर्णय र मालपोत कार्यालय डिल्लीबजारको हालसाबिक अद्यावधिक गर्ने गरेको निर्णय बदर गर्नुपर्नेमा सो नगरी हदम्यादको आधारमा वादी दाबी खारेज गर्ने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम पशुपति अमालकोटको मिति २०५४।०८।१९, २०५६।०५।१४ र २०५६।०६।११ को निर्णय र सोही निर्णयको आधारमा मालपोत कार्यालय, डिल्लीबजारले गरेको मिति २०५६।०६।२५ को निर्णय र दर्तासमेत बदर भई कि.नं. १४३ बाट पुनरावेदक प्रतिवादीको कि.नं. १४२ मा घुस्न गएको देखिँदा उक्त कि.नं. १४२ को पूर्वतर्फबाट क्षेत्रफल ०-१-०-० जग्गा प्रत्यर्थी वादीको नाउँमा दर्ता हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।०७।२८ मा भएको फैसला मिलेकै देखिँदा प्रत्यर्थी झिकाउने आदेश गरिराख्नुपर्ने देखिएन। पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने।

इजलास अधिकृत :- निराजन शर्मा

कम्प्युटर :- सरस्वती दाहाल

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम्।

**४७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७६-CR-१०४३, कर्तव्य ज्यान,*

*कमल लामिछाने वि. नेपाल सरकार*

अदालतमा बुवाको मृत्यु मैले हिर्काएको काठको औलोको चोटको कारणले नै हो तर मार्ने मनसायले प्रहार गरेको होइन भनी गरेको साबिती बयान एवम् वादीको साक्षी सुरेन्द्र लामिछाने, प्रमिला लामिछाने र तेजबहादुर लामिछानेसमेतले प्रतिवादीले प्रहार गरेको काठको औलोको चोटको पीडाको कारणले मृत्यु भएको हो भनी अदालतमा बकपत्रसमेत गरेको र शव परीक्षण प्रतिवेदनमा cause of death is due to blunt force trauma to head भनी उल्लेख भएबाट धनबहादुर लामिछानेको मृत्यु यिनै प्रतिवादीले प्रहार गरेको काठको औलोको चोटको कारण भएको हो भन्ने तथ्यमा कुनै विवाद नदेखिने।

प्रतिवादीको बुबाले रक्सी सेवन गरेको र काठको औलोले तोडफोड गर्न लागेको अवस्थामा काठको औलो खोस्न खोज्दा मृतकले प्रतिवादीलाई धकेली लडाएको र तत्काल उठी बुबाको हातको औलो खोसी सोही औलोले आफ्नो बुबालाई हानेकोमा त्यसरी हानेको चोट टाउको र मुखमा लगेको र सोही चोटको कारणले मृतक बिस्तरामा ढलेको एवम् उपचारको लागि अस्पतालमा लगेकोमा उपचारकै क्रममा प्रतिवादीको बुबाको मृत्यु भएको भन्ने देखिन्छ। प्रतिवादीले आफ्नै बुबालाई मार्नुपर्नेसम्मको कुनै रिसइवी रहे भएको मिसिल संलग्न कागजहरूबाट देखिँदैन । घटना घटाउनका लागि पूर्वतयारी गरेकोसमेत देखिँदैन। ज्यानसम्बन्धी महलको १ नं. को कसुर हुनको लागि मनसायपूर्वक हत्या गरेको वा पूर्वतयारी गरी कुनै व्यक्तिको ज्यान लिएको हुनुपर्दछ । मनसायपूर्वक हत्या भएको अवस्थामा मात्र ज्यानसम्बन्धी महलको १३(३) नं. को सजाय आकर्षित हुने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले आफ्नै बुबालाई मार्नुपर्नेसम्मको रिसइवी रहेको भन्ने मिसिल संलग्न तथ्यबाट समेत देखिन आउँदैन। बुबाले रक्सी सेवन गरेको अवस्थामा काठको औलोले घरमा तोडफोड गर्न लागेको अवस्थामा बुबाको हातबाट लौरो खोस्न खोजेको अवस्थामा धकेली लडाएको हुँदा तत्काल उठेको रिसको कारण औलोले बुबालाई प्रहार गर्दा बुबा घाइते भएको र उपचार गर्दागर्दैको अवस्थामा सोही चोटको कारण प्रतिवादीको बुबाको मृत्यु भएको देखिएको अवस्थमा प्रतिवादीलाई ज्यानसम्बन्धीको १३ (३) नं. अनुसार जन्मकैदको सजाय गर्ने गरेको सुरू नवलपुर जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पोखराको फैसला मनासिब रहे भएको नदेखिने।

उच्च अदालत पोखराले प्रतिवादी कमल लामिछानेलाई ज्यानसम्बन्धी महलको १३ (३) नं.बमोजिम जन्मकैदको सजाय हुने भनी मिति २०७६।१।३० मा गरेको फैसला केही उल्टी भई प्रतिवादी कमल लामिछानेलाई ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १० (दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत :- जनक सिंह बोहरा

कम्प्युटर :- चन्द्रावती तिमल्सेना

इति संवत् २०८० साल माघ १५ गते रोज ०२ शुभम्।

## ४८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७६-CR-१७३६, कर्तव्य ज्यान, नेपाल सरकार वि. रविन्द्रकुमार दर्लामी मगरसमेत*

प्रतिवादी छत्रबहादुर राना मगरउपर मुलुकी अपराध संहिता, २०७४ को दफा १७७ को उपदफा (१) बमोजिमको कसुरमा सोही दफा १७७ को उपदफा (२) बमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारबाट पुनरावेदन जिकिर लिएको देखिन्छ। उक्त दफा १७७ (१) मा कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उल्लिखित

कानूनी व्यवस्था हेर्दा कसैको ज्यान मार्ने मनसायले गरेको क्रियाकलापबाट ज्यान मरेमा यो दफा लागु हुने विधायिकी मनसाय रहेको देखियो । प्रस्तुत कसुरमा मिसिल संलग्न कुनै पनि कागजातबाट प्रतिवादी छत्रबहादुर राना मगर र मृतक परिवारका बिचमा कुनै पूर्वरिसइवी रहे भएको भन्ने कुरा खुल्न सकेको पाइँदैन । मृतकलाई प्रतिवादीले यो यो कारणले मार्न पुगेको हो भन्ने कुरा पनि कसैले खुलाउन सकेको देखिँदैन । मौकामा जाहेरवाला र मृतकको आमाले समेत यी प्रतिवादीहरूसँग मृतकको रिसइवी रहेको भन्ने कुरा खुलाउन नसकेको स्थितिमा यी प्रतिवादीले पूर्वरिसइवी लिई मनसायपूर्वक प्रतिवादीलाई कर्तव्य गरी मारेको थियो भन्ने कुरा भन्न सकिने अवस्थासमेत मिसिलबाट देखिन नआउने ।

मिसिल संलग्न कागज प्रमाणबाट प्रस्तुत वारदातमा मृतकलाई प्रतिवादीले कुनै साङ्घातिक हतियारले चोट प्रहार गरेको नभई मृतक र यी प्रतिवादीका बिचमा मृतकले खैनी नदिएकोले खैनीको विषयमा भनाभन धकेला धकेल र सामान्य हानाहान भई मृतक ढोकामा ठोक्किन गई सोही घाउ चोटको कारणबाट मृत्यु भएको भन्ने स्वयम् प्रतिवादीको बयान र लास जाँच मुचुल्काबाट मृतक मानबहादुर दर्लामी मगरको लासको दाहिने आँखाछेउको चल्नीमा निलडाम देखिएको, गर्धनको पछाडिपट्टी फुलेको सुन्निएको, मृतकको ओठ फुटेको सुन्निएर रगत जमेको टाटा देखिएको, नाकबाट रगतजस्तो रातो पदार्थ बगेकोबाहेक उक्त लास जाँच मुचुल्कामा कुनै त्यस्तो साङ्घातिक हतियारको प्रयोग भई गम्भीर चोट लागेको पनि देखिँदैन । घटना घटेपश्चात् स्वयम् मृतकका बाबुसमेत भई मृतकलाई सिरक ओढाई सुताइसकेपछि मात्र मृतकको मृत्यु भएको देखिएको अवस्थामा मृतकलाई मनसायपूर्वक तयारीका साथ मारेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीमध्येको रवि भन्ने रविन्द्रकुमार दर्लामी मगरले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीमध्येको छवि भन्ने छत्रबहादुर राना मगरको कुटपिटको कारणले मानबहादुर दर्लामी मगरको मृत्यु भएको पाइएकोले निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ को उपदफा (१) को कसुरमा सोही दफाको उपदफा (२) बमोजिम जन्मकैद हुने एवम् निजबाट पीडितका परिवारलाई क्षतिपूर्तिबापत रु.५०,०००।- (पचास हजार) भराइदिने र प्रतिवादीमध्येको छवि भन्ने छत्रबहादुर राना मगरलाई ८ (आठ) वर्ष कैद सजाय गर्नु उपर्युक्त ठानी फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ कबमोजिम कम सजायको प्रस्ताव गरी रायसहितको उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।०९।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - जनक सिंह बोहरा

कम्प्युटर - चन्द्रावती तिमल्सेना

इति संवत् २०८० साल माघ १५ गते रोज २ शुभम् ।

### ४९

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री विनोद शर्मा**, *०७२-CR-२०५७, ज्यान मार्ने उद्योग, मिङमार शेर्पा वि. नेपाल सरकार*

प्रतिवादी मिङमार शेर्पाले आफ्नी श्रीमती फुटी शेर्पालाई धारीलो हतियार चक्कु लिई हान्छु, काट्छु, मार्छु भनी घरबाट बाहिर निकाली लखट्दै गएको अवस्थामा जाहेरवाला र निजको छोरा वाङछ शेर्पाले फुटी शेर्पाको हार गुहार सुनी फुटी शेर्पालाई बचाउन खोज्दा निज प्रतिवादीले जाहेरवाला र वाङछ शेर्पालाई जथाभावी धारिलो हतियार चक्कुले

पटकपटक हानी सख्त घाइते बनाएको देखिन्छ । प्रतिवादी मिङमार शेर्पाले आफ्नी श्रीमतीलाई चक्कुले प्रहार गर्ने मनसाय राखी चक्कु हातमा लिई लखेटेकोमा विवाद देखिँदैन । निजले आफ्नी श्रीमतीलाई चक्कुले हान्ने मनसायले लखेटेकोमा बिचमा छुट्याउन गएका जाहेरवाला र निजको छोरालाई चक्कु प्रहार गरेको पाइन्छ । चक्कुजस्तो जोखिमी हतियारले प्रहार गर्दा गम्भीर खालको चोट लाग्छ र मानिसको मृत्युसम्म हुन सक्दछ भन्ने सामान्य समझ व्यक्तिले सहजै अनुमान गर्न सकिन्छ । प्रतिवादी मिङमार शेर्पाले चक्कुजस्तो जाखिमी हतियारले पीडित बाङछु शेर्पालाई पेटमा हानी पेटको आन्द्रासमेत बाहिर निस्किएको र निजको काठमाडौंको सुविधा सम्पन्न अस्पतालमा उपचार गराउनु सम्भव भएकोले मात्र निजको ज्यान बच्न गएको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिँदा प्रतिवादी मिङमार शेर्पाको उक्त कार्य ज्यान मार्ने उद्योगको कसुर भएको कुरामा विवाद नदेखिने ।

प्रतिवादी मिङमार शेर्पाको उक्त कार्यमा आपराधिक मनसाय थियो कि थिएन भनी हेर्दा निजले आफ्नी श्रीमतीलाई घरायसी सामान्य झगडामा काट्छु, मार्छु भन्दै चक्कु लिई श्रीमतीलाई लखेटी हिँडेको अवस्थामा जाहेरवालाले छुट्याउन खोज्दा जाहेरवालालाई चक्कुले हातमा हानेपछि जाहेरवालाको छोरा पीडित वाङछु शेर्पा छुट्याउन जाँदा प्रतिवादीले पीडितलाई चक्कुले पेटमा हानी पेटको आन्द्रासमेत बाहिर निस्किएको अवस्था चिन्ताजनक रहेको हुनाले सुविधा सम्पन्न अस्पतालमा उपचार गर्न लैजान भनी रिफर गरेको घाँजाच केस फारामबाट देखिन्छ । अपराध हुँदाको अवस्था, अपराध हुँदा प्रयोग भएको हतियार तथा अन्य परिस्थितिबाट आपराधिक कार्यमा आपराधिक मनसाय पत्ता लगाउनुपर्ने हुन्छ । प्रतिवादीले आफ्नी श्रीमतीलाई चक्कुले हान्नको लागि पूर्वतयारी गरी लखेट्दै गएको अवस्थामा जाहेरवाला र निजको छोराले छुट्याएको निहुँमा चक्कुले प्रहार गरेको देखिन्छ । प्रतिवादीको जाहेरवाला र निजको छोरा विरुद्ध ज्यान मार्ने उद्योगका कसुर गर्ने मनसाय नभएको भए चक्कुजस्तो धारिलो हतियारले पटकपटक प्रहार गर्नुपर्ने अवस्था देखिँदैन । प्रतिवादीले पीडितलाई चक्कुजस्तो जोखिमी हतियारले पेट तथा शरीरको अन्य भागमा हानी सख्त घाइते बनाएको अवस्था र परिस्थितिबाट प्रतिवादीको उक्त आपराधिक कार्यमा आपराधिक मनसाय थिएन भन्न सक्ने अवस्था देखिएन । त्यस कारण आपराधिक मनसायविना गरेको कार्य अपराध नहुने हुनाले प्रतिवादीले अभियोग दाबीबाट सफाइपाउँ भनी लिएको पुनरावेदन जिकिर एवं विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले चक्कुजस्तो धारिलो हतियारले पीडितहरूलाई जथाभावी प्रहार गरी पीडित बाङछ शेर्पाको पेटमा धारिलो हतियारले पटक पटक छेडेको भन्ने घा जाँच केस फारामबाट देखिन्छ । प्रतिवादीले प्रहार गरेको धारिलो हतियारको चोटबाट पीडित वाङछ शेर्पाको पेटबाट आन्द्रा बाहिर निस्किएको र निजको अवस्था चिन्ताजनक रहेको भन्ने घा जाँच केस फारमले पुष्टि गरेको पाइन्छ । गाउँका छिमेकीहरू आएपछि प्रतिवादी भागेर घरमा गई लुकी बसेको र पछि प्रहरी कार्यालयमा गएको देखिन्छ । पीडित वाङछ शेर्पालाई तत्काल फाप्लु अस्पतालमा उपचार गराई त्यहाँ उपचार सम्भव नभएपछि काठमाडौंको सुविधा सम्पन्न अस्पतालमा उपचार गराएपछि पीडितको ज्यान बच्न गएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । तसर्थ प्रतिवादी मिङमार शेर्पाले ज्यान मार्ने उद्योगसम्बन्धी कसुर गरेको ठहऱ्याई साबिक पुनरावेदन अदालत राजविराजबाट भएको फैसलालाई

अन्यथा भन्न नपर्ने ।

सुरू सोलुखुम्बु जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सफाइ दिई कुटपिटमा परिणत हुने गरी भएको फैसला उल्टी गरी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र ऐ. १५ नं. बमोजिमको कसुरमा ऐ.१५ नं. बमोजिम प्रतिवादी मिङ्मार शेर्पालाई ५(पाँच) वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत राजविराजबाट मिति २०७२।१।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० असोज २ गते रोज ३ शुभम् ।

**५०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी**, *०७५-WO-०४१५, उत्प्रेषणयुक्त परमादेशसमेत, विश्वम्वरलाल प्रधान वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

हालैको बकसपत्र लिखतबमोजिम निवेदिकाको ससुराले हक स्वामित्व प्राप्त गरेको सम्पत्ति निजले आफ्नो नाउँमा दर्ता गराई लिइसकेको वा अन्यत्र भोग बिक्री व्यवहार गरिसकेको भन्ने देखिन आएको छैन । सो लिखतलाई आधार देखाई निवेदन दाबीको कि.नं. ७१० को जग्गामा निवेदिकाले दोहोरो स्वामित्व स्थापित गराउन खोजेको भन्ने अवस्था पनि मिसिल प्रमाणहरूबाट देखिन आएको छैन । मिति २०३८।६।११ मा पारित हालैको बकसपत्रमा सर्भे कि.नं. ७१० उल्लेख नभएकोले सो हा.व. प्राप्त गरेको जग्गा नै निवेदन दाबीको कि.नं. ७१० को जग्गा हो भन्ने यकिन नभएको भन्ने लिखितजवाफ बेहोरा देखिएकोले सोतर्फ विचार गर्दा हालैको बकसपत्रमा उल्लिखित जग्गा काठमाडौं ठमेलको जग्गा भन्ने देखिन्छ । कि.नं. ७१० काठमाडौं नगर वडा नं. २९ ठमेलको भएको स्पष्ट छ । हा.व. प्राप्त जग्गाको उत्तर मूल सडक रहेको भन्ने देखिन्छ । कि.नं. ७१० को फिल्डबुक हेर्दा उत्तर बाटो रहेको देखिन्छ । त्यसै गरी दक्षिण आफ्नै र उजरप्रसादको घर बारी भनी चौकिल्ला खुलाइएकोमा कि.नं. ७१० को दक्षिणतर्फ कि.नं. ७०८ रहेको र सो कि.नं. ७०८ अजरप्रसाद प्रधानको नाउँमा नापी भई फिल्डबुक कायम भएको देखिन्छ । हा.व. प्राप्त जग्गामा घर भएको र सो घर जग्गा निवेदिकाको भोगमा रहेको भन्ने तथ्य निर्विवाद रूपमा स्थापित छ । दाबीको कि.नं. ७१० को घर जग्गामा निवेदिकाको बसोबास रहेको भन्ने देखिन आएकोले पारित लिखतमा क्षेत्रफल ०-९-० भनी उल्लेख भए तापनि कि.नं. ७१० मा क्षेत्रफल ०-७-०-२ कायम भई नापी भएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको देखिने ।

मालपोत कार्यालय काठमाडौंबाट प्राप्त मि.नं. ७/दा.खा. ०७२/०७३ को निर्णय मिसिल हेर्दा भूमिसुधार तथा व्यवस्था मन्त्रालय (जग्गा प्रशासन शाखा) को मिति २०७०।५।२४ को च.नं. ३३० को पत्रबाट निवेदन दाबीको कि.नं. ७१० को घर जग्गा बेचबिखन हुन र अरू कसैको नाउँमा दर्ता हुनबाट रोकिदिन भनी मालपोत कार्यालय डिल्लीबजारका नाउँमा लेखी आएको देखिन्छ । कान्छी बडामहारानी इश्वरी राज्यलक्ष्मीदेवी शाहको नाममा रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ ठमेल स्थित कित्ता नम्बर ७१० क्षेत्रफल ०-७-०-२ जग्गा मिति २०७२।३।६ मा बसेको नेपाल ट्रस्टको सञ्चालक समितिको ३६ औँ बैठकबाट नेपाल ट्रस्टमा ल्याउन उपर्युक्त हुने निर्णय भइआएको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस भई नेपाल ट्रस्टका नाउँमा कायम गर्ने गरी निर्णय भए

गरेको देखिन्छ। तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारका नाममा रहेको सम्पत्ति सोझै नेपाल ट्रस्टको नाममा ल्याउने व्यवस्था नभएकोले नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ४ बमोजिम नेपाल ट्रस्टका नाउँमा ल्याउने व्यवस्थाका लागि प्रस्ताव पेस भई नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।३।२१ मा निर्णय भए गरेको भन्ने देखिन्छ। सो निर्णयबमोजिम निवेदन दाबीको कि.नं. ७१० को घर जग्गा नेपाल ट्रस्टको कार्यालयका नाउँमा दर्ता गर्ने गरी मालपोत कार्यालय काठमाडौंबाट मिति २०७२।४।११ मा निर्णय भई दर्ता स्रेस्ता कायम रहेको अवस्था देखिने।

नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ४ मा ट्रस्टको सम्पत्ति सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ। सो दफा ४ को उपदफा (१) हेर्दा नेपाल सरकारले राष्ट्रियकरण गरी छुट्टै व्यवस्था गरकोमा बाहेक ट्रस्टमा देहायको सम्पत्ति रहने छ भनी उल्लेख गरिएको पाइन्छ। सो दफा ४ उपदफा (१) को देहाय (क) हेर्दा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति ट्रस्टअन्तर्गत ल्याउने भनी नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गरेको सम्पत्ति भनी स्पष्ट व्यवस्था गरिएको पाइन्छ। सो कानूनी व्यवस्थाबमोजिम तत्कालीन राजा वीरेन्द्र रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा कायम रहेको सम्पत्ति मात्र नेपाल ट्रस्टको स्वामित्वमा ल्याउने गरी नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गर्न सक्ने देखिन्छ। तत्कालीन राजा रानी तथा राजपरिवारका सदस्यहरूको देहावसान २०५८ साल जेठ महिनामा भएको तथ्य सर्वविदित नै छ। निवेदन दाबीको कि.नं. ७१० को जग्गा साबिकमा तत्कालीन मुमा वडामहारानी इश्वरी राज्यलक्ष्मीदेवी शाहको हक स्वामित्वको सम्पत्ति भई फिल्डबुक कायम भएको भए तापनि निजले मिति २०३८।६।११ मा यी निवेदिकाको ससुरा आम्रोज गोमेसलाई र.नं. २२२५ को हालैको बकसपत्र लिखत पारित गरिदिइसकेको देखिँदा सो सम्पत्तिमा तत्कालीन राजा रानी तथा निजहरूका परिवारको हक कायम रहिरहेको भनी मान्न मिल्ने भएन। नेपाल ट्रस्ट ऐन, २०६४ जारी हुनुभन्दाअगावै हक स्वामित्व हस्तान्तरण भई गइसकेको अवस्था देखिन आएकोले सो कि.नं. ७१० को घर जग्गाको हकमा नेपाल ट्रस्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१)(क) आकर्षित हुन सक्ने देखिएन। यसरी आकर्षित हुन नसक्ने नेपाल ट्रस्ट ऐन, २०६४ को देहायको दफा ४ को उपदफा (१) को देहाय (क) बमोजिम कि.नं. ७१० को घर जग्गा नेपाल ट्रस्टमा ल्याउने सम्बन्धमा नेपाल ट्रस्ट सञ्चालक समितिको ३६ औँ बैठकबाट मिति २०७२।३।६ मा भएको निर्णय सो निर्णयका आधारमा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७३।३।२१ मा भएको निर्णय तथा उक्त मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको सम्बन्धमा नेपाल ट्रस्टको कार्यालयबाट मिति २०७२।३।२८ मा मालपोत कार्यालय काठमाडौंका नाउँमा प्रेषित च.नं. ७३६ (प.स. २०७१/०७२) को पत्रसमेतका आधारमा निवेदन दाबीको कि.नं. ७१० को जग्गा नेपाल ट्रस्टको कार्यालयका नाउँमा दर्ता गरिदिने गरी मालपोत कार्यालय काठमाडौंबाट मिति २०७२।४।११ मा भएको निर्णय विधिसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। निवेदिकाले नामसारी दा.खा. दर्ता गरिपाउँ भनी मालपोत कार्यालय काठमाडौंसमक्ष दिएको निवेदन सम्बन्धमा आवश्यक प्रमाण बुझी निर्णय गर्नु भनी मालपोत कार्यालय काठमाडौंका नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत - अमृताकुमारी शर्मा

कम्प्युटर - चन्द्रावती तिमल्सेना

इति संवत् २०८१ साल वैशाख १३ गते रोज ५ शुभम्।

**५१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री शारङ्गा सुवेदी**, *०७६-WO-०२०६, उत्प्रेषण/परमादेशसमेत, रेवती पोखरेल वि. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरसमेत*

निवेदकले पेस गरेको निजामती किताबखानाको MIS Report लाई मध्यनजर गर्दा निवेदकले स्वास्थ्य सेवामा सेवा सुरू गरेको मिति २०६०।०४।२५ बाट हालसम्म निजको सेवा अवधि २० वर्ष पूरा भइसकेको देखिन्छ । त्यसमध्ये निजले ३ वर्ष ६ महिना २६ दिन बेतलबी अध्ययन बिदा लिएको देखिन्छ । सोबाहेक निजले कार्यरत रहेको जिल्लालाई हेर्ने हो भने करिब १३ महिना जिल्ला स्वास्थ्य कार्यालय, झापामा कामकाज गरेको देखिन्छ भने निजले जिल्ला अस्पताल भोजपुरमा सरुवा हुनअगावै बेतलबी अध्ययन बिदा लिएको र बेतलबी अध्ययन बिदामा रहेपछि मात्र भोजपुर अस्पतालमा निजको दरबन्दी सरेको देखिन्छ । त्यसबाहेक यी निवेदकले हालसम्म मोरङ जिल्लाका विभिन्न स्वास्थ्य संस्थाहरूमा कामकाज गरेको देखिन्छ । यसरी निवेदकले बेतलबी अध्ययन बिदामा रहेको अवस्थामा जिल्ला अस्पताल भोजपुरमा दरबन्दी सरेकै आधारमा दुर्गम स्थानमा काम गरेको भनी लिएको जिकिर उपयुक्त मान्न सकिँदैन । त्यस्तै निवेदकले जिल्ला स्वास्थ्य कार्यालय झापालाई अपायक पर्ने भनेकोमा भूगोलको हिसाबले मोरङको सीमासँग जोडिएको र यातायातको सहज पहुँच भएको नजिकको तराइको जिल्लालाई अपायक भनी चित्रण गर्न खोज्नु मोरङ बसोबास रहेको कर्मचारीको लागि उक्त जिल्ला अपायकको हुन सक्दैन । त्यसै गरी रिट निवेदकले पहिलो प्राथमिकतामा सङ्घलाई रोजेको भने तापनि ज्येष्ठतासमेतका आधारमा निजभन्दा जेष्ठ कर्मचारीले सङ्घ रोजेको र सङ्घको दरबन्दी सीमित रहेको कारण समायोजन गर्न सकिने अवस्था नरही प्रदेश नं. १ मा समायोजन गरिएको भन्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफबाट देखिन्छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पत्र सङ्ख्या ०७५|०७६ चलानी नं. १६|०५|स्वास्थ्य|२२१६, मिति २०७६।०४।०८ को पत्र अनुसार निजको नागरिकतासमेत कोशी प्रदेशमै रहेको र हालको कोशी प्रदेशमा समायोजन गरी पठाएकोमा कोशी प्रदेशमा समायोजनमा परेको विषयलाई निजले स्वीकार गरी रिट निवेदनको प्रकरण ३(ख) मा स्पष्ट गरिसकेको अवस्थामा सङ्घ समायोजनमा नपरेको भन्ने विषयमा अब थप विवेचना गर्नु नपर्ने ।

निवेदकले पेस गरेको सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ हालको कोशी प्रदेशको मिति २०७६।०५।०८र०९ को(सचिवस्तर)कोनिर्णयानुसार पदस्थापन भएका स्वास्थ्य सेवाअन्तर्गतका विभिन्न पद तथा तहका कर्मचारीहरूको पदस्थापन विवरणलाई हेर्दा, ल्याव टेक्निसियनतर्फको सूचीमा यी निवेदकको नाम सि.नं. १३ मा रहेको र पदस्थापन हुने कार्यालयमा स्वास्थ्य कार्यालय तेह्रथुम उल्लेख भएको देखिन्छ । निवेदकले आफू समायोजनको सूचीमा १३ नं. मा रहेको भए तापनि समायोजन गर्दा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८(२) को परिपालना नगरी आफूभन्दा कनिष्ठलाई पायक पर्ने स्थानमा र आफूलाई दुर्गम स्थानमा समायोजन गरी उक्त समायोजनको निर्णय प्राथमिकताक्रम अनुसार नभएको भन्ने जिकिर लिएको देखियो । यसतर्फ विचार गर्दा निवेदकले रोजेको प्राथमिकताक्रम अनुसारको मन्त्रालय वा कार्यालयमा निवेदकलाई समायोजन नगरेर निजभन्दा पछिको सूचीमा रहेका कनिष्ठ कर्मचारीलाई समायोजन पदस्थापन गरेको भनी निवेदकले पुष्टि

गर्न सकेको देखिँदैन । त्यसै गरी समायोजनको लागि आह्वान गरिएको फाराममा निजले उल्लेख गरेका कनिष्ठ कर्मचारी समायोजन भएको कार्यालयमा यी रिट निवेदकले समायोजन हुनको लागि छनौटमा राखेको देखिँदैन । समायोजनको प्राथमिकताक्रममा आफूले नरोजेको र अरूले रोजेर समायोजन भएको विषयमा आफूभन्दा कनिष्ठ कर्मचारीलाई पायक परेको स्थानमा समायोजन गरिएको भन्नु युक्तिसङ्गत मान्न सकिँदैन । यसका साथै सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको लिखित जवाफलाई हेर्दा यी निवेदकले पहिलो प्राथमिकतामा प्रदेश प्रयोगशाला मोरङ्ग र दोस्रोमा जनस्वास्थ्य कार्यालय मोरङ मात्र रोजेको भन्ने देखिन्छ । निवेदकले आफूले रोजेको कार्यालयमा आफूभन्दा कनिष्ठलाई समायोजन गरिएको पनि भन्न सकेको देखिँदैन । अरूले रोजेको कार्यालयमा आफूलाई समायोजन पदस्थापन नगरिएको भन्ने निवेदकको भनाइ तर्कसङ्गत र कानूनसम्मत हुन सक्दैन । सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको मिति २०७६।०५।०८ र ०९ को (सचिवस्तर) को निर्णयानुसार भएको कर्मचारी पदस्थापनको कार्य निवेदकको हकमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८(२) को प्रतिकूल मान्न सकिएन । त्यसै गरी निवेदकले श्रीमती भूमिसुधार कार्यालय मोरङमा कार्यरत रहेकाले कर्मचारी समायोजन ऐनको दफा ८(३) बमोजिम एकै जिल्लामा समायोजन हुनुपर्ने भनेको उक्त व्यवस्था बाध्यात्मक नभई सम्भव भएसम्मको लागि मात्र रहेको देखिन्छ । उपरोक्त आधारमा रिट निवेदकको हकमा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको कर्मचारी समायोजनका लागि मिति २०७६।०५।०८ र ०९ को (सचिवस्तर) को निर्णयलाई अन्यथा मान्नु नपर्ने ।

रिट निवेदकले प्रदेश समायोजनलाई स्वीकार गरेकै देखिएको, कोशी प्रदेशमा समायोजन भइसकेपछि समायोजन पदस्थापनको लागि सामाजिक विकास मन्त्रालयबाट प्रदेश सेवाका कर्मचारी पदस्थापन तथा सरुवासम्बन्धी कार्यविधि, २०७६ बमोजिम मिति २०७६।०५।०८ र ०९ को (सचिवस्तर) को निर्णयानुसार पदस्थापन भएका स्वास्थ्य सेवाअन्तर्गतका विभिन्न पद तथा तहका कर्मचारीहरूको पदस्थापनको विवरणमा ल्याव टेक्निसियनतर्फको सूचीमा रिट निवेदकको नाम सि.नं. १३ मा रहे पनि निजभन्दा पछिको सूचीको सि.नं. मा अन्य कर्मचारीहरू समायोजन भएको कार्यालयमा यी निवेदकले समायोजन हुन प्राथमिकताक्रममा राखेको नदेखिएको, सामाजिक विकास मन्त्रालयको मिति २०७६।०५।०८ र ०९ को (सचिवस्तर) को निर्णय प्रदेश सेवाका कर्मचारी पदस्थापन तथा सरुवासम्बन्धी कार्यविधि, २०७६ को दफा ७ अनुसार आवश्यकता र औचित्यताको आधारमा भएको देखिएको र समायोजन कार्य कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८(२),(३) विपरीत रहे भएकोसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदन खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७६।०५।२० मा जारी भएको अन्तरिम आदेश स्वतः निस्क्रिय हुने ।

इजलास अधिकृत - महेन्द्रबहादुर कार्की

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० साल पुस १८ गते रोज ४ शुभम् ।

**५२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७६-CR-०३८१, रहजनी चोरी, ग्याल्बु घले वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी लाकु भन्ने लागु ग्याल्बु घलेको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, निज प्रतिवादीले सुरू अदालतमा बयान गर्दा जाहेरवाला

र निजका साथी अनैतिक कार्य गरिरहेकोले प्रहरी बोलाइदिन्छु भन्दा हामीलाई बेइज्जत नगर्नु भनी नारान कार्कीले भोलि रु. १०,०००।– दिई निजको सुनको औँठी र सुनको सिक्री फिर्ता लाने भनी हामी प्रतिवादीहरूलाई सो गरगहना दिएका हुन्। जबरजस्ती चोरी गरी लगेको होइन भनी कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेको देखिन्छ । सोतर्फ अदालतले कुनै विचार नै नगरी कसुर कायम ठहर्‍याई भएको फैसला त्रुटिपूर्ण रहेको छ भनी प्रतिवादीले पुनरावेदन जिकिर लिएको पाइन्छ। सोतर्फ विचार गर्दा, बिनाकुनै प्रयोजन र कार्य कोही कसैले नगद तथा सुनका गरगहना दिई फिर्ता लाने सर्तमा कुनै पनि अपरिचित व्यक्तिलाई दिन्छ भनी अनुमान गर्न सकिने अवस्था देखिँदैन । प्रस्तुत मुद्दामा जाहेरवालाले यी प्रतिवादीहरू लाकु भन्ने लागु ग्याल्बु घले र राजकुमार भन्ने अनिल खड्कालाई भोलि रु.१०,०००।– लिई आउने भनी सुनको गरगहना र नगद दिएको भन्ने प्रतिवादी लाकु भन्ने लागु ग्याल्बु घलेको अदालतमा गरेको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निजको सो भनाइ पत्यारिलो नदेखिने।

प्रतिवादी लाकु भन्ने लागु ग्याल्बु घले अदालतमा इन्कार रही बयान गरे तापनि निजले अधिकार प्राप्त अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरेको पाइन्छ। त्यसै गरी जाहेरवालाको किटानी जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, सहअभियुक्तको बयान, बरामदी मुचुल्का, घटना विवरण कागजसमेतको प्रमाणबाट कसुरलाई समर्थन गरेको देखिँदा निज प्रतिवादीले जबरजस्ती चोरी गरेको होइन भन्ने भनाइ अन्य स्वतन्त्र तवरले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेकोसमेत देखिँदैन। साथै यिनै प्रतिवादीहरूले पशुपति वन क्षेत्रको मृगस्थलीबाट प्रहरी हौँ भनी एक केटा र एक केटी बसेको स्थानबाट केटीलाई सो ठाउँबाट बस तथा गाडीमा चढाई एक डेढ घन्टा पैदल हिँडाएर विचारी थोकस्थित पाखो बारीमा लगी यी दुई प्रतिवादीहरू राजकुमार भन्ने अनिल खड्का र सुवास लाकु भन्ने लागु ग्याल्बु घलेले सामूहिक बलात्कार गरी मोबाइलसमेत चोरी गरेको कसुरमा ठहर भई आज यसै इजलासबाट अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी र जबरजस्ती चोरी भएको मुद्दा (०७५-CR-१३०९) समेतमा फैसला भएको अवस्था छ । तसर्थ यी पुनरावेदक प्रतिवादी लाकु भन्ने लागु ग्याल्बु घलेले अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने पुनरावेदन जिकिर तथा निजका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी लाकु भन्ने लागु ग्याल्बु घलेलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. तथा १४ (३) नं. बमोजिम २ (दुई) महिना कैद र बिगोको सम्बन्धमा ऐ. को २१ नं. बमोजिम बरामद भएका सुनका गरगहना र चोरीको नगद जाहेरवालासमेतलाई फिर्ता गरिदिने र ऐ. को १०(३) नं. बमोजिम अपुग बिगो प्रतिवादीहरूबाट भराइदिने भन्ने हदसम्म सुरू अदालतको फैसला सदर गर्ने गरी मिति २०७५।०४।१४ मा उच्च अदालत पाटनबाट भएको फैसला मिलेको नै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ। जरिवानाको हकमा बिगोको दोब्बर रु. ३,०१,४००।– (तीन लाख एक हजार चार सय) को दरले जरिवाना भई जरिवानाबापत समेत कैद हुने भन्ने हदसम्म सुरू अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।०४।१४ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। तसर्थ हाल नयाँ मुलुकी अपराध संहिता, २०७४ को दफा २४२ को उपदफा (२) बमोजिम जरिवानाको हकमा अधिकतम रु.३०,०००।– (तिस हजार रूपियाँ) मात्र कायम हुने व्यवस्था भएको देखिँदा केही नेपाल

कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम निज प्रतिवादी लाकु भन्ने लागु ग्याल्बु घलेलाई जरिवानाको हकमा रु.३०,०००।– (तिस हजार रूपियाँ) मात्र जरिवाना कायम हुने ।

इजलास अधिकृत - हिरा माया अवाल

कम्प्युटर - चन्द्रावती तिमल्सेना

इति संवत् २०८० साल माघ १७ गते रोज ४ शुभम् ।

**५३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल**, *०७४-CR-१२२५, ०७९-CR-१०९८, कर्तव्यज्यान, नेपाल सरकार वि. लिलावती कुँवरसमेत, लिलावती कुँवरसमेत वि. नेपाल सरकार*

मृतकको शव परीक्षण गर्दा गिदीको भागमा रगत जमेको थियो। बाहिरी भाग अनुहारको देब्रे साइडमा गाला र अनुहारमा धेरै ठाउँमा ददारिएको घाउ चोटहरू थिए । दाहिने गालामा ७ x ३ से.मि.को ददारिएको एउटा घाउ रहेको थियो । मृतकको निधारभन्दा माथि दायाँ भागमा निलडाम, चिउँडो ददारिएको, ढाडमा ददारिएको घाउ र पेटको तल्लो भागमा देब्रे साइडमा गोलाकार रूपमा ५ से.मि. निलडाम थियो भिरबाट लड्दा पनि त्यस्ता घाउहरू लाग्न सक्छ भन्नेसमेत बेहोराको शव परीक्षण गर्ने चिकित्सक डा. प्रतिमा खड्काले सुरू अदालतमा बकपत्र गरेको देखिने ।

प्रतिवादीहरू तथा मृतकका बिचमा कुनै पनि प्रकारको पूर्वरिसइवी रहेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणहरूबाट नदेखिएको, प्रतिवादीहरू तथा मृतकका बिचमा विवाहको घरमा भएको सामान्य विवादमा मृतकले प्रतिवादीहरूलाई बन्चरोको बिँडले हानी भाग्न खोज्दा प्रतिवादीहरूले लखेट्दै गएको अवस्थामा जङ्गलतर्फ भाग्दै गएको यी प्रतिवादीहरूमध्ये यसै प्रतिवादीको चोटको कारणले गर्दा मृतकको मृत्यु भएको भनी अदालतमा बकपत्र गर्ने व्यक्तिहरूले समेत किटानीका साथमा भन्नसकेको अवस्था पनि देखिन आएन । शव परीक्षण गर्ने चिकित्सक डा. प्रतिमा खड्काले समेत अदालतमा बकपत्र गर्दा भिरबाट लडदा पनि त्यस्ता घाउहरू लाग्न सक्छ भनी उल्लेख गरिदिएको पाइन्छ । मृतक भिरबाट लडी घटना भएको भोलिपल्ट मात्र अचेत अवस्थामा फेला परेको र उपचारको क्रममा निजको मृत्यु भएको पाइन्छ । यसरी कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी कसुरमा शंकाको भरमा मात्र कसैलाई मनसायप्रेरित हत्याको कसुरदार ठ्याउनु न्यायसङ्गत हुँदैन । वादी नेपाल सरकारले यी प्रतिवादीहरूकै कुटपिटको चोटको कारणबाट मृतकको मृत्यु भएको हो भनी शंकारहित तवरबाट प्रमाणित गर्न नसकेको अवस्थामा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १.नं. विपरीतको कसुरमा ऐ.१३ (३) नं. बमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर न्यायसङ्गत नदेखिने ।

मृतक तथा प्रतिवादीहरूको बिचमा विवाहको घरमा सामान्य वादविवाद भएको र मृतकले बन्चरोको बिँडले प्रतिवादीहरूलाई प्रहार गरी भागी जङ्गलतर्फ जाने क्रममा प्रतिवादीहरूले लखेटी लगेको भन्ने कुरामा कुनै विवाद रहेको देखिँदैन । रातिको समयमा मदिराको नसामा रहेको व्यक्तिलाई जङ्गलतर्फ भिरको बाटोमा लखेटेमा घटना घट्न सक्छ भन्नेतर्फ प्रतिवादीहरूले पूर्वसावधानी अपनाउनुपर्नेमा सोतर्फ कुनै ध्यान दिएको देखिँदैन । मृतकलाई यी प्रतिवादीहरूले कुटपिट गरेको तथ्य स्थापित नभए तापनि प्रतिवादीहरूले रातिको समयमा लखेटेको र कारणले गर्दा मृतक जङ्गलतर्फ जाने क्रममा भिरबाट लडी शरीरको विभिन्न भागमा चोटपटक लागेको र सोही चोटपटकका कारणले गर्दा

मृत्यु भएको देखिँदा यी प्रतिवादीहरूको ज्यान लिने मनसाय नभए तापनि प्रतिवादीहरूले लखेट्दै गएको कारणले गर्दा भिरबाट लडी मानिसको मृत्यु भएको अवस्थामा यिनै प्रतिवादीहरू लिलावती कुँवर, हिक्मत कुँवर, दुर्गाबहादुर कुँवर, दिपक बुढाथोकी, धर्मेन्द्र हितान, शिव बराल, चन्द्रशेखर बुढा नविन गिरीको कारणले गर्दा भवितव्यबाट जाहेरवालाको छोराको मृत्यु भएको देखिने।

आठ जना प्रतिवादीहरू भएकोमा उच्च अदालत सुर्खेतले आठै जना प्रतिवादीहरूलाई साबिक मुलुकी मुलुकी ऐन, २०२० ज्यानसम्बन्धी महलको ५ नं. कसुरमा ऐ. ६ (४) बमोजिम जनही दुई वर्ष कैद र पाँच सय जरिवाना हुने ठहऱ्याई फैसला गरेकोमा सबै फैसलाउपर प्रतिवादीहरू लिलावती कुँवर र चन्द्रशेखर बुढाको मात्र यस अदालतमा पुनरावेदन परेको र उच्च अदालत सुर्खेतले जनही दुई वर्ष कैद र पाँच सय जरिवाना हुने ठहर गरी गरेको फैसला केही उल्टी भई प्रतिवादीहरूलाई जनही एक वर्ष कैद र रु पाँच सय जरिवाना हुने ठहरी फैसला भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४४ को उपदफा (२) को आधारमा पुनरावेदन नगर्ने प्रतिवादीहरू हिक्मत कुँवर, दुर्गाबहादुर कुँवर, दिपक बुढाथोकी, धर्मेन्द्र हितान, शिव बराल, र नविन गिरीसमेतलाई जनही एक वर्ष कैद र र पाँच सय जरिवाना हुने।

उच्च अदालत सुर्खेतको मिति २०७४।०२।११ मा भएको फैसला नमिली केही उल्टी भई प्रतिवादीहरू लिलाबती कुँवर, चन्द्रशेखर बुढा, हिक्मत कुँवर, दुर्गाबहादुर कुँवर, दिपक वुढाथोकी, धर्मेन्द्र हितान, शिव वराल, र नविन गिरीलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ज्यानसम्बन्धी महलको ६ (२) नं. अनुसार जनही एक वर्ष कैद र पाँच सय रूपियाँ जरिवाना हुने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० पुस १६ गते रोज २ शुभम्।

५४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री सुनिलकुमार पोखरेल**, *०७८-CR-०२८०, बिनाइजाजत काठ ओसारपसार, गोपी खड्का वि. नेपाल सरकार*

प्रतिवादी गोपी खड्काको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा ट्याक्टर चालक उमेश राना मगरले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दाका अवस्थामा ट्याक्टर धनी मै हुँ भनी गोपी खड्काले भनेको हो भनी पोल गरेको कारणले मात्र प्रतिवादी गोपी खड्काका विरुद्ध बिनाइजाजत काठ ओसारपसारको मुद्दा दायर भएको र अभियोग दाबी अनुसार नै निजलाइ सजायसमेत भएको देखिने।

ट्याक्टर कसको नाममा दर्ता रहेको छ भनी यातायात व्यवस्था कार्यालयलाई बुझ्दा यातायात व्यवस्था कार्यालय नारायणी अञ्चल वीरगन्जको च.नं. ३७४० मिति २०६७।११।१५ को प्राप्त पत्र अनुसार ना २ त ९२६ नं.को निजी ट्याक्टर जिल्ला मकवानपुर मनहरी गा.वि.स. वडा नं.३ बस्ने हरिनारायण बर्तौलाको नाममा दर्ता रहेको भनी उल्लेख भएको पाइन्छ। चालक उमेश राना मगरले भने अनुसार ट्याक्टर धनी गोपी खड्का भएको भए सो ट्याक्टर निज प्रतिवादी गोपी खड्काको नाममा दर्ता भएको हुनुपर्ने थियो। तर उक्त ट्याक्टर धनी हरिनारायण बर्तौला भन्ने यातायात व्यवस्था कार्यालय नारायणी अञ्चलको पत्रबाट देखिएको अवस्थामा ट्याक्टर धनी यी प्रतिवादी गोपी खड्का हुन् भन्ने देखिन आएन। काठ ओसारपसारमा

यी प्रतिवादीको संलग्नता नरहेको र ट्याक्टर धनी भनेर मात्र मुद्दा चलाएको अवस्था भएकोले ट्याक्टर धनी अर्कै व्यक्ति देखिएको अवस्थामा कसैले पोलेकै आधारमा मुद्दा चलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएको अवस्थामा कसुरदार ठहर गर्नु र सुनुवाइको मौकासमेत नदिई पुरावेदन नै खारेज गर्ने गरेको उच्च अदालत पाटन हेटौंडा इजलासको फैसला कानूनसङ्गत रहे भएको नदेखिने।

प्रतिवादी गोपी खड्कालाई वन ऐन, २०४९ को दफा ४९ (घ) को कसुरमा ऐ.को दफा ५० (१) (घ) (४) बमोजिम १ वर्ष कैद र बिगो रु.१४,६५०।- को दोब्बर जरिवाना हुने ठहर गरी मकवानपुर जिल्ला अदालतले मिति २०६८।९।२७ मा गरेको फैसलाउपर प्रतिवादी गोपी खड्काले पुनरावेन दर्ता गरेको सो पुनरावेदनको विषयवस्तुभित्र प्रवेश गरी न्याय निरूपण गर्नुपर्नेमा सो नगरी अ.बं.१८० नं. बमोजिम पुनरावेदन खारेज गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७३।११।२२ को फैसला उल्टी भई प्रतिवादी गोपी खड्काले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी
कम्प्युटर - सरस्वती दाहाल
इति संवत् २०८० पुस १६ गते रोज २ शुभम्।

**५५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७८-RC-००३६, कर्तव्य ज्यान, नेपाल सरकार वि. देवेन्द्र खरेलसमेत*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर हुन "धार भएको वा नभएको जोखिमी हतियार गैहले हानी, रोपी, घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन् भन्ने व्यवस्था रहेको देखिन्छ । जबकी ऐ. १३(३) नं. मा उल्लिखित कानूनी व्यवस्था हेर्दा "लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्रकुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा" भन्ने उल्लेख भएको देखिन्छ। प्रस्तुत मुद्दामा मृतकको शरीरमा देखिएको घाउ चोटपटकको आधार र प्रकृति हेर्दा धारिलो हतियारले काटिएको हो भन्ने प्रमाणबाट प्रस्ट भइरहेको छ भने १३(३) मा उल्लिखित साधारण लाठा ढुङ्गाले हिर्काएको बोधो घाउ चोट देखिँदैन । अतः अभियोग दाबी ठहर गर्दा प्रतिवादीले के कस्तो कसुर गरेका हुन् र त्यसमा लिएको दाबीको कागज र मिसिल संलग्न प्रमाणबाट त्यस्तो कानूनमा उल्लिखित अवस्था र प्रकृति रहे नरहेको भन्ने तथ्य विचारणीय हुने।

प्रतिवादीहरूले मृतकको ज्यान लिन यो यस्तो कार्य गरेको भन्ने तथ्य वादीबाट प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीहरू वारदातस्थलमा रहेको भन्ने आधारमा मात्र मृतकलाई मार्ने मनसाय राखेको र उक्त वारदातमा संलग्नता भएको भनी कसुरदार ठहर गर्न मिल्ने देखिँदैन । वारदातस्थलमा उपस्थित थियो भन्ने तथ्य मात्र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. र १३(३) नं. को कसुर ठहर गर्ने आधार बन्न नसक्ने।

प्रतिवादीहरूले मृतकलाई मारेका हुन् भन्ने शंकारहित तवरबाट वादी पक्षले प्रमाणित गर्न सकेको देखिँदैन। मृतकको लास जाँच मुचुल्का तथा Autopsy report लगायतका प्रमाण कागजातबाट समेत यी प्रतिवादीहरूको अभियोग दाबी अनुसारको कसुरमा संलग्नता रहेको पुष्टि भएको देखिँदैन। यी

प्रतिवादीहरूले अभियोग दाबी अनुसारको कसुर गरेको प्रमाणित नभएको अवस्थामा सुरू जिल्ला अदालतले कसुरदार ठहऱ्याई गरेको फैसलालाई उच्च अदालत विराटनगर इलाम इजलासले सर्वश्वको सजाय नहुने भई जन्मकैद गरेको हदसम्म सदर गरेको फैसलामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१)नं. र १३(३) नं.को कानूनी व्यवस्थाहरूको प्रयोगात्मक र व्याख्यात्मक त्रुटि रहेको देखिँदा यी प्रतिवादीहरूको हकमा ऐ. महलको १३(३)नं. बमोजिमको सजाय गर्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादीहरू याम मेचे र नरेन्द्र भन्ने देवेन्द्र खरेललाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू पाँचथर जिल्ला अदालतबाट भएको फैसलामा सर्वस्व नहुने भई जन्मकैदको सजाय मात्र हुने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७८।०१।१३ मा भएको फैसला उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत - सरिता रिजाल

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०८० साल माघ २२ गते रोज २ शुभम्।

## इजलास नं. ११

### ५६

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी**, *०७९-WH-०१८१, बन्दीप्रत्यक्षीकरण, गणेश श्रेष्ठ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत*

कैदमा रहेका व्यक्तिबाट तोकिएको सर्त पालना भएको अवस्थामा उपर्युक्तताको आधारमा कैदबापत रकम लिई छोडिदिन मनासिब देखिए छोड्न सकिनेसम्मको अवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थामा रहेको सुविधा एक वर्ष वा सोभन्दा कम सजाय भएका सबै कैदीहरूले अधिकारको रूपमा पाउन सक्ने वा अदालतले सोबमोजिम आदेश गर्नैपर्नेसम्मको बाध्यात्मक अवस्था नभई उपर्युक्तताको आधारमा सो सुविधा दिने वा नदिने अवस्थामा अदालतबाट निर्णय हुनुपर्ने देखिन्छ । मुद्दामा रहेको कसुरको गाम्भीर्य, कसुरको प्रकृति, कसुरदारको आचरण आदि कुराहरूसमेतको मूल्याङ्कन गरी सम्बन्धित मिसिलमा रहेको आधार र प्रमाणबाट नै यो सम्बन्धमा न्यायकर्मी न्यायिक निस्कर्षमा पुग्नुपर्ने हुन्छ। तसर्थ, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) को प्रयोगको सम्बन्धमा उपर्युक्तताको जाँच गर्दा वस्तुगतरूपमा सो पुष्टि भएको देखिनुपर्ने हुन्छ र सुविधा दिएको वा नदिएको अवस्थामा समेत सो बेहोरा आदेशमा आधार कारणको रूपमा खोलिएको हुनुपर्दछ।

निवेदक विरुद्धको बहुविवाह मुद्दा चितवन जिल्ला अदालतमा दायर भई मिति २०७०।१२।१७ मा निवेदक धरौट तारेखमा रहेकोमा निजलाई सजाय गर्ने गरी चितवन जिल्ला अदालतबाट मिति २०७२।०१।०८ मा भएको फैसला पुनरावेदन अदालतबाट मिति २०७२।१०।१५ मा सदर भई अन्तिम भएर बसेको देखिन्छ । निवेदक स्वयंले पुनरावेदन गरी फैसला अन्तिम भएको अवस्था तथा सो पश्चात्समेत अदालतमा आत्मसमर्पण गर्न नआई फरार रही लामो समयपछि अर्थात् फैसला मितिभन्दा ७ वर्षपछि मिति २०७९।१०।२६ मा निवेदन लिइ दफा १५५ को सुविधा माग गरी आएको देखिँदा निजको आचरण व्यवहारबाट निजले न्याय प्रक्रियामा अदालतलाई सहयोग पुऱ्याएको भन्ने देखिन आएन। जाहेरवाला गिता श्रेष्ठ मेरो जेठी श्रीमती हुन्। उनीसँग २०६३।१०।१४ मा विवाह भई निजबाट १ छोरी गरिमा श्रेष्ठको जन्म भएको र हाल गिता श्रेष्ठको

५ महिनाको गर्भसमेत रहेको छ । विगत १ वर्षदेखि रञ्जिता गिरीसँग चिनजान भई माया प्रेम बसेको हुँदा मिति २०७०।०९।१५ मा सिन्दुर हाली मैले दोस्रो विवाह गरेको हो । उनी मेरो कान्छी श्रीमती हुन् भनी निवेदक/प्रतिवादीले अनुसन्धान तथा अदालतमा आफू कसुरमा साबित रही बयान गरेको देखिन्छ । यस प्रकार श्रीमती सँगसाथमा छँदाछँदै १ छोरीका पिता भइसकेका यी निवेदकले जेठी श्रीमती गर्भवती भएकै अवस्थामा बहुविवाहको कसुर गरी महिला विरुद्ध गरेको कसुरलाई साधारण प्रकृतिको कसुरको कोटीमा राख्न मिल्नेसमेत नदेखिने ।

निवेदक/प्रतिवादी स्वयम्ले स्वीकार गरी अदालतबाट समेत ठहर भएको कसुरमा ऐनमा तोकिएको न्यूनतम सजायसम्म भएकोमा निजले सो सजाय भएको वर्षौंसम्म फैसलालाई अवज्ञा गरी फरार रही करिब ७ वर्षपछि अदालतमा उपस्थित भई सुविधा माग गरी निवेदन दिएपछि निजलाई कैदमा पठाएको देखिन्छ । यस प्रकृतिको तथ्य भएको कसुरमा सजाय पाएका प्रतिवादीलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम सुविधा प्रदान गरी कैदमुक्त गर्दै जाने हो भने पीडित महिलालाई थप पीडा हुन जाने देखिन्छ । अतः प्रस्तुत मुद्दाको गाम्भीर्य, प्रतिवादीको आचरणलगायतका कारणबाट निवेदक प्रतिवादी गणेश श्रेष्ठलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) बमोजिम कैदबापत जरिवाना रकम लिई कैदमुक्त गर्न नमिल्ने भनी चितवन जिल्ला अदालतबाट मिति २०७९।१०।२७ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७९।११।२५ मा भएको आदेशलाई गैरकानूनी भन्न मिल्ने देखिएन । साथै, निवेदक/प्रतिवादीले पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन गर्दा आफूलाई चितवन जिल्ला अदालतबाट भएको कैद सजायको हकमा मुलुकी ऐन दण्ड सजायको महलको ११क नं. बमोजिम सुरू अदालतमा राखेको धरौट रकमबाट कैद कट्टा हुने गरी कैदबापतको रकम बुझिलिई लगत कट्टा गरिपाउँन माग गरेकोमा कसुर हुँदाको अवस्था, कसुरको प्रकृतिसमेतको आधारमा मुलुकी ऐन दण्ड सजायको महलको ११ क नं. को सुविधा दिन नमिल्ने भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१०।१५ मा आदेशसमेत भइसकेको देखिँदा उही विषयमा पटकपटक अधिकारप्राप्त अदालतहरूबाट न्यायिक विवेचना भइसकेको विषयलाई गैरकानूनी भनी बन्दीप्रत्यक्षीकरणको रोहबाट हेर्नुपर्ने अवस्थाको विद्यमानता रहेकोसमेत देखिने ।

निवेदक प्रतिवादी गणेश श्रेष्ठलाई विपक्षीहरूले गैरकानूनीरूपमा थुनामा राखेको नभई फैसला अनुसार भएको सजाय भुक्तानको लागि कानूनअनुरूप नै थुनामा राख्न पठाएको देखिन आएको अवस्थामा निवेदकले माग गरेबमोजिम गैरकानूनी त्रुटिपूर्ण थुनामा राख्ने आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा प्रदान गरी कैदमा बस्न नपर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने

इजलास अधिकृत - राजकुमार आचार्य / नीति उप्रेती

कम्प्युटर - कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल चैत्र २४ गते रोज ६ शुभम् ।

**५७**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CI-०६५१, छुट जग्गा दर्ता, मालपोत कार्यालय उदयपुर, गाइघाट वि. देविलाल चौधरी*

मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (२) मा "जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा

उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्ने छ । त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले दुई वर्षभित्र अन्तिम टुङ्गो लगाइसक्नुपर्ने छ ।" भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइन्छ । उक्त कानूनी व्यवस्थाबमोजिम कुनै पनि व्यक्तिले पिता पुर्खादेखि भोगचलन गरिआएको आफ्नो भोगमा रहेको जग्गा नापी भएको समयमा आफ्ना नाममा नापी गराई दर्ता गराउन छुट भएको रहेछ भने आफ्नो हक भोगको प्रमाणहरू पेस गरी आफ्नो भनी प्रमाणित गर्न सकेमा नापीका समयमा दर्ता हुन छुट भए पनि पछि कानूनको रीत पुऱ्याई सबुद प्रमाण हेरी जग्गा दर्ता गराउन पाउँछ। तर जग्गा छुट दर्ताका लागि दाबी गर्नेले दर्ता गर्न छुट भएका वस्तुनिष्ठ आधार, प्रमाण देखाउन सक्नुपर्ने।

प्रत्यर्थी वादीले निवेदनमा उल्लेख गरेको पराउ दास चौधरी नाममा दर्ता रहेको भनिएको देउरी माल मौजाभित्रको साबिक कि.नं. १९, ३२, २५७, ३३७, ३५३, ३७२, ३९० र भूमरसुवा मौजाको कि.नं. ५६, ५७ को जग्गाहरूमध्येको कि.नं. ३२ को ज.वि. १-०-१६, कि.नं. ३३७ को ज.वि. १-९-१५ र कि.नं. ३५३ को ज.वि. १-७-४ समेत जम्मा ज.वि. ३-१७-१५ जग्गा पराउदास चौधरीको छोरा भोलाई चौधरीले मालपोत कार्यालय उदयपुरको मिति २०३९।१२।०४ को निर्णयानुसर दर्ता गराइसकेको देखिन्छ। निवेदनमा उल्लेख गरिएका जग्गाहरू २०२८ सालमा नापी हुँदा जिल्ला उदयपुर देउरी ६ कि.नं. ३५ को ज.वि. ४१-१३-५ मा घुसी नापी भएको भन्ने निवेदन दाबी रहेको पाइन्छ । निवेदनमा उल्लेख गरिएका जग्गाहरूमध्ये कि.नं. ३२, ३३७ र ३५३ का जग्गाहरू पराउदासको छोरा भोलाई चौधरीले मिति २०३९।१२।०४ मै दर्ता गराएको देखिएको तर यी निवेदकले २०२८ सालमा नापी भएको उक्त जग्गा छुट दर्ता गरिपाउँ भनी धेरै समयपछि आएर मिति २०५२।०५।१६ मा मालपोत कार्यालय उदयपुरमा निवेदन दर्ता गराएको देखिन्छ । विवादित जग्गाहरूमा यी निवेदकको हक भोग रहेको भए समयमै आफ्नो हक भोगको प्रमाण पेस गरी समयमै दर्ता गराउनसक्नुपर्नेमा नापी भएको धेरै समयपछि दर्ताका लागि प्रक्रिया अगाडि बढाएको देखिन्छ । नापीका समयमा सो सम्पत्ति लेखाउन देखाउन छुट भएको र जग्गा (नाप जाँच) ऐनबमोजिम निर्धारित समयभित्र उजुरी गर्न नसकेको औचित्यपूर्ण आधार यी निवेदकले देखाउनुपर्नेमा सो गर्न सकेको देखिँदैन। नापी भएपश्चात् यी निवेदकले जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ८(२) ले निर्धारित गरेको म्यादभित्र उजुर गर्न नसकेको औचित्यपूर्ण कारणसहित छुट दर्ताको आधार, प्रमाण र औचित्यसमेत स्थापित गर्न नसकेको।

विपक्षी वादीले दाबी लिएको जग्गा सरकारी जग्गा भई विपक्षी वादीको नाउँमा दर्ता हुन आवश्यक प्रमाण पुगेको नदेखिएकोले विपक्षी वादीको निवेदन मागदाबीको जग्गा मालपोत ऐन, २०३४ को दफा २४(१) अनुसार व्यक्ति विशेषका नाउँमा दर्ता गर्न नमिल्ने ठहऱ्याएको सुरू मालपोत कार्यालय उदयपुरको मिति २०७२।१२।१५ को निर्णय सदर हुनुपर्नेमा सो निर्णय बदर गरी पुन: निर्णय गर्न मालपोत कार्यालय उदयपुरमा पठाइदिने ठहर गरेको उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगाको मिति २०७४।१२।१३ को फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत - ज्ञानेन्द्र दाहाल

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल असोज २३ गते रोज ३ शुभम्।

५८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-०१५०, जबरजस्ती करणी, हेमराज विश्वकर्मा वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादी हेमराज विश्वकर्माले अनुसन्धानको क्रममा आफूले अभियोग मागदाबीबमोजिमको कसुर गरेकोमा साबित रहेको देखिन्छ। मौकामा घटना विवरण कागज गर्ने गोमा पहाडी, जितबहादुर पहाडी, वस्तुस्थिति मुचुल्काका थामबहादुर पहाडी, सर्मिला मिजारसमेतले यी पुनरावेदक/प्रतिवादीले जबरजस्ती करणी गरेको थाहा पाएका हौँ भनी बकपत्र गरिदिएको आधार, प्रमाणहरूबाट पुनरावेदक/प्रतिवादी हेमराज विश्वकर्माले जाहेरवाला परिवर्तित नाम भोजपुर क (७) लाई जबरजस्ती करणी गरेको कुरालाई थप पुष्टि हुन गएको देखिने।

पुनरावेदक/प्रतिवादीले आफू र पीडिता परिवर्तित नाम भोजपुर क (७) का ससुराबिच रिसइवी भएको र सोही रिसइवीको कारण आफूउपर झुठा जाहेरी दिएको भनी पुनरावेदन जिकिर लिए तापनि पीडितका ससुरासँग के कुन विषयमा के कहिलेदेखि के कस्तो रिसइवी रहेको थियो भनी पुनरावेदक/प्रतिवादिले खुलाउन सकेको पनि देखिँदैन। जाहेरवाला पीडिता परिवर्तित नाम भोजपुर क (७) ले आफ्नो मान प्रतिष्ठा तथा अस्मितामा आँच आउने गरी यी पुनरावेदक/प्रतिवादीउपर ससुरासँग यी पुनरावेदक/प्रतिवादीको झगडा परेको थियो भन्ने आधारमा सोको बदला लिन आफूलाई जबरजस्ती करणी गरेको भनी जाहेरी दिएको हो भन्ने कथन विश्वासिलो नदेखिएको अलावा त्यस्तो झै-झगडा भएको थियो भन्ने बेहोरासमेत पुष्टि हुन सकेको देखिँदैन। सोबाहेक अन्य कुनै कारणबाट पीडित जाहेरवालाले यी पुनरावेदक/प्रतिवादी विरुद्ध बनावटी वा झुठो जाहेरी दिनुपर्ने कारण वा आरोप लगाउनुपर्ने कारणसमेत मिसिल संलग्न कागजातहरूबाट नदेखिने।

पुनरावेदक/प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान, पुनरावेदक/प्रतिवादीउपरको किटानी जाहेरी र पीडित जाहेरवालीले सुरू अदालतमा आई आफूमाथि भएको जबरजस्ती करणीको वारदातलाई सिलसिलेवार रूपमा लेखाइदिएको बकपत्र बेहोरा तथा मौकामा बुझिएका मानिसहरूको भनाइ र अदालतसमक्षको बकपत्र बेहोरासमेतका आधारमा प्रस्तुत वारदातमा यी पुनरावेदक/प्रतिवादीको संलग्नता रहेको भन्ने तथ्य स्थापित हुन आएको नै देखिने।

पुनरावेदक/प्रतिवादी हेमराज विश्वकर्माले परिवर्तित नाम भोजपुर क (७) लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(५) नं. बमोजिमको कसुर गरेको देखिँदा निज पुनरावेदक/प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गरेको र ऐ. महलको १० नं. १०ग नं. बमोजिम पीडिता परिवर्तित नाम भोजपुर क (७) लाई यी पुनरावेदक/प्रतिवादीबाट रु.५०,०००।- (रू.पचास हजार) क्षतिपूर्तिसमेत भराइदिने ठहर्‍याई सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७३।१२।१५ मा भएको फैसला र उक्त फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७४।०८।०४ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर

हुने ।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल फाल्गुण २६ गते रोज ६ शुभम् ।

५९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७५-RB-०१५७, भन्सार शुल्क लिने गरेको आदेश (निर्णय) बदर (आ.व.२०७१/०७२), दिव्यराज पोखरेल वि. प्रदिपकुमार रुङ्गटा*

प्रत्यर्थी ॐ चावोबिरो फिड इन्डष्ट्रिज प्रा.लि. मिति २०६४।०६।२३ (स्थायी लेखा नं.३०२६६१६८६) मा दर्ता भई हाल ठुलो करदाता कार्यालयअन्तर्गत रही कारोबार गरिआएको देखिन्छ । उक्त कम्पनी कुखुराको दाना उत्पादन गर्ने उद्योग रहेकोमा विवाद देखिँदैन । उक्त फर्मको मिति २०७१।१०।१३ गते राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालयबाट आकस्मिक निरीक्षण गरी बरामद गरिएको कागजातहरूको अनुसन्धान तथा परीक्षण एवम् उक्त फर्ममा अख्तियार प्राप्त व्यक्ति अर्जुनकुमार शाहले कारोबारका सम्बन्धमा दिएको बयान तथा पेस भएको अन्य सबुद प्रमाणसमेतका आधारमा आ.व.२०७१/०७२ मा आयात गरिएका मकैको दाना तथा भटमासको पिनामा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट र कृषि सुधार शुल्कमा ६८ प्रतिशत छुट हुने भन्ने आर्थिक ऐन, २०७१ को अनुसूची -१ (भन्सार महसुल) को १४(३)(त) को प्रावधानको आधारमा सुविधा लिई आयात गरिएको देखिन्छ । त्यस्तै राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैयाको मिति २०७१।१०।२७ को प्रतिवेदनको आधारमा करदाताबाट आ.व.२०७१/०७२ को श्रावण १ देखि माघ १० गतेसम्म मकैको दाना १,९२,८४,३१५ कि.ग्रा. र भटमासको पिना (Soya Deoiled Cake) ९९,१७,३६५ कि.ग्रा. आयात गरेको देखिन्छ । प्रत्यर्थीले आफ्नो उत्पादनको लागि आयात गरेकोमध्ये मकै १,४८,७३५ कि.ग्रा. र भटमासको पिना (Soya Deoiled Cake) १०,४९,३४० कि.ग्रा. कच्चा पदार्थ नै बिक्री गरेको देखिएको अवस्था छ । यस तथ्यमा प्रत्यर्थी ॐ चावोबिरो फिड इन्डष्ट्रिज प्रा.लि.ले इन्कार गरेको देखिँदैन । यसरी उद्योगको लागि कच्चा पदार्थको रूपमा भन्सार सुविधा छुट लिई ल्याइएको सो वस्तु, सो उद्योगले कुखुराको दाना उत्पादन गर्न भनी आयात गरेकोमा सो प्रयोजनको लागि प्रयोग नगरी सोही रूपमा बिक्री गरेको तथ्यमा समेत विवाद नदेखिने ।

राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, पथलैयाले प्रत्यर्थी उद्योगलाई मकैको दाना तथा भटमासको पिना आयात गर्दा कृषि सुधार शुल्कबापत भन्सार छुट दिएको सुविधालाई उद्योगले बिक्री गरेकोमा सो बिक्री गरेको मकैको दाना तथा भटमासको पिनामा दिएको भन्सार छुट असुलउपर गर्ने निर्णय मनासिब नै देखिएको हुँदा राजस्व न्यायाधिकरण काठमाडौंले भन्सार छुट सुविधा र छुट पाएको सामाग्री बिक्री गर्न पाउँछ भनी गरेको फैसला कानूनअनुकूल नदेखिने ।

करदाताले आ.व.२०७१/०७२ को अनुसन्धान प्रारम्भ भएको मितिसम्म बिक्री गरेको मकैको गेडा तथा भटमासको पिना (कच्चा पदार्थ) क्रमश: १,४८,७३५ कि.ग्रा. र १०,४९,३४० कि.ग्रा. मा आयात गर्दाका बखत लिएको भन्सार छुट सुविधा रु.१८,४३,४१७।७० भन्सार

ऐन, २०६४ को दफा ७४ अनुसार छुट महसुल दाखिला गर्न मिति २०७१।१०।२८ मा दिएको पत्र अनुसार नै कृषि सुधार शुल्क असुलउपर गर्ने गरी राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालय पथलैया, बाराका प्रमुख अनुसन्धान अधिकृतबाट भएको मिति २०७१।११।२८ को आदेश (निर्णय) कानूनविपरीतको नदेखिँदा प्रत्यर्थी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।०३।२८ मा उक्त निर्णयलाई उल्ट्याउने गरी भएको फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी हुने भई राजस्व अनुसन्धान विभाग, मध्यमाञ्चल क्षेत्रीय कार्यालयको मिति २०७१।११।२८ को आदेश (निर्णय) सदर हुने।

इजलास अधिकृत : राजकुमार आचार्य, नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल मङ्सिर ८ गते रोज ५ शुभम्।

## इजलास नं. २१

### ६०

**मा.न्या.श्री अब्दुल अजीज मुसलमान र मा.न्या. श्री सुनिलकुमार पोखरेल**, *०७९-RC-०१५०, कर्तव्य ज्यान, नेपाल सरकार वि. गुप्तबहादुर लामा*

प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेकोमा निजहरूका साक्षीले निजहरूको बयानलाई समर्थन गरी अदालतमा बकपत्र गरिदिएको पाइन्छ । घटना घटेपछि प्रतिवादीहरू फरार रहेकोमा मृतकका तथा यी प्रतिवादीहरूका घरपरिवारका सदस्य, निकटस्थ व्यक्तिहरूसमेत तथा घटना विवरण कागज, टेलिफोनको Call Details Report विवरण, वारदातस्थलबाट बरामद भएका हतियार र चीजवस्तुको प्रयोगशाला परीक्षण, मृतकको DNA परीक्षण, गुप्ताङ्गबाट लिइएका नमुनाहरूसमेतको परीक्षणपश्चात् प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूमा केन्द्रित रही अनुसन्धानको कार्य भएको देखिन्छ।

प्रतिवादीहरूले अधिकार प्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित रही बयान गर्दा हामीहरूले उक्त वारदातमा आफूहरू संलग्न रहेको, आफूहरूबाटै उक्त वारदात घटाइएको, मृतक दीपिका सुवेदीलाई प्रतिवादी रमेश थापाले घरभित्रै पसी सुरूमा मुक्काले कन्चटमा प्रहार गरी त्यसपछि त्यहीँ रहेको ढुङ्गाले प्रहार गर्दा भुइँमा ड्याम्म लडेको भनी निज रमेश थापाले नै र मृतक दीपकराज सुवेदीलाई निजले घरको ढोका खोल्नेबित्तिकै बाहिर ल्याई प्रतिवादीहरू गोपाल लामा, गुप्तबहादुर लामा र अर्जुन नेपालीले बाँस, रड, हथौडा, चक्कुसमेतले प्रहार गरी मारी परालले छोपी फरार रहेको भनी निजहरूले अनुसन्धानको क्रममा लेखाइदिएको देखिन्छ । प्रतिवादीहरूले गरेको बयान बेहोरा, मिसिल संलग्न रहेका अन्य स्वतन्त्र वस्तुनिष्ठ प्रमाणहरू बरामदी मुचुल्का, लास प्रकृति तथा घटनास्थल मुचुल्का शव परीक्षण प्रतिवेदनबाट समर्थित भई पुष्टि हुन आएको देखिन्छ। अनुसन्धानका क्रममा बयान गर्दा प्रतिवादीहरूले खुलाइदिएका घटनाअघि र पछिको घटना विवरण क्रमबद्ध तथा सिलसिलेवार बेहोरा (Sequential description) लाई अदालतमा प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार गर्दै प्रहरीले कुटपिट गरी बयान कागजमा सहीछाप गराएको भनी जिकिर लिएकै आधारमा निजहरूको कसुरमा संलग्नता रहेको थिएन भनी मान्न सकिने अवस्था हुँदैन । प्रतिवादी रमेश थापाले आफूले वारदातका समयमा लगाएको जाकेट (Jacket) गाडेको भनी बताएको

स्थानबाटै निजले लगाएको भनिएको जाकेट बरामद भएको देखिएको र अर्को प्रतिवादी गोपाल लामाले घरमा रहेको भनी बताएको जाकेट प्रहरीले बरामद गरी लगी निजलाई देखाउँदा देखी चिनी निजले सनाखतसमेत गरिदिएको देखिने।

प्रतिवादीमध्येका गोपाल लामा र गुप्तबहादुर लामा लागुऔषधका सेवनकर्ता भएका, सोही दिन पनि निजहरूले गाँजा, रक्सी तथा सिरिन्जको प्रयोग गरी लागुऔषधको सेवन गरेको भन्ने प्रतिवादीहरूका अतिरिक्त रक्सी तथा सिरिन्ज बेच्ने व्यक्तिहरूले समेत खुलाइदिएको पाइन्छ । सोही क्रममा आफूहरूलाई निर्वाध रूपमा लागु औषधको प्रयोग गर्दैआएको क्षेत्रमा मृतक दीपकराज सुवेदीले बाधा व्यवधान सिर्जना गरेको र सोही रिसइबीको बदला लिन प्रतिवादी गोपाल लामाको प्रस्तावमा अन्य प्रतिवादीहरूसमेतले सहमति जनाई रातिको शान्त समयमा यी प्रतिवादीहरूले आपसमा सरसल्लाह गरी योजना बनाई मृतकका घरतर्फ गई बोलाई घरबाट बाहिर तानी प्रतिवादी रमेश थापा एक्लै घरभित्र पसी मृतकमध्येका दीपिका सुवेदीलाई मुक्का र ढुङ्गाले टाउकोमा प्रहार गरी मारेको र प्रतिवादी गोपाल लामा, गुप्तबहादुर लामा र अर्जुन नेपालीले मृतकमध्येका दीपकराज सुवेदीलाई बाँस, रड, हथौडा, चक्कुसमेतले प्रहार गरी मारी परालले छोपी फरार रहेको देखिएकोले वारदातको प्रकृति र अवस्थाबाट प्रतिवादीहरूकै कर्तव्यबाट मृतकहरूको मृत्यु भएको कुरामा विवाद रहेको नदेखिने।

प्रतिवादीहरूले नियोजित रूपमा परस्पर मतसल्लाह गरी अभियोग दाबीबमोजिम मृतक दिपक सुवेदी र दिपिका सुवेदीलाई कर्तव्य गरी मारेको भन्ने मिसिल प्रमाणबाट पुष्टि हुन आएकोले प्रतिवादीहरू रमेश थापा, गोपाल लामा, गुप्तबहादुर लामा र अर्जुन नेपालीले मृतकद्वय दीपकराज सुवेदी तथा दिपिका सुवेदीलाई कर्तव्य गरी मारेकोले प्रतिवादीहरूले अभियोग दाबी अनुसार साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरीतको कसुर गरेको ठहरी प्रतिवादीहरूलाई जन्मकैद सजाय हुने गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७६।०३।११ गते भएको फैसला मिलेकै देखिने।

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।३।११ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत - सूर्यप्रसाद भण्डारी

कम्प्युटर - चन्द्रावती तिमल्सेना

इति संवत् २०८० माघ २४ गते रोज ५ शुभम्।

## ६१

**मा.न्या.श्री अब्दुल अजीज मुसलमान र मा.न्या.श्री सुनिल कुमार पोखरेल,** *०७५-CR-०९६९, ०७८-RC-०११६, कर्तव्य ज्यान र चोरी, नेपाल सरकार वि. राजु बस्नेतसमेत, नेपाल सरकार वि. राजु बस्नेतसमेत*

प्रतिवादी राजु बस्नेत तथा किशोरकुमार राईलाई जन्मकैदको सजाय हुने ठहऱ्याई गरेको उच्च अदालत पाटनको फैसला मिलेको छ छैन ? भन्ने सम्बन्धमा हेर्दा किशोरकुमार राईले मेरो दुई वटी श्रीमती छन्। पहिलेको श्रीमती र बच्चाहरूले कान्छी श्रीमतीलाई टुङ्गो लगाउ भनेका छन् । यो काम गरेबापत म तिमीलाई रु.६,००,०००।– दिउँला भनेको र काठमाडौं तीनकुनेमा निजले एक लाख रूपियाँ सागर थापा र मलाई दिएको हो । बाँकी रकम पछि दिउँला भनेको र जेलमा परेमा म छुटाउँला भनी भनेकोले मैले किशोर राईको

कसुरमा संलग्नताको सम्बन्धमा अदालतमा बयान गर्दा उल्लेख गरेको होइन भनी घटना विवरणमा कागज गरेकोमा अनुसन्धानकै क्रममा पुनःबयान गर्दा किशोर कुमार राईले देखाएको पैसाको प्रलोभनमा परी ईश्वरी थापा राईलाई कर्तव्य गरी मारेको भनी कसुर गरेको कुरा स्वीकार गरी बयान गरेको र अदालतमा बयान गर्दा किशोरकुमार राई कोठामा नभएको बेलामा निजको कोठामा गएका र ईश्वरी थापा राईले हामीहरूलाई बस भनेपछि हामी बसेका हौँ। हामीहरू गफ गरिरहेको बेलामा एक्कासि सागर थापाले ईश्वरी थापा राईको टाउकोमा इँटाले हानेको र मैले काठको टुक्राले मृतकको टाउकोमा हानेको हुँ। सागर थापाले घाँटी च्यापेको र भोटेले सिरानीले मुख च्यापी ईश्वरी थापा राईलाई मारेका हौँ। त्यसपछि भोटे र मैले दराज खोली क्यामरा र मोवाइलसमेतका सामान चोरेका हौँ भनी उल्लेख गरी बयान गरेको अवस्था देखिँदा प्रतिवादी किशोरकुमार राईले बनाएको योजना अनुसार यी प्रतिवादी राजु बस्नेतले ईश्वरी थापा राईलाई कर्तव्य गरी मारी घरमा भएको मोवाइललगायतका सामानहरू प्रतिवादी राजु बस्नेतले चोरेको घटना प्रमाणित भइरहेको देखिँदा यी दुवै जना प्रतिवादीहरू किशोरकुमार राई तथा राजु बस्नेतकै संलग्नतामा ईश्वरी थापा राईको मृत्यु भएको देखिने।

प्रतिवादी राजु बस्नेतसमेतउपर वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा निज प्रतिवादीले मौकामा मैले चाबी खोजी दराजका क्यामरा, मोवाइलसमेत निकाली साथी भोटेको झोलामा राखेको भनी क्यामरा र मोबाइल चोरी गरेको तथ्यमा साबित भई अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत सोही बेहोरा मिलानको बयान गरेको देखिन्छ। प्रतिवादी राजु बस्नेतले मृतकको घरबाट क्यामरा र मोबाइल चोरी गरेको तथ्यमा साबित भई बयान गरेको र सो सामान निजले बेचेको भनिएका व्यक्तिको साथबाट बरामदसमेत भएको देखिएकोमा निजले मुलुकी ऐन, चोरीको १ नं. विपरीत १२ नं. को कसुर गरेकै देखिन आयो। निजलाई चोरीको कसुरमा के कति सजाय हुने र अभियोग दाबीबमोजिम नगद र मुभी क्यामरासमेतको बिगो रु.१,४७,०००/- रूपियाँ बराबरको धनमाल कायम हुने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा निजले मृतकको घरबाट क्यामरा र मोबाइलसम्म चोरी गरेको तथ्यमा साबित भई बयान गरेको देखिएको छ। निज प्रतिवादी राजु बस्नेतले मृतकको घरबाट चोरी गरी लिएका सामानहरूमध्ये Digital Camera र Samsung मोबाइल फोन प्रतिवादी सविन श्रेष्ठको साथबाट बरामद भएको देखिन्छ। क्यामरा र मोवाइलको मूल्य रु.१५,०००/- र १०,०००/- गरी जम्मा रु.२५०००।- पर्ने भनी मूल्य मुचुल्काबाट खुल्न आएको देखिन्छ। क्यामरा र मोवाइलबाहेक जाहेरवालाको अन्य नगदलगायत चोरी भएको भनिएका अन्य कुनै चिजवस्तुहरू बरामद भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिँदैन। वादी पक्षले बिगो बराबरको समानहरू चोरी भएको भनी वस्तुनिष्ट प्रमाणहरूबाट पुष्टि गर्न नसकेको अवस्थामा केवल जाहेरीमा उल्लेख गरेकै आधारमा अभियोग दाबीको बिगो कायम हुन नसक्ने।

प्रतिवादी किशोरकुमार राईले आफ्नै पत्नीलाई ज्यान मार्नमा प्रतिवादी राजु बस्नेतलाई वचन दिएको देखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ (४) नं. बमोजिम जन्मकैदको सजाय हुने, प्रतिवादीमध्येको राजु

बस्नेतलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने र निजले मुलुकी ऐन, चोरीको १ नं. विपरीत १२ नं. को पहिलोपटक कसुर गरेको देखिएकोले बरामदी क्यामरासमेतको जम्मा बिगो रु.२५,०००/- को धनमाल बरामद भएकोले चोरीको १२ नं.बमोजिम १ महिना कैद र रु.२५,०००/- जरिवानासमेत हुने तथा प्रतिवादीहरू मुक्तिशरण श्रेष्ठ र सविन श्रेष्ठ र विष्णुप्रसाद ढुंगानाको अभियोग मागदाबीको कसुर गरेको पुष्टि नभएकोले निजहरूले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ भनी उच्च अदालत पाटनले मिति २०७४।१०।२९ मा गरेको फैसला कानूनअनुरूप नै भए गरेको देखिने।

प्रतिवादी किशोरकुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (४) नं. बमोजिम तथा राजु बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैद र चोरीको महलको १२ नं. बमोजिम १ महिना कैद र रु.२५,०००/- जरिवाना हुने ठहऱ्याई भएको फैसला साधक सदर हुने साथै प्रतिवादीहरू सविन श्रेष्ठ, मुक्तिशरण श्रेष्ठ र विष्णुप्रसाद ढुंगानाले अभियोग मागदाबीबाट सफाइ पाउने भनी उच्च अदालत पाटनले मिति २०७४।१०।२९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत - सुर्यप्रसाद अधिकारी

कम्प्युटर - सरस्वती दाहाल

इति संवत् २०८० साल माघ २४ गते रोज ४ शुभम्।